CC-0.In Public Domain. Digitization by eGangotri

नेपालका चौँसठ्ठी ज्योतिर्लिङ्ग

(लोकलयमा)

प्रा. डा. विद्यानाथ कोइराला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

नेपालका
चौँसट्ठी ज्योतिर्लिङ्ग
(लोकलयमा)

प्रा. डा. विद्यानाथ कोइराला

हिमवत् आर्ष प्रज्ञा
ललितपुर, नेपाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रथम संस्करणः वि.सं. २०७८ माघे सङ्क्रान्ति, (२०२२ जनवरी)

प्रकाशकः

हिमवत् आर्ष प्रज्ञा
पो.ब.नं. ८९७५ इ.पि.सि. १८६८, काठमाडौं, नेपाल ।
फोन : +९७७-९८५११४०७०१
वेबसाइट : www.himavat.org

मूल्य रु. १३०।-

ISBN : 978-9937-1-1230-7

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

प्रकाशकीय

CC-0.In Public Domain. Digitization by eGangotri

नेपाल भगवान् पशुपतिनाथद्वारा संरक्षित राष्ट्र हो । भगवान् किराँतेश्वर यहीँ क्रीडा गर्नुहुन्छ र विहारको मन हुँदा यहीँ मृगरूप धारण गरी आनन्दपूर्वक विचरण गर्नुहुन्छ । देवी पार्वतीको जन्मस्थल यही हो । यहीँ देवी पार्वतीले जया विजया आदि सखीहरूका साथ शिवमय बाल्यक्रीडाहरू गर्नुभयो, यहीँ शिवप्राप्तिका निमित्त कठोर तपस्या गर्नुभयो र सफलताका साथ शिवसँग तन्मय हुँदै अर्धनारीश्वर बन्न सफल हुनुभयो । तसर्थ यो शिवभूमि हो । यस देशका गिरिकन्दराहरूले कयौँ साधक ऋषिमुनिहरूलाई सिद्धि प्रदान गरेको छ । विद्येश्वर भगवान् शङ्करको उपासनाद्वारा यहीँ परम शाश्वत ज्ञान प्राप्त गरेका छन् तसर्थ यो तपोभूमि हो, ज्ञानभूमि हो र वेदभूमि हो । भगवान् शङ्करको सर्वप्रिय भूमि भएका कारण यस देशभित्र एक दृष्टिमा अनेक शिवालयहरू भेटिन्छन् । यस्ता अनेक शिवालयहरूमध्ये भगवान् पशुपतिनाथको वरिपरि सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, ललितपुर, मकवानपुर, धादिङ, नुवाकोट, काठमाडौँ र भक्तपुरमा रहेका चौँसठ्ठी ज्योतिर्लिङ्गहरू धार्मिक र सांस्कृतिक महिमाका दृष्टिले समुन्नत छन् । नेपालको जातीय संस्कृतिलाई परस्परसापेक्ष बनाई पारस्परिक सद्भाव र सहिष्णुताले समन्वित नेपाली समाज बनाउन यी ज्योतिर्लिङ्गहरूको महत्त्वपूर्ण भूमिका छ । आर्थिकताको नजरबाट मात्र संसार हेर्ने आजको सरकारी संयन्त्रहरूका लागि यी ज्योतिर्लिङ्गहरू अत्यन्त महत्त्वपूर्ण छन् किनकि प्रचार प्रसार गरी यिनको धार्मिक, सांस्कृतिक र सामाजिक महत्त्व बुझाउन सके आन्तरिक र बाह्य दुवै पर्यटनले विकासको बाटो समाउन सक्नेमा दुई मत छैन । कुशेश्वरदेखि रुद्रागारेश्वरसम्मका यी चौँसठ्ठी ज्योतिर्लिङ्गहरूको महिमा स्कन्दपुराणले हिमवत्खण्डमा मुक्तकण्ठले गाएको छ । यी ज्योतिर्लिङ्गहरूको दर्शन गरी भगवान् पशुपतिनाथको दर्शन गर्नुको अत्यन्त ठूलो महिमा रहेको कुरामा स्कन्दपुराण विश्वस्त छ । संस्कृत भाषा र संस्कृतका जटिल छन्दहरूमा आबद्ध स्कन्दपुराणको ज्योतिर्लिङ्गमहिमालाई नेपाली जनमानसले सजिलै टिप्न सक्ने नेपाली भाषा र नेपाली हृदयकै झङ्कारका रूपमा स्थापित लोकलयमा निबद्ध गर्नु प्रा. डा. विद्यानाथ कोइरालाको स्तुत्य कार्य हो । ज्योतिर्लिङ्गको पौराणिक महत्त्व मात्र नभई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

यसले तिनीहरूको भौगोलिक र सामाजिक अवस्थासमेतको सङ्केत गरेको छ। तसर्थ यो नेपाली समाजलाई चौंसठ्ठी ज्योतिर्लिङ्गको धार्मिक, सांस्कृतिक, सामाजिक र भौगोलिक परिचय दिन सफल हुनेछ भन्नेमा हामी पूर्णतः विश्वस्त छौं। भगवान् शङ्करप्रति आस्था राख्ने सबैका निमित्त यो उत्कृष्ट कृति हो। यस्तो महनीय कृतिको प्रकाशनको जिम्मा दिई हामीलाई भगवान् शङ्करप्रति सानो पुष्पोपहार अर्पण गर्ने अवसर प्रदान गर्नुभएकोमा यस कृतिका रचनाकार प्रा. डा. विद्यानाथ कोइरालाप्रति हृदयदेखि नै सादर आभार प्रकट गर्दछौं। यसै गरी चौंसठ्ठी ज्योतिर्लिङ्गको महिमागान खण्डको भाषा सम्पादन गर्नुहुने आचार्य श्रीशिवराज लामिछाने र श्रीपर्वतराज घिमिरे प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

CC-0 In Public Domain. Digitization by eGangotri

विनीत

कल्पना घिमिरे

अध्यक्ष

हिमवत् आर्ष प्रज्ञा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

संस्कृतिको संरक्षणमा स्तुत्य प्रयास

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक सनातनीहरूका बीच साउन महिनामा शिवपूजनको व्यापक अभ्यास रहेको छ । यो चौंसठ्ठी ज्योतिर्लिङ्ग माहात्म्यलाई साउनमा शिवस्वस्थानीका रूपमा पढियोस् र परिशीलन गरियोस् भन्ने सङ्कलक/लेखकको अपेक्षा रहेको देखिन्छ । ज्योतिर्लिङ्गका खोजीमा नेपालीहरूलाई भारततिर भौंतारिनु नपरोस्, आफ्नै देशको राजधानीका आसपासमा रहेका स्कन्दपुराण हिमवत्खण्डमा वर्णन गरिएका चौंसठ्ठी ज्योतिर्लिङ्गको दर्शन र पूजन गर्ने चलन चलोस् भन्ने पनि सदाशय लेखकको देखिन्छ । त्यसैले यो *जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी*को सम्यक् प्रस्तुति पनि हो चौंसठ्ठी ज्योतिर्लिङ्ग माहात्म्य ।

स्कन्दपुराणमा चौंसठ्ठी ज्योतिर्लिङ्गको जस्तै द्वादश ज्योतिर्लिङ्गको पनि माहात्म्य लिपिबद्ध छ । ती द्वादश ज्योतिर्लिङ्गहरूमध्ये केदारेश्वरको शिरका रूपमा मानिएको पशुपतिनाथ नेपालमा पर्दछ । भारतीयलगायतका वैदिक परम्परामा आधारित हिन्दुहरूले पशुपतिनाथको दर्शनपछिमात्र बाह्र ज्योतिर्लिङ्गको दर्शन पूर्ण हुने विश्वास राख्ने गरेको र नेपाल आएर पशुपतिनाथको दर्शन र पूजन गर्ने परम्परा रहेको पाइन्छ ।

पं.चित्रप्रसाद सुवेदी अध्यात्मका प्रचारक, आचार विचारप्रति निष्ठावान् तथा अत्यन्त क्रियाशील समाजसुधारक व्यक्ति हुनुहुन्थ्यो । उहाँले वैदिक सनातन कर्मकाण्ड महासङ्घ नेपालको स्थापना र सञ्चालनमा आजीवन अगुवाइ गर्नुभएको पाइन्छ । त्यस संस्थाको वैदिक सनातन परम्परालाई युगअनुसार परिमार्जन गर्दै जानुपर्छ भन्ने विश्वासका आधारमा सुधारमुखी अभ्यास गतिविधिमा उहाँ संलग्न हुनुहुन्थ्यो ।

उहाँका सङ्ग्रहमा चार वेद, सबैजसो उपनिषद्हरू, स्मृतिहरू, अठारै पुराण, रामायण, महाभारत, धर्मसिन्धु, निर्णयसिन्धु लगायतका वैदिक सनातनीहरूका दैनन्दिनसँग जोडिएका पुस्तकहरू थिए । उहाँले किन स्कन्दपुराण हिमवत्खण्ड नेपाल माहात्म्य नै रोज्नुभयो र अनुसन्धानकै रूपमा स्थलगत भ्रमण, खोज र सामग्री सङ्कलन गरेर त्यो चौंसठ्ठी ज्योतिर्लिङ्ग माहात्म्य लेखी पुस्तकाकार रूपमा छपाइ गरेर वितरण गर्नुभयो ? चौंसठ्ठी ज्योतिर्लिङ्ग माहात्म्य अनुसन्धेय छ । त्यसैले उहाँको अभ्यास अनुकरणीय पनि छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

यसै सन्दर्भमा अर्को थप पाइला पनि चालिएको छ, जुन अत्यन्त
CC-0.In Public Domain. Digitization by eGangotri
सान्दर्भिक र स्तुत्य छ। यहाँ चौंसठ्ठी ज्योतिर्लिङ्ग माहात्म्यलाई लोकलयमा ढालिएको छ। लोकजीवनमा चलेको लयमा लेखिनु चौंसठ्ठी ज्योतिर्लिङ्ग माहात्म्यलाई जनजीवनमा पुऱ्याउने एक सशक्त प्रयास हो। प्रा. डा. विद्यानाथ कोइरालाले यो स्तुत्य कर्म सम्पन्न गर्नुभएको छ। उहाँको यो प्रयास हेर्दा लाग्छ, हाम्रो संस्कृतिका रूपमा रहेका वैदिक परम्पराका असल अभ्यासहरू मौलाऊन्, त्यसका आलोकमा समाज उज्यालियोस् र समृद्धितर्फ लागोस् भन्ने भावना अभिव्यक्त भएको छ। चौंसठ्ठी ज्योतिर्लिङ्गको दर्शन र पूजन गर्ने चलन चलोस्, नेपालीहरूले नेपालकै देवस्थलहरूको भ्रमण गरून् र धार्मिक पर्यटनको अभिवृद्धि होस् भन्ने सदाशय पनि उहाँमा अन्तर्निहित रहेको देखिन्छ। यो कर्म उहाँको जीवनमा रहेको बहुआयामिकताको प्रकटीकरण पनि हो। शिक्षाक्षेत्रका कामकाजी सृजनाको ठूलो भण्डार निर्माण गरी नेपालीहरूलाई कोसेली दिने शैक्षिक अभियन्ता गुरु विद्यानाथको यो सांस्कृतिक एवं साहित्यिक प्रस्तुतिको म मुक्तकण्ठले प्रशंसा गर्दछु।

यो पुस्तक छापियोस्, जनजनमा पुगोस्, अझ यो पुस्तकका गीतहरू गाइयून्, यसमा सङ्गीत जोडियोस्, सशक्त गायनका साथै श्रव्य अनि दृश्यको पनि बन्दोबस्त हुन सकोस्। यस सम्यक् कार्यको पूर्ण सफलताको हार्दिक कामना गर्दछु।

भारद्वाज मित्र

'मित्रवास' सिर्जनाबस्ती, बुढानीलकण्ठ– १२
घटस्थापना २०७८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विषय सूची

प्रकाशकीय

संस्कृतिको संरक्षणमा स्तुत्य प्रयास

नेपालका चौंसठ्ठी ज्योतिर्लिङ्गहरूको नक्सा

नेपालका चौंसठ्ठी ज्योतिर्लिङ्ग

१. कुशेश्वर महादेव, दुम्जा, सिन्धुली १
२. भीमेश्वर महादेव, दोलखा ३
३. काफीश्वर महादेव, बाह्रबिसे, सिन्धुपाल्चोक ३
४. कश्यपेश्वर महादेव, मण्डन, काभ्रेपलाञ्चोक ४
५. स्फटिकेश्वर महादेव, फटकशिला, सिन्धुपाल्चोक ५
६. चण्डेश्वर महादेव, बनेपा, काभ्रेपलाञ्चोक ७
७. धनेश्वर महादेव, बनेपा, काभ्रेपलाञ्चोक ८
८. विकटेश्वर महादेव, साँगा, काभ्रेपलाञ्चोक ९
९. इन्द्रेश्वर महादेव, पनौती, काभ्रेपलाञ्चोक १०
१०. भालेश्वर महादेव, रोसी, काभ्रेपलाञ्चोक १२
११. गुप्तेश्वर महादेव, भारदेउ, ललितपुर १३
१२. तिलेश्वर महादेव, लेले, ललितपुर १४
१३. चम्पकेश्वर महादेव, लेले, ललितपुर १६
१४. रामेश्वर महादेव, टीकाभैरव, ललितपुर १७
१५. कालेश्वर महादेव, गोटीखेल, ललितपुर १९
१६. नटारम्भेश्वर महादेव, ठिङ्गन, मकवानपुर २०
१७. उद्दालकेश्वर महादेव, छैमले, काठमाडौँ २१
१८. गोपालेश्वर महादेव, फर्पिङ, काठमाडौँ २२
१९. चम्पेश्वर महादेव, विसङ्खेल, मकवानपुर २४
२०. उन्मत्तेश्वर महादेव, टिष्टुङ, मकवानपुर २५
२१. नन्दिकेश्वर महादेव, टिष्टुङ, मकवानपुर २६
२२. गोखुरेश्वर महादेव, कुन्छाल, मकवानपुर २७
२३. पाण्डुकेश्वर महादेव, पालुङ, मकवानपुर २८
२४. कूटेश्वर महादेव, महादेवखर्क, मकवानपुर ३०
२५. असितेश्वर महादेव, आलेश्वर, धादिङ ३१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२६. भैरवेश्वर महादेव, देवीघाट, नुवाकोट ३२
२७. ब्रह्मेश्वर महादेव, कविलास, नुवाकोट ३३
२८. कार्तिकेश्वर महादेव, कविलास, नुवाकोट ३४
२९. शतरुद्रेश्वर महादेव, शिवपुरी, काठमाडौं ३६
३०. काकेश्वर महादेव, गागलफेदी, काठमाडौं ३७
३१. मणिचूडेश्वर महादेव, मणिचूड पर्वत, काठमाडौं ३८
३२. योगेश्वर महादेव, बज्रयोगिनी, काठमाडौं ४०
३३. नारायणेश्वर महादेव, लप्सीफेदी, काठमाडौं ४१
३४. ज्योतिर्लिङ्गेश्वर, साँखु, काठमाडौं ४३
३५. रत्नचूडेश्वर महादेव, नगरकोट, भक्तपुर ४४
३६. वागीश्वर महादेव, वागीश्वर, भक्तपुर ४५
३७. कीलेश्वर महादेव, चाँगुनारायण, भक्तपुर ४६
३८. वाल्मीकेश्वर महादेव, भक्तपुर ४८
३९. मङ्गलेश्वर महादेव, उलाछें, भक्तपुर ५०
४०. विमलेश्वर महादेव सिपाडोल, भक्तपुर ५१
४१. अनन्तलिङ्गेश्वर महादेव, भक्तपुर ५२
४२. विश्वरूपेश्वर महादेव, भक्तपुर ५३
४३. सोमेश्वर महादेव, गुण्डुखोला, भक्तपुर ५५
४४. गोभराटेश्वर महादेव, लुभु, ललितपुर ५७
४५. भृङ्गेश्वर महादेव, सुनाकोठी ललितपुर ५८
४६. त्रिलिङ्गेश्वर महादेव, पाटन, ललितपुर ५९
४७. कुपितेश्वर महादेव, पाटन, ललितपुर ६०
४८. सर्वेश्वर महादेव, पाटन, ललितपुर ६१
४९. गोलोकेश्वर महादेव, नैकाप, काठमाडौं ६३
५०. चन्दनभराटेश्वर महादेव, थानकोट, काठमाडौं ६४
५१. यक्षेश्वर महादेव, सीतापाइला, काठमाडौं ६६
५२. चण्डिकेश्वर महादेव, टोखा, काठमाडौं ६७
५३. धर्मेश्वर महादेव, टोखा, काठमाडौं ६८
५४. गोकर्णेश्वर महादेव, गोकर्ण, काठमाडौं ६९
५५. कोटीश्वर महादेव, कोटेश्वर, काठमाडौं ७१
५६. वाणेश्वर महादेव, बानेश्वर, काठमाडौं ७२
५७. ज्ञानेश्वर महादेव, ज्ञानेश्वर, काठमाडौं ७३
५८. पर्वतेश्वर महादेव, पशुपति, काठमाडौं ७४
५९. जलेश्वर महादेव, पशुपति, काठमाडौं ७५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

६०. गुह्येश्वर महादेव, गुह्येश्वरी, काठमाडौँ ७७
६१. किराँतेश्वर महादेव, मृगस्थली, काठमाडौँ ७८
६२. भस्मेश्वर महादेव, पशुपति, काठमाडौँ ८०
६३. भुवनेश्वर महादेव, पशुपति, काठमाडौँ ८१
६४. रुद्रागारेश्वर महादेव, पशुपति, काठमाडौँ ८२

नेपालका धार्मिक स्थलहरूको परिक्रमण ८५

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal



CC-0.In Public Domain. Digitization by eGangotri
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

नेपालका चौँसट्ठी ज्योतिर्लिङ्ग

CC-0. In Public Domain. Digitization by eGangotri

१. कुशेश्वर महादेव, दुम्जा, सिन्धुली

ज्योतिर्लिङ्ग चौँसट्ठी छन् नेपालमै हाम्रा ।
ने मुनि र विरूपाक्ष संवादले भन्दा ॥
राष्ट्रदेव पशुपति मध्य भागमा राखौँ ।
पूर्वतिर कुशेश्वर पहिले पूजा गरौँ ॥
आदिलिङ्ग कुशेश्वर कोशीतटमा पर्छ ।
कुशेश्वरको दर्शनले सारा पाप टर्छ ॥
ने मुनिको ध्यानक्षेत्र कुशिकको स्थान ।
विश्वामित्र यहीँ गर्थे गायत्रीको गान ॥

ॐ भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो
देवस्य धीमहि धियो यो नः प्रचोदयात्

अझै गुफा त्यहीँ नै छ जहाँ बस्थे उनी ।
ब्रह्म ऊर्जा पाए यहीँ गायत्रीमा रमी ॥
कुशिकको तपःस्थली कौशिकीको क्षेत्र ।
महादेव बस्नुभयो यही क्षेत्रभित्र ॥
कुशिक ऋषि पूजा गर्थे भक्तिमा डुबेर ।
उनकै नामबाट बन्यो पीठ कुशेश्वर ॥
अर्को तीर्थ नजिकै छ कुशेश्वरबाट ।
पार्वतीको तीर्थ हो यो नाम दुर्गाघाट ॥
निशुम्भ र शुम्भलाई यहीँ वध गरी ।
खड्ग जहाँ धुनुभयो दुर्गाघाट झरी ॥
मार्कण्डेय लेख्ने गर्थे पुराणका कथा ।
हेमकूट चित्रकूट कामकूटबाट ॥
मार्कण्डेय ऋषि बसी ध्यान गरेको स्थल ।
तपोवनले ऋषिमुहार थियो झलमल ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पितृतीर्थ यसैलाई सबले भन्ने गर्छन् ।
यस क्षेत्रमा आउन पाए पितृ दङ्ग पर्छन् ॥
कामकूट रामेछाप, चित्रकूट काभ्रे ।
हेमकूट सिन्धुली हो त्रिकूट हो हाम्रै ॥
बालाचतुर्दशी ठूलो मेला लाग्ने गर्छ ।
शिवरात्रि, तीजमा पनि तीर्थ जाग्ने गर्छ ॥
माघकृष्णद्वितीयामा विरूपाक्ष पुगे ।
ज्ञान लिई चतुःषष्टि ज्योतिर्लिङ्ग घुमे ॥
सुनकोशी रोशी खोला सङ्गममा जाऔँ ।
कुशेश्वर महादेवको दर्शन गरी आऔँ ॥
पेटारो छ यही पीठको वराहथान पनि ।
ध्यानमग्न हुनलाई पवित्र यो भूमि ॥
दर्शन गरौँ आदिलिङ्ग कुशेश्वर बाबा ।
हृदयमा वास गरून् उमापति शिव ॥

जय बाबा जय बाबा कुशेश्वर जय ।
जय जय आदिलिङ्ग ज्योतिर्लिङ्ग जय ॥

व्यासजीको स्कन्दपुराण हिमवत्खण्डमा ।
पाइन्छ यो कथा पढ्न नेपाल माहात्म्यमा ॥

मध्ये सर्वगरिष्ठानामेतेषां क्ष्माभृतां मुने ।
पाशुपतं महाक्षेत्रं सन्ततं प्रविराजते ॥
एतैः सार्द्धं भृशं भूयः सततं हि घटोद्भवः ।
क्षेत्रं नेपालकं पुण्यं तीर्थैर्लिङ्गैस्तस्थामरैः ॥
आदिलिङ्गं स्थितं यत्र कौशिक्याश्च तटोत्तमे
कुशेश्वर इति ख्यातं तन्नेपालो विराजते ॥
(७/१२-१४)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

२. भीमेश्वर महादेव, दोलखा

ताम्रचूड पर्वतमा नागतीर्थ पर्छ ।
यस तीर्थको दर्शनले सारा कष्ट हर्छ ॥
दुर्गा देवी जागृत भई कालकलाई मारी ।
यतैतिर घुम्नुहुन्छ त्रिशूल हातमा धारी ॥
महादुर्गा, माहेश्वरी, ब्राह्मी एकै भई ।
सत्यलाई जिताएथे एकजूट भई ॥
रुद्रसरमा मुक्तिधाम विरूपाक्ष पुगे ।
स्नान, पूजा, न्यास, ध्यान यहीँ यिनले गरे ॥
माघकृष्णद्वितीयामा उनले पूजा गरे ।
पर्वपूजा दर्शन हुन्छ चतुर्दशी पुगे ॥

भीम बन्ने तिनै देव महादेव तिनै ।
जय बाबा, भीमेश्वर ज्योतिर्लिङ्ग तिनै ॥

स्कन्दपुराण हिमवत्खण्ड नेपाल माहात्म्यले ।
भीमेश्वर ज्योतिर्लिङ्ग लेखिदियो स्पष्टले ॥
पुण्य मिल्छ सबैलाई तिनको दर्शन गरे ।
मनको इच्छा पूरा होला पूजा तिनको गरे ॥

भीमेश्वर इति ख्यातो भवता तत्र मे विभो ।
तस्यैव चोद्भवं चैव तत्कथां च मुनीश्वर ॥
(९०/७)

३. काफीश्वर महादेव, बाह्रबिसे, सिन्धुपाल्चोक

भोटेकोशी सुनकोशी मिसिएको क्षेत्र ।
काफी भन्ने शिवभक्त बस्थे यहीँभित्र ॥
ध्यान, पूजा, जप, पाठ सधैँ उनी गर्थे ।
शिवलाई खुसी पारी वर माग्ने गर्थे ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
आशुतोष शिव पनि खुसी हुनुभयो ।
काफीलाई आफ्नो रूप दर्शन दिनुभयो ॥
शिव यहीँ बस्नुभयो काफीश्वर बनी ।
कश्यपकी छोरीलाई मुक्ति दिने उनी ॥
कुरूपा हो तिनको नाउँ कुकर्म नै गर्थिन् ।
सुनकोसी नदी तर्दा त्यहीँ डुबी मरिन् ॥
काफीश्वर महादेव तीर्थ क्षेत्रनेर ।
पापबाट मुक्त भइन्, पाप पखालेर ॥
सङ्क्रान्तिमा स्नान, ध्यान शिवरात्रि मेला ।
हामी पनि जाऔँ घुम्न हेरी तिथि बेला ॥
मङ्सिरकृष्णचतुर्दशी, तीजमा पनि लाग्छ ।
यो बेलामा दर्शन गर्दा भक्तिभाव जाग्छ ॥
माघकृष्णद्वितीयामा विरूपाक्ष पुगे ।
काफीश्वर महादेवको दिव्य दर्शन गरे ॥

जय बाबा काफीश्वर जय बाबा जय ।
सदा शिव जय बाबा ज्योतिर्लिङ्ग जय ॥

स्कन्द पुराण, हिमवत्खण्ड नेपाल माहात्म्यले ।
थाहा पाइयो छ्याङ्ग पारीकन लेख्दिनाले ॥

भूयो जगाम विप्रोऽसौ याम्ये दिशि महत्तरे ।
मुनिना सह भक्त्या वै यत्र काफीश्वरो विभुः ॥
(९१/२)

४. कश्यपेश्वर महादेव, मण्डन, काभ्रेपलाञ्चोक

गौरीकुण्ड सरस्वतीकुण्ड जहाँ पर्छ ।
त्यहाँ पुग्ने भक्त संसारसागर पार तर्छ ॥
कर्दमकी पुत्री कला यै तीर्थमा जन्मिन् ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
मरीचिकी धर्मपत्नी पछि उनी बनिन् ॥

CC-0.In Public Domain. Digitization by eGangotri

कलाबाट कश्यप बने देवताका पिता ।
उनकै पुण्य तपोभूमि पर्ने गर्छ यता ॥
यहीं बसी महादेवको उनी ध्यान गर्थे ।
दर्शन दिन महादेव कैलाशबाट झर्थे ॥
कश्यपकै नामबाट कश्यपेश्वर भयो ।
भवसागर तर्छ ऊ जो यो तीर्थमा गयो ॥
पापाक्रान्त म्लेच्छ पनि मुक्त भएको छ ।
कश्यपकै नामबाट सृष्टि चलेको छ ॥
डाँडा काँडा कश्यपकै सन्ततिको राज ।
पुण्य तीर्थ कश्यपेश्वर नेपालको माझ ॥
बालाचतुर्दशी शिवरात्रि मेला लाग्छ ।
चैत्रकृष्णअष्टमी र तीजमा पनि लाग्छ ॥
माघकृष्ण तृतीयामा विरूपाक्ष पुगे ।
नेमुनिको सल्लाहले त्यतातिर घुमे ॥
जय देव महादेव कश्यपेश्वर जय ।
सदाशिव महादेव ज्योतिर्लिङ्ग जय ॥
पढ्नुपर्छ स्कन्दपुराण हिमवत्खण्डमा ।
कश्यपेश्वरमहिमा यो नेपालमाहात्म्यमा ॥

कश्यपेश्वरो हि यत्रास्ते त्रियोजने हि वारूणे ।
सस्नौ भक्त्या विरुपाक्षस्तीर्थे हि काश्यपे वरे ॥
(९३/२)

५. स्फटिकेश्वर महादेव, फटकशीला, सिन्धुपाल्चोक

काकन्द हो पर्वत त्यो चन्द्रकान्ति गुफा ।
नदी बग्छ त्यहींबाट चन्द्रकान्ति हुँदा ॥
हिमश्रवा अर्की नदी ऐरावती नाउँ ।
ऐरावत हात्ती चढ्ने इन्द्रजीको ठाउँ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

जुगल हो हिमालय इन्द्र घुमी बस्ने ।
दुधकुण्ड त्यहीं नै छ ढुपेश्वर जाने ॥
पञ्चतालनिर बस्छन् सिद्धेश्वर बाबा ।
इन्द्र त्यहीं ध्यान गर्थे सिद्धि प्राप्त हुँदा ॥
इन्द्रेश्वर महादेव नाम बन्न गयो ।
महेन्द्र र ऐरावती हिमश्रवा छ त्यो ॥
कान्तितीर्थ त्यही बन्यो चन्द्रकान्तिमुनि ।
चन्द्रमाले ध्यान गर्थे कान्ति पाऊँ भनी ॥
दक्षजीको दोष थियो, चन्द्रमाको पीर ।
ध्यान सफल भयो पुगे साक्षात् शिव निर ॥
चन्द्रकान्ति नदी बन्यो दोष शान्त हुँदा ।
देवाधिदेव महादेवको कृपादृष्टि हुँदा ॥
त्यहीं पीर भयो शान्त शिवजीको ध्यानले ।
स्फटिकजस्ता शिव देखे देव ब्रह्माजीले ॥
ध्यान गरे शिवजीको पाए दर्शन त्यहीं ।
स्फटिकेश्वर बनी बसे महादेव त्यहीं ॥
धर्मदास त्यहीं बस्थे पञ्चयज्ञ गरी ।
पोखरीमा नुहाउँथे ज्योति मुखैभरी ॥
ज्योति रूप दिए दर्शन शिवजीले पनि ।
मुक्त भए देव बनी धर्मदास पनि ॥
मेला लाग्छ त्यही ठाउँ शिवरात्रि तीज ।
बालाचतुर्दशी मेला लाग्ने यही तीर्थ ॥
आश्विनशुक्लपूर्णिमा र माघचतुर्दशी ।
कृष्णपक्ष पूजा हुन्छ यो धाममा पुगी ॥
घुम्दै पुगे विरूपाक्ष यति कुरा मानौं ।
यहाँ पुग्दा पाप कट्ने तथ्य हामी जानौं ॥
जय जय महादेव स्फटिकेश्वर देव ।
ज्योतिर्लिङ्ग रिमी देव महादेव देव ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्कन्दपुराण हिमवत्खण्ड नेपाल माहात्म्यले ।
बुझ्ने गरी लेखिदियो तपोभूमि पहिले ॥

चन्द्रकान्तिनदी पुण्या हिमस्रवा तथाऽपरा ।
तयोश्च सङ्गमे वत्स कान्तितीर्थमुदाहृतम् ॥
(९३/८)

६. चण्डेश्वर महादेव, बनेपा, काभ्रेपलाञ्चोक

रूपावती रुद्रावती दुई नदी बग्छन् ।
चण्डेश्वर महादेव सङ्गममा बस्छन् ॥
उग्रतीर्थ त्यहीँ नै छ च्यवन बस्थे त्यहीँ ।
भृगुपुत्र थियो नाम च्यवन भयो त्यहीँ ॥
चण्डासुर त्यहीँ आए गरे ध्यान त्यहीँ ।
स्त्रीले मात्रै मार्ने गरी वर पाए त्यहीँ ॥
वर दिने चण्डेश्वर पाए चण्डासुर ।
त्यही वर भयो काल नरदेव दुवैतिर ॥
चण्डासुर को मार्देला ? शान्ति देला कसले ?
भन्ने पीर बुझी दुर्गा उग्रचण्डी रूपले ॥
चण्डासुर गरी मुक्त शान्तिसित बसिन् ।
उग्रतीर्थ नुहाउने उग्रचण्डी बनिन् ॥
चण्डेश्वर महादेव सबका साथ हुने ।
माघशुक्ल पूर्णिमामा मेला हुन्छ जाने ॥
शिवरात्रि तीज बालाचतुर्दशी भनी ।
विरूपाक्ष त्यहीँ पुग्थे माघकृष्ण गनी ॥
उग्रतीर्थ नुहाउँथे चण्डेश्वरी पुज्थे ।
चण्डेश्वर महादेव एकै साथ भज्थे ॥
माता चण्डेश्वरी त्यहीँ पिता चण्डेश्वर ।
मुक्तिदायी त्यही ठाउँ ज्योतिर्लिङ्गेश्वर ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
जय बाबा चण्डेश्वर चण्डेश्वरी माता ।
जय जय सधैं भन्छौं हामी भक्तिसाथ ॥

व्यासजीको स्कन्दपुराण हिमवत्खण्डले ।
स्पष्टसँग चिनाइदियो नेपाल माहात्म्यले ॥

भूयो जगाम विप्रोऽसौ नेमुनिना समं मुने ।
यन्त्र चण्डेश्वरस्तस्थौ देव्याऽत्र प्रमथैः समम् ॥
(९५/२)

७. धनेश्वर महादेव, बनेपा, काभ्रेपलाञ्चोक

रौद्रनामक पर्वत छ उग्रतीर्थ त्यहीँ ।
भृगु ऋषि पनि ध्यान गर्थे बसी त्यहीँ ।
चिरञ्जीवी भए त्यहीँ भृगुकुण्ड त्यहीँ ।
ज्योतिर्लिङ्ग धनेश्वर प्रकट भए त्यहीँ ॥
शिवदास थिए एक पूजा गरौं भनी ।
धनी बन्ने थियो आशा पूरा भयो पनि ॥
ऋतुजस्ता ऋषि आए ध्यान पूजा गरे ।
अर्को जन्म भयो तिनको उज्जयिनी जन्मे ॥
राजा बने धन पाए शिव बाबा शिव ।
धनेश्वर महादेव ज्योतिर्लिङ्ग शिव ॥
बालाचतुर्दशी तीज शिवरात्रि मेला ।
वैशाखकृष्णचतुर्दशी र धान्यपूर्णिमा ॥
मेला हुन्छ त्यहाँ सबले अन्न चढाउँदा ।
शिवकुण्ड अन्नमय अन्न भकारीमा ॥
राख्ने गर्छन् मेला भर्ने धनेश्वर बाबा ।
धनेश्वर महादेव धनेश्वरी माता ॥
दुवैलाई भज्छौं हामी देव-देवी सदा ।
धनेश्वर भजौं हामी धनेश्वरी भजौं ॥
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

शिवशक्ति दुवैलाई आराधना गरौं ।
मार्गकृष्णषष्ठी तिथि विरूपाक्ष पुगे ॥
धनेश्वर महादेवको चरणमा परे ।

जय बाबा जय बाबा ज्योतिर्लिङ्ग जय ।
धनेश्वर जय बाबा सदा शिव जय ॥

स्कन्दपुराण हिमवत्खण्ड नेपालमाहात्म्यले ।
स्पष्ट पार्दै लेखिदियो बुझ्ने गरी सबले ॥

धनेश्वरमहालिङ्गं भक्त्या पञ्चोपचारकैः ।
सम्पूज्य विधिवल्लिङ्गं तन्माहात्म्यं हि नेमुनिम् ॥
(९५/२)

८. विकटेश्वर महादेव, साँगा, काभ्रेपलाञ्चोक

द्रोणाचल पर्वतको फेदीको हो ठाउँ ।
पुण्यतीर्थ यो तीर्थमा त्रिगङ्गाको नाउँ ॥
त्रिवेणीमा विकटेश्वर शिवलिङ्ग पूजा ।
रुद्रतीर्थ पनि बन्यो व्याधा मुक्त हुँदा ॥
विकट हो नाम त्यसको पेसा सिकारी हो ।
पुष्पतीर्थ पुग्यो व्याधा जलपान गऱ्यो ॥
त्यै बुँदले ज्ञानी बनी महात्मा पो भयो ।
पश्चात्ताप गऱ्यो त्यसले सिकार गर्न छोड्यो ।
जीवघात पनि छोड्यो शाकाहारी भयो ॥
धनु बाण त्यहीँ फाली रुद्रतीर्थ पुगी ।
गऱ्यो स्नान गऱ्यो पूजा पञ्चाक्षरी जपी ॥
(ॐ नमः शिवाय)

पुजिरह्यो भजिरह्यो धूप दीप बाली ।
त्यतैबाट ज्योतिरूप शिवको तिहारी ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
अनुहार देख्यो त्यहीं भन्यो शिव शिव ।
प्रदक्षिणा पनि गर्‍यो विकटेश्वर देव ॥
त्यहीं पुगे विरूपाक्ष रुद्रकुण्ड पुगे ।
माघकृष्णसप्तमीमा व्रत पूजा गरे ॥
शिवरात्रि अनि तीज बालाचतुर्दशी ।
माघकृष्णतृतीयामा पर्व पूजा गरी ॥
विकटेश्वर शिव दर्शन पाउनेछौ भन्दै ।
नेमुनिले दिए ज्ञान विरूपाक्ष चिन्दै ॥

जय बाबा जय बाबा ज्योतिर्लिङ्ग जय ।
विकटेश्वर जय बाबा सदा शिव जय ॥

नेपाल माहात्म्यले बुझ्नेगरी लेखिदियो ।
विकटेश्वर महादेवलाई राम्रो चिनाइदियो ॥

स्नात्वा च रूद्रतीर्थे स विकटेशमपूजयत् ।
भक्त्या पञ्चोपचारैश्च जितेन्द्रियो मुदान्वितः ॥
(९६/२)

९. इन्द्रेश्वर महादेव, पनौती, काभ्रेपलाञ्चोक

रुद्रमती रोसी भयो पुण्यवती पद्मा ।
पद्माजीकै नामबाट पनौतीको नाम ॥
इन्द्र शची पूजा गर्थे त्यही ठाउँमा आई ।
अहिल्या र गौतम ऋषि बसे त्यहीं आई ॥
इन्द्र पनि त्यतै थिए अहिल्यालाई देखे ।
कामुक भै गौतमको रूप लिई बसे ॥
अहिल्याको पति भक्ति शतचूर्ण पारे ।
त्यतिबेला गौतमजी नुहाउँदै थिए ॥
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

तिल कुश नपुगेर लिन घर आए ।
छली इन्द्र त्यहीँ भेटे श्राप पनि दिए ॥
शरीरभरि योनि होओस् भन्दै बिदा लिए ।
अहिल्या नि ढुङ्गा बनिन् गौतम एक्लै भए ॥
त्रेतायुगी रामचन्द्र तिनी कुर्दै रहे ।
कुरूप शरीर बोकी इन्द्र ब्रह्माकहाँ गए ॥
ब्रह्माजीको आज्ञा भयो शची साथ लिई ।
इन्द्रेश्वर गई गर ध्यान पूजा मिली ॥
वर्षौं तिनले पूजे शिव दर्शनका लागि ।
आषाढशुक्लपूर्णिमामा ज्योति आयो त्यहीँ ॥
तिनै शिव इन्द्रेश्वर बनी प्रख्यात भए ।
श्रापमुक्त बनी इन्द्र आफ्नो धाम गए ॥
श्रुतिश्रवा वेदी थिए इन्द्रेश्वरका भक्त ।
श्रुतिश्रवा जाने गर्थे सदा शचीतीर्थ ॥
तिनी पनि भए मुक्त जन्म मृत्यु नाशी ।
नेमुनिको सुझावले विरूपाक्ष त्यहीँ ॥
माघकृष्णअष्टमीमा व्रतपूजा गरे ।
शिवरात्रि अनि तीज मेला पर्व छ रे ॥
ज्येष्ठशुक्लपूर्णिमा र बालाचतुर्दशी ।
पूजा सधैं गर्नुपर्छ निराहार बसी ॥
ज्योतिर्लिङ्ग इन्द्रेश्वर शिव शिव बाबा ।
भजौं हामी इन्द्रेश्वर सदाशिव बाबा ॥

स्कन्दपुराण हिमवत्खण्ड नेपाल माहात्म्यको ।
पढी बुझौं सबै जनले चर्चा इन्द्रेश्वरको ॥

शच्या कृतं तपश्चात्र पद्मावतीसमुद्भवा ।
तयोश्च सङ्गमे शक्रशचीतीर्थं ततोऽभवत् ॥
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
(९७/४४)

CC-0.In Public Domain. Digitization by eGangotri

१०. भालेश्वर महादेव, रोसी, काभ्रेपलाञ्चोक

लीलावती सुखश्रवा कलावती नदी ।
बिहावर रोसी खोला नदी भने पनि ॥
त्रिवेणीको सङ्गम हो भालेश्वर नाम ।
निकुञ्जाचल पर्वतको फेदीको यो स्थान ॥
कोही कोही यसैलाई कैलास पर्वत भन्छन् ।
ज्योतिर्लिङ्ग भालेश्वर जुन पर्वतमा बस्छन् ॥
शिवनिन्दा नसहने सतीदेवी बोकी ।
महादेव हिँड्थे यहाँ ललाटलाई छोडी ॥
त्यही स्थान भालेश्वर शिवजीको नाउँ ।
स्कन्दपुराण यही लेख्छ यो पवित्र ठाउँ ॥
सुमुख नाम गन्धर्वले बाजा बजाउँदा ।
अप्सरामा मोहित भई तालभङ्ग हुँदा ॥
इन्द्रलाई रिस उठ्यो उनले श्राप दिए ।
बालक भई जन्मियो ऊ भेटे गालवले ।
गालव ऋषि त्यही पर्वतको निकुञ्जमा बस्थे ।
गन्धर्वलाई बाबु जाऊ भालेश्वर भने ॥
गन्धर्वले गालवको आज्ञा मानी गयो ।
फाल्गुणकृष्णअष्टमीमा शिवलाई देख्यो ॥
स्वर्गकी अप्सरासित फेरि रम्न जाऊ ।
पुग्यो अब भनेपछि कैलासमा आऊ ॥
शिवजीको आज्ञा पाई उसले त्यसै गऱ्यो ।
भालेश्वर ज्योतिर्लिङ्ग जय जय भन्यो ॥
माघकृष्णनवमीमा विरूपाक्ष पुगे ।
व्रत बसी भालेश्वरको पूजा पनि गरे ॥
फाल्गुणशुक्लसप्तमीमा पर्वपूजा हुन्छ ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
भालेश्वरको दर्शनले सारा ताप हट्छ ॥

CC-0.In Public Domain. Digitization by eGangotri

ततो गन्धर्वतीर्थेऽसौ स्नात्वा च विधिवत्पुनः ।
भालेश्वरं समच्यात्र निकुञ्जाचलशेखरे ॥
(९८/२)

११. गुप्तेश्वर महादेव, भारदेउ, ललितपुर

फूलचोकी गुफाभित्र शिवजीको बास ।
कुञ्जाद्रि हो पर्वत त्यो प्रभावती पास ॥
अर्को नदी सिद्धरसा सिद्धतीर्थ ठाउँ ।
गुप्तेश्वरमा शिवजीको लुकी बस्ने गाउँ ॥
वृषासुर दानवको पूजा आजा हेरी ।
खुसी भए गुप्तेश्वर वर दिए फेरि ॥
पार्वती नै माग्यो उसले शिव भए राजी ।
खुसी भई सोच्न थाल्यो वृषासुर पाजी ॥
शिवलाई मार्न पाए पार्वती हुन् मेरी ।
भन्ने सोची वर माग्यो अर्को पनि फेरि ॥
मेरा हात जसको शिरमा पर्छ भस्म होओस् ।
वर देऊ महादेव तिम्रो भक्त जितोस् ॥
हुन्छ भन्दा गुप्तेश्वरले उल्टै जाइलाग्यो ।
भाग्नुभयो शिवजी नै मार्ला भन्ने लाग्यो ॥
विष्णु आई वृषासुरलाई भन्नुभयो रोकी ।
शिरमा हात राख बाबु, झुटो वर हो कि ?
नारीरूप विष्णुजीले भन्दा बल्ल मान्यो ।
आफैं नाश भयो त्यहीं वृषासुर मऱ्यो ॥
शिव लुक्ने गुफालाई गुप्तेश्वर भन्छन् ।
गुप्तेश्वरविद्या यहीं साधकले लिन्छन् ॥
चोरी विद्या आर्जन गर्ने शिवदास थिए ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
गुप्तेश्वर पुगेपछि नयाँ नाम पाए ॥

CC-0.In Public Domain. Digitization by eGangotri

भारद्वाज ऋषि बस्थे त्यहीँ उनी पुगे ।
देवत्वका ज्ञान पनि त्यहीँ उनले पाए ॥
माघकृष्ण औंसी थियो ज्ञान उनले पाए ।
शिवव्रती शिवदास स्वयं धन्य भए ॥
विरूपाक्ष घुम्दै घुम्दै त्यही तीर्थ पुगे ।
माघकृष्ण दशमीमा दर्शन उनले गरे ॥
फाल्गणशुक्लपूर्णिमामा पर्वपूजा हुन्छ ।
गुप्तेश्वरको दर्शनले पाप सारा धुन्छ ॥

स्कन्दपुराण हिमवत्खण्ड नेपाल माहात्म्यले ।
स्पष्टसित बुझाउँछ बुझ्ने गरी सबले ॥

जय बाबा जय बाबा गुप्तेश्वर जय ।
गुप्तेश्वर जय बाबा जय बाबा जय ॥

कुञ्जाद्रिशेखरे लिङ्गं पूजितवांश्च भक्तितः ।
सिद्धतीर्थे मुदा स्नात्वा गुप्तेश्वरं प्रपूज्य च ॥
(१९/३)

१२. तिलेश्वर महादेव, लेले, ललितपुर

चतुःषष्टि ज्योतिर्लिङ्गमध्ये तिलेश्वर ।
प्रभावती, मनश्री र सरस्वतीनेर ॥
त्रिवेणीमा तिलेश्वर तीर्थ मनश्रीमा ।
बृहस्पति त्यहीँ आए पूजापाठ गर्न ॥
पूजा गरे शिवलाई तीन दिनरात ।
ज्योतिरूप दर्शन पाए महाकालीसाथ ।
सरस्वती ध्यान गर तिम्रो इच्छा जान्यौं ॥
तिलको लिङ्ग बनाएछौ तिलेश्वर भन्यौं ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
डुबे गए तर फाली फर्किन् जल बनी ॥

CC-0.In Public Domain. Digitization by eGangotri

यो देखेर शुक्राचार्य आक्रोशित बनी ।
श्राप दिए सरस्वती नदी होऊ भने ॥
त्यही नदी वीर्य भयो त्यहीँ शुक्र बने ।
अङ्गिरस बृहस्पति वाचस्पति भए ॥
एकै व्यक्ति तीन नाम शिवजीले दिए ।
वीर्य शुक्र अङ्गिरस वाचस्पति बोली ॥
बृहस्पति सिद्ध व्यक्ति शिवभक्त ज्ञानी ।
उलूकको कथा पनि त्यहीँ हुन गयो ॥
मान्छेजस्तो देह उसको चुच्चो गिद्धजस्तो ।
गिज्याउँथे सबै मिली घर छोडी हिँड्यो ॥
वनवन डुल्दै फिर्दै तिलेश्वर पुग्यो ।
तिर्खाएर ज्ञानकुण्ड पुगी जल पियो ॥
ज्ञानभक्ति दुवै मिल्यो गजवक्त्र आयो ।
कैलाशमा त्यो विमान सरासर गयो ॥
विरूपाक्ष त्यस्तो ठाउँ माघकृष्ण पक्ष ।
एकादशी तिथि पारी पुगे त्यही धाम ॥
अघिपछि पनि त्यहाँ पूजा व्रत हुन्छ ।
माघ महिना सङ्क्रान्तिमा विशेष पर्व हुन्छ ॥

जय बाबा तिलेश्वर जय बाबा जय ।
ज्योतिर्लिङ्ग तिलेश्वर जय बाबा जय ॥

तिलेश्वरमाहात्म्य यो स्कन्दपुराण भन्छ ।
हिमवत्खण्ड नेपालखण्ड स्पष्ट सदा हुन्छ ॥

स मनः श्रीमहातीर्थे सस्नौ भक्त्या विरुपदृक् ।
तिलेश्वरं समभ्यर्च्य पञ्चोपचारकैर्मुदा ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
(१००/३)

CC-0.In Public Domain. Digitization by eGangotri

१३. चम्पकेश्वर महादेव, लेले, ललितपुर

प्रभावती सरस्वती कासुन्दको फेदी ।
मनु बस्थे पूजा गर्थे चाँपवृक्षमुनि ॥
मनभित्र शिव राखी गर्थे सधैँ ध्यान ।
पञ्चाक्षरी मन्त्र जप्दा खुल्यो उनको ज्ञान ॥

(ॐ नमः शिवाय)

पूजा गर्दा थुप्रिएको फूल ढिक्का भयो ।
त्यहीँबाट ज्योतिरूप दर्शन नै भयो ॥
वैशाखशुक्लपूर्णिमाको आधा रात थियो ।
चाँपको फूल चढाउँदा चम्पकेश्वर भयो ॥
प्रतिपदा वेदपाठ नगरेकै जाती ।
ज्ञान पायौ वर पायौ मनु उठ साथी ॥
मन्वन्तरभर बस कैलाशमा जाऊ ।
स्वारोचिष मनु हुँदै पुनः यहीँ आऊ ॥
विशङ्कु त्यो व्याधा अर्को बाण चलाउँथ्यो ।
शिवलिङ्ग छुन पुग्यो मृग पनि मऱ्यो ॥
मान्छे बन्दै उठ्यो मृग कैलाशमा गयो ।
यो देखेको विशङ्कुले ज्ञानसिन्धु पायो ॥
सरस्वतीतीर्थ गयो नुहाएर आयो ।
शिवलाई अँगालेर ध्यान गर्न थाल्यो ॥
फाल्गुणकृष्णचतुर्दशी शिवरात्रि मेला ।
विशङ्कु त्यो मुक्त भयो कैलाशमा भेला ॥
मृग हुने धूम्रकेतु दानवीर राजा ।
पशुपति नपुगेर मृग बने राजा ॥
चम्पकेश्वर छोयो उसले मुक्त बनिगयो ।
त्यसको ठाउँ तिमी जाऊ विरूपाक्ष चाँडो ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

माघकृष्ण द्वादशीमा विरूपाक्ष पुगे ।
पूजापाठ गरे त्यहाँ शान्त सुखी भए ॥
पूर्णिमामा पूजा हुन्छ त्यहाँ जहिलेपनि ।
चम्पकेश्वर बाबालाई धन्य धन्य भनी ॥
ज्योतिर्लिङ्ग चम्पकेश्वर पूजा गर्छौं हामी ॥

चम्पकेश्वरमहिमा यो स्कन्दपुराणले ।
यस्तो वर्णन गरेको छ नेपाल माहात्म्यले ॥

कथं समुदभवं लिङ्गमेतच्च मुनिसत्तम ।
श्रोतुमिच्छाम्यहं भूयो वद मे सर्वविद्विभो ॥

(१०१/६)

१४. रामेश्वर महादेव, टीकाभैरव, ललितपुर

सरस्वती नख्खु खोला लेले नदीतिर ।
त्रिवेणीमा रामेश्वर महादेव हेर ॥
त्रेतायुगमा ऋषि थिए जमदग्नि नाम ।
कार्तवीर्य शत्रु बने कामधेनु लान ॥
जमदग्नि तिनले मारे कामधेनु लुटे ।
परशुराम कान्छा छोरा आक्रोशले उठे ॥
पुगे तिनी त्रिकूटाचल पर्वतको फेदी ।
प्रभातीर्थ थियो त्यहीँ जप गर्न भनी ॥
छ महिनाको व्रत गर्दा शिवजीलाई देखे ।
कार्तवीर्य मार्नलाई बल मिलोस् भने ॥
तथास्तुको बोली मिल्यो भोले बाबाबाट ।
कार्तवीर्य मार्नलाई आयो बल्ल आँट ॥
चिरञ्जीवी तिनी भए परशुकै नाम ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
रामेश्वर बन्न गयो महादेव धाम ॥

CC-0 In Public Domain. Digitization by eGangotri
भैरवमुख पूजा गर्दा शिव खुसी हुने ।
त्यसैले नि टीकाभैरव नाम रह्यो भने ॥
सारा क्षेत्री नष्ट भए परशुको बलले ।
जमदग्नि जीवित भए तपस्याको बलले ॥
रेणुका हुन् आमा तिनकी जल लिन गइन् ।
गन्धर्वलाई देखी उनी साह्रै दङ्ग भइन् ॥
जमदग्नि रिसाएछन् उनको ढिलाइबाट ।
आदेश दिए छोरालाई आमालाई काट ॥
मान्दैनन् यी दाजुहरू हे परशु ! भने ।
वर दिने भए काट्छु परशुले भने ॥
हुन्छ भने जमदग्नि परशुले काटे ।
दाजुहरूसाथै उनले आमा पनि काटे ॥
सबै जना बाँचून् भनी वरदान मागे ।
अस्तु भन्दा सबै जना हाइ काढ्न लागे ॥
त्यही ठाउँ टीकाभैरव रामेश्वर त्यहीं ।
स्यमन्त र पञ्चकतीर्थ भन्ने पनि त्यहीं ॥
अर्को कथा पनि रहेछ राजा बली नाम ।
उनकी छोरी दुब्ली थिइन् सिन्जिनी हो नाम ॥
प्रभातीर्थ तिनी गइन् ध्यान पूजा गरिन् ।
कामदेवजस्तै पति पाऊँ भन्दै भजिन् ॥
राम्री भइन् सिञ्जिनी ती नाम प्रभावती ।
प्रद्युम्नकी पत्नी भई द्वारका पो पुगी ॥
म्लेच्छ थियो पूजा गर्‍यो रामेश्वरजीको ।
टीकाभैरव प्रभावती देवाधिदेवको ॥
फाल्गुणशुक्लचतुर्दशी आधारात हुँदा ।
मुक्त भयो कैलाश गयो देवदर्शन हुँदा ॥
विरूपाक्ष पनि पुगे माघकृष्ण महिना ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
चतुर्दशी दिन थियो पूजापाठ गर्न ॥

CC-0.In Public Domain. Digitization by eGangotri

चैत्रशुक्ल पूर्णिमामा पर्वपूजा हुन्छ ।
रामेश्वर देवभूमि दर्शनले तरिन्छ ॥
जय जय टीकाभैरव रामेश्वर शिव ।
जय जय प्रभातीर्थ जय सदाशिव ॥
स्कन्दपुराण हिमवत्खण्ड नेपालमाहात्म्यले ।
लेखिदियो स्पष्ट बोली बुझौँ हामी सबले ॥

कथं समुद्भवं लिङ्गं रामेश्वर उदाहृतः ।
केन लब्धो वरश्चात्र त्वं समाचक्ष्व मेऽधुना ॥
(१०२/४)

१५. कालेश्वर महादेव, गोटीखेल, ललितपुर

कासुन्दको टाकुरामा कालेश्वर देव ।
घर्घरा र वैतरणी नदी तीर्थनेर ॥
कालपुरुष शिवजीको तपस्यामा लागे ।
बाह्र वर्ष बितेपछि शिवदर्शन पाए ॥
ज्योतिरूप शिवजीको दर्शनले गर्दा ।
प्राणीको काल बन्न पुगे कालदेव सदा ॥
त्यसैले नै कालेश्वर नाम बन्न गयो ।
कालतीर्थ त्यहीँ भयो, लम्बकर्ण आयो ॥
व्याधा थियो पूजापाठ गर्‍यो भक्त बनी ।
मुक्त भयो स्वयम् आफू उदाहरण बनी ॥
नरनारी त्यहीँ आए रुद्रदेवी भजे ।
रुद्रदेवी, कालरात्रि, महारात्रि भजे ॥
त्रिदेवीको तागतले दैत्य नष्ट भए ।
पञ्चायनसहित भई त्यही ठाउँमा रहे ॥
माघकृष्णचतुर्दशी विरूपाक्ष पुगे ।
व्रत बसे पूजा गरे ध्यानी ज्ञानी भए ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गोटीखेल रोज्यौ देव कालेश्वर बाबा ।
ज्योतिर्लिङ्ग भज्यौं बाबा देव सदा शिव ॥
स्तुति गर्‍यौँ, पूजा गर्‍यौँ ध्यान गर्‍यौं बाबा ।
कल्याण औ शान्ति देऊ कालेश्वर बाबा ॥
स्कन्दपुराण हिमवत्खण्ड नेपालमाहात्म्यले ।
किटानीमै भनिदियो जानौँ हामी सबले ॥

कालेनाराधितो देवः कालेश्वर इति श्रुतः ।
स्नातं च तेन पूर्वं हि कालतीर्थस्ततः स्मृतः ॥
(१०३/१२)

१६. नटारम्भेश्वर महादेव, ठिङ्गन, मकवानपुर

त्रिकूटाचल पर्वतको ब्रह्मतीर्थ ठाउँ ।
नटारम्भेश्वर त्यही मकवानपुरे गाउँ ॥
महादेवस्थान त्यही तारकासुर आए ।
ब्रह्माजीको ध्यान गरे वरदान पाए ॥
पाँच वर्षभन्दा मुनि भएकाले मात्र ।
मार्न सकून् भनी मागे तारकले वर ॥
त्यही खुसीमा तारकले नाचगान गरे ।
शिवजीलाई नभनेर अरू सब आए ॥
त्यो देखेर शिवजी नै नाच्दै त्यहाँ आई ।
भनिदिए सबैलाई कार्तिकेय आई ॥
तारकलाई मारिदिन्छ ढुक्क पर भाइ ।
यति भन्दै शिवजी नै आफ्नो धाम गए ॥
त्यहीँ आए देव शर्मा दान जति लिन्थे ।
अरूलाई दिँदैनथे सम्पत्ति नै भज्थे ॥
तिनी मरे दुःख पाई वानर बनी जन्मे ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
बुढो भई खोला तर्दै ब्रह्मतीर्थ पुगे ॥

CC-0.In Public Domain. Digitization by eGangotri

शिवलिङ्ग छुनासाथ बने शिवभक्त ।
जेष्ठकृष्णअष्टमीको घटना हो यो त ॥
विरूपाक्ष पनि पुगे वैशाख कृष्ण पक्ष ।
औंसी थियो त्यो दिनमा गरे पूजापाठ ॥
नटारम्भेश्वरजीको शरणमा परे ।
दुःख पीडा हराउँछ शिवभक्ति गरे ॥
जय शम्भो नटारम्भेश्वर महादेव ।
पूजा ध्यान आरतिले भज्यौं महादेव ॥
ज्योतिर्लिङ्ग तिमी बाबा सदा शिव बाबा ।
पूजा गर्छौं सबै हामी सदा शिव बाबा ॥
यस्तो गाथा भनिदियो स्कन्दपुराणले ।
हिमवत्खण्ड नेपालको माहात्म्यज्ञानले ॥

यत्र नृत्येश्वरं लिङ्गं त्रिकूटाद्रौ विराजते ।
ब्रह्मतीर्थे द्विजः स्नात्वा नृत्येश्वरमपूजयत् ॥
(१०४/३)

१७. उद्दालकेश्वर महादेव, छैमले, काठमाडौं

धर्मगङ्गा समीपमा व्याघ्र पर्वत पर्छ ।
त्यहीं नेर उद्दालकेश्वर शिवलिङ्ग हुन्छ ॥
रुद्रकुण्ड त्यहीं नै छ उद्दालकको ठाउँ ।
पूजा तप गरी भन्थे ज्योतिरूप पाऊँ ॥
उद्दालकेश्वरका रूपमा ज्योतिदर्शन पाए ।
ज्ञानी भए उद्दालक कश्यप पनि आए ॥
दिति तिनकी पत्नी थिइन् स्थूलोदर छोरो ।
दैत्य थियो कुनै दिन नारदलाई भेट्यो ॥
उद्दालक शिव पुज नारदले भने ।
यस्तो आज्ञा दिई नारद त्यसका गुरु बने ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

त्यही ज्ञान लिई आयो स्थूलोदर पनि ।
देव जिती राजा हुन्छु दानवको भनी ॥
पञ्चाक्षरी जप्यो मन्त्र ॐ नमः शिवाय ।
बल दिनोस् भन्दै जप्यो ॐ नम शिवाय ॥
शिवजीले वर दिए देवजति हारे ।
स्थूलोदरको तपस्याले दानवले राज गरे ॥
यो देखेर शिवजीले पार्षद बनाएर ।
आफ्नो लोक पुर्‍याइदिए शान्त भो संसार ॥
उद्दालक शिवजीको सुनेर महिमा ।
विरूपाक्ष पनि पुगे द्वितीयाका दिन ॥
फाल्गुण शुक्ल महिनामा पूजापाठ गरे ।
ज्योतिर्लिङ्ग उद्दालक सेवा खुबै गरे ॥
पूजा हुन्छ त्यो ठाउँमा मेष सङ्क्रान्तिमा ।
धन्य-धन्य सबै भन्छन् उद्दालक देवमा ॥

धन्य बाबा सदा शिव धन्य बाबा धन्य ।
पूजा पाठ गर्‍यौं देव धन्य बाबा धन्य ॥

यस्तो गाथा स्कन्दजीले नेपाल माहात्म्यमा ।
लेखिदिए स्पष्टसँग स्कन्दपुराणमा ॥

उद्धारमुनिना पूर्व स्थापित एष ईश्वरः ।
वैशाखस्यैव सङ्क्रान्त्यां विधिनात्र मुदा द्विजः ॥
(१०५/७)

१८. गोपालेश्वर महादेव, फर्पिङ, काठमाडौं

मर्कटाचल पर्वतमा गोपालेश्वर बाबा ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
बस्नुभयो वाग्मती र शिखरिणी साथ ॥

CC-0.In Public Domain. Digitization by eGangotri

व्याघ्रतीर्थ नाम हो त्यो कामधेनु आई ।
दूधधारा बहाउने गोपालेश्वरलाई ॥
त्यहीँ गरे श्रीविष्णुले शिवजीको ध्यान ।
विष्णुतीर्थ बन्न गयो त्यस धामको नाम ॥
यज्ञकुण्ड त्यहीँ बन्यो शेखर बाबा त्यहीँ ।
नारायण र शिवजीको नाम मिल्यो त्यहीँ ॥
साझा नाम गोपालेश्वर ज्योतिर्लिङ्ग बन्यो ।
अधमले मुक्ति पायो शिवलिङ्ग छोयो ॥
सिंह माऱ्यो कुस्ती खेल्दै अर्को जन्म भयो ।
ब्रह्मशर्मा नाम भई त्रिकालदर्शी बन्यो ॥
राजा थिए कुनै एक ब्रह्मशर्मा भेटे ।
दुवै मिली माघकृष्णअष्टमीमा पुगे ॥
विष्णुतीर्थ स्नान गरे गोपालेश्वर भजे ।
कैलाशमा तिनै गए मुक्त तिनै भए ॥
विरूपाक्ष पुगे त्यहीँ महिना माघशुक्ल ।
पञ्चमीको बेला थियो तप ध्यान साथ ॥
तीज बालाचतुर्दशी शिवरात्रि अनि ।
ज्येष्ठशुक्लदशमीमा हुन्छ पूजा पनि ॥

पूजा गरे गोपालेश्वर स्कन्द त्यही भन्छन् ।
हिमवत्खण्ड नेपालमा स्पष्ट लेखिदिन्छन् ॥

गोपालेश्वर बाबामहाँ भाव भक्ति गर्छौं ।
ज्योतिर्लिङ्ग गोपालेश्वर धन्य-धन्य भन्छौं ॥

गोपालाख्यः शिवो यत्र मर्कटाचलकिंशुके ।
यज्ञकुण्डे पुनः स्नात्वा गोपालं समपूजयत् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
(१७८।१)

CC-0.In Public Domain. Digitization by eGangotri

१९. चम्पेश्वर महादेव, बिसङ्खेल, मकवानपुर

कान्तिद्वय चन्द्र रत्न सङ्गममा एक ।
ब्रह्मतीर्थ रहेको छ गिरि वज्र काख ॥
ब्रह्माजीको तपोभूमि चम्पेश्वर बाबा ।
शोणितपुर नगरी हो वाणासुर राजा ॥
सुबाहु हो माली तिनको फूल टिप्न गयो ।
चाँपको फूल टिप्यो, ढल्यो शिवलिङ्गमा पऱ्यो ॥
ज्योति थियो बल्ने त्यहीभित्र थिए बाबा ।
निकाल्यो त्यो सुबाहुले चम्पेश्वर बाबा ॥
चाँपको फूल झारेकाले चम्पेश्वर भयो ।
सुबाहु त्यो कैलाशरूप मुक्तिधाम गयो ॥
कौस्तुभको कथा व्यथा त्यहींनेर थियो ।
कुकर्मी भई हल्लिरहँदा ब्रह्मतीर्थ गयो ॥
सुकर्मी पो बन्न गयो जमदग्नि भेट्यो ।
उनकै कुरा मानेर त्यो चम्पेश्वर गयो ॥
पूजापाठ ध्यान गऱ्यो ज्ञानी बन्न गयो ।
चैत्रकृष्णात्रयोदशी शिव दर्शन पायो ॥
विरूपाक्ष पनि पुगे ब्रह्मतीर्थ स्नान ।
चम्पेश्वरमा पूजा पाठ गरे पाए ज्ञान ॥
फाल्गुणशुक्लपञ्चमीको दिन त्यही थियो ।
त्यो दिनमा ज्ञानी बन्ने धोको उनको थियो ॥
शिवरात्रि अनि तीज बालाचतुर्दशी ।
मेला हुन्छ वैशाखको कृष्णचतुर्दशी ॥
ज्योतिर्लिङ्ग चम्पेश्वर जय जय जय ।
सदा शिव जय भन्छौं चम्पेश्वर जय ॥
त्यसैले त स्कन्दपुराण लेख्छ खुरुखुरु ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
चम्पेश्वरमहिमाका स्कन्द नै हुन् गुरु ॥

CC-0.In Public Domain. Digitization by eGangotri

ब्रह्मतीर्थे स वै स्नात्वा चम्पेश्वरमपूजयत् ।
जजाप तन्मनुं धीरः तन्मनस्को घटोद्भव ॥
(१०७/३)

२०. उन्मत्तेश्वर महादेव, टिष्टुङ, मकवानपुर

चन्द्रकान्ति स्वर्णावती गङ्गा सङ्गममा ।
स्वर्णतीर्थ त्यहीँ नै छ मयूर पर्वतमा ॥
उन्मत्तेश्वर शिवजीको पूजा गर्ने ठाउँ ।
विष्णुभक्त कर्मकाण्डी बस्थे त्यही ठाउँ ॥
ज्ञानी, गुणी सबै थिए घमण्डले गर्दा ।
पागल भन्ने नाम पाए अन्तरवेदी बस्दा ॥
सहर छोडे स्वर्णतीर्थ स्नान गर्न पुग्दा ।
पूर्वजन्म याद आयो पञ्चाक्षरी जप्दा ॥

(ॐ नमः शिवाय)

वैशाखशुक्लपूर्णिमाको दिन दर्शन पाए ।
उन्मत्तेश्वर बाबा भन्दै जय जय गाए ॥
उन्मत्त नै तिमी थियौ स्वर्णतीर्थ आयौ ।
पूजापाठ गर्दागर्दै ज्ञानी बन्न भ्यायौ ॥
तिम्रै नामले शिव स्वयम् उन्मत्तेश्वर भए ।
ध्वनि आयो अब तिमी पनि मुक्त भए ॥
ज्येष्ठ कृष्ण प्रतिपदा मुक्त भए उनी ।
त्यै ठाउँमा घुरघुर नामको राक्षस पुग्यो घुमी ॥
मैत्रेयलाई त्यसले देख्यो द्रोह गर्न थाल्यो ।
त्यही बेला स्वर्णतीर्थ पस्यो बुद्धि फिर्‍यो ॥
शिष्य बन्यो मैत्रेयको उन्मत्तेश्वर पूज्यो ।
[illegible] कैलाशमा गयो ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

त्यहीं ठाउँ विरूपाक्ष ध्यान गर्न गए ।
माघशुक्लषष्ठी तिथि पूजापाठ गरे ॥

उन्मत्तेश्वर शिव बाबा जय जय जय ।
ज्योतिर्लिङ्ग शिव बाबा उन्मत्तेश्वर जय ॥

स्कन्दकुमार भन्दै गए सबैलाई आज ।
नेपालमाहात्म्यको माध्यमले सबका माझ ॥

भूयोऽगमद् विरुपाक्षो मुनिना सह कुम्भज ।
यत्रोन्मत्तेश्वरो लिङ्गः श्रद्धासक्तकलेवरः ॥

(१०८/२)

२१. नन्दिकेश्वर महादेव, टिष्टुङ, मकवानपुर

रत्नकान्ति स्वर्णप्रभा दुई नदीबीच ।
नन्द पर्वत त्यहीँ नै छ शिवजीको राज ॥
शिवजी र पार्वतीको विवादको कुरा ।
भृङ्गीले पो सुन्न पुग्यो भमरो त्यो बन्दा ॥
त्यही कुरा भन्यो उसले पत्नी जयालाई ।
पार्वतीले चाल पाइन् भनिन् शिवजीलाई ॥
शिवजीले सबलाई सोधे कसले चाल पायो ?
हामी दुईको विवादलाई कसले सुन्न भ्यायो ?
भृङ्गीले नै भनिदिए मैले सुन्न पाएँ ।
नन्दीलाई पीर पऱ्यो ढोके मै पो थिएँ ॥
त्यही भएर नन्दी भृङ्गी मर्त्यलोक जाऊ ।
बाह्रवर्ष बस त्यहाँ कैलाशमै आऊ ॥
हवस् भन्दै हिँडे अनि शिव पुज्न थाले ।
तिनै शिव नन्दिकेश्वर बाबा बन्न गए ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्को कथा अभिमानी सुन राजाको यो ।
धर्म कर्म नमान्ने त्यो एकोहोरो थियो ॥
मृत्युपछि जन्म्यो फेरि भिल्लसन्तति भई ।
अचम्मको जन्मिएथ्यो भिल्लिनीले रुँदै ॥
जङ्गलमा छोडी आइन् बालक त्यहीँ हुर्क्यो ।
पच्चीस वर्षे भएपछि नन्दीतीर्थ पुग्यो ॥
त्यो तीर्थमा नुहाउँदा कैलाशवासी बन्यो ।
जय शम्भो आशुतोष जय जय भन्यो ॥
विरूपाक्ष त्यहीँ आए फाल्गुणशुक्ल पक्ष ।
सप्तमीको तिथि पारी गरे पूजापाठ ॥
वैशाखशुक्लपूर्णिमामा पर्व पूजा हुने ।
त्यो ठाउँ हो नन्दिकेश्वर बाबा रमाउने ॥

ज्योतिर्लिङ्ग सदाशिव नन्दिकेश्वर बाबा ।
पूजा पाठ ध्यान गर्छौं जय जय बाबा ॥
जय जय बाबा जय नन्दिकेश्वर जय ।
जय बाबा नन्दीकेश्वर जय बाबा जय ॥

भक्तिसाथ पूजा गर्दा हुन्छ सबै राम्रो ।
स्कन्द भन्छन् नन्दिकेश्वर रक्षा गर्छन् हाम्रो ॥

नन्दीतीर्थे ततः स्नात्वा नन्दिकेश्वरमर्च्चयेत् ।
भक्त्या पञ्चोपचारैः स तन्मन्त्रज्ञो हिते मुनेः ॥
(१०९/३)

२२. गोखुरेश्वर महादेव, कुन्छाल, मकवानपुर

गोमतीको किनारमा पर्वत केयरुको ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
गोतीर्थ हो त्यही बुझौँ गोखुरेश्वरजीको ॥

CC-0.In Public Domain. Digitization by eGangotri

दधिकर्ण गोठालो हो गाई धेरै थिए ।
तिनै गाई खुर चलाउँदै दुध चुहाउँथे ॥
गोठालोले त्यहीं खन्यो भेट्यो शिवलिङ्ग ।
पूजा गऱ्यो ध्यान गऱ्यो भयो आफैं दङ्ग ॥
ज्योतिरूप दर्शन पायो नाउँ गोखुरेश्वर ।
कैलाशवासी बन्न गयो बनाई गोखुरेश्वर ॥
गोतीर्थमा स्नान गरे विरूपाक्ष पनि ।
धन्य भए खुसी भए बाबा शिव भनी ॥
माघशुक्लअष्टमी र तीज पर्वादिमा ।
पूजा आजा त्यहाँ हुन्छ गोखुरेश्वरजीमा ॥
ज्योतिर्लिङ्ग गोखुरेश्वर बाबा जय जय ।
सदा शिव बाबा जय गोखुरेश्वर जय ॥
स्कन्द मुनि स्पष्टै भन्छन् आफ्ना बोलीसाथ ।
शिवभक्त बन्ने भए लाग यतैबाट ॥

गोतीर्थस्य तटे सानौ यत्रास्ते गोखुरेश्वरः ।
माघशुक्लस्य चाष्टम्यां भक्तिपूर्वं घटोद्भव ॥
(११०/३)

२३. पाण्डुकेश्वर महादेव, पालुङ, मकवानपुर

ऋक्षवान् भद्रकूट पर्वतको नाउँ ।
रेविका र रेतोवती दोभानको ठाउँ ॥
पाण्डुक ऋषि तप गर्थे शिवजीको त्यहाँ ।
त्यसैले नि पाण्डुकेश्वर बन्यो कालान्तरमा ॥
ब्रह्माजीका नाति हुन् ती मरीचिका छोरा ।
तिनै पुगे भद्रतीर्थ ध्यान गर्ने हुँदा ॥
पौषकृष्णचतुर्दशी आधा रात भयो ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
शिलाबाट ज्योतिर्लिङ्गदर्शन पो भयो ॥

CC-0.In Public Domain. Digitization by eGangotri

तिमी भयौ मुक्त अब कैलाशमा आऊ ।
ऋषीश्वर नजिकै छ त्यता पनि जाऊ ॥
सप्तऋषि तप गर्थे ऋषीश्वरतिर ।
व्योमकूट पर्वत त्यो नारायणीतीर ॥
चित्रकूट पर्वतले घेरिएको ठाउँ ।
गालव ऋषि ध्यान गर्ने नारदतीर्थ नाउँ ॥
त्यही ठाउँमा बसेका ती गालवको भूमि ।
त्यस्तो ठाउँ पो हो त्यो ता ऋषीश्वर भूमि ॥
शङ्कुकर्ण दैत्य पनि आयो पाण्डुकेश्वर ।
विश्वजित् नै बन्ने आशा दिने नारदेश्वर ॥
भद्रतीर्थ पुग्यो दैत्य तप गर्न थाल्यो ।
ध्यानपूर्वक पञ्चाक्षरी मन्त्र नित्य जप्यो ॥

(ॐ नमः शिवाय)

दर्शन पायो पाण्डुकेश्वर वरदान माग्यो ।
शिवजीको पाशुपत अस्त्र पनि पायो ॥
त्यही अस्त्र निस्तेज गर्न देवगण आए ।
पाशुपत अस्त्र भन्ने पछि थाहा पाए ॥
शिवजीले फिर्ता लिँदा देव शान्त भए ।
शङ्कुकर्ण कैलाश गई शिवगण भए ॥
त्यही ठाउँ विरूपाक्ष माघ शुक्ल पुगे ।
नवमीको तिथि पारी पूजाध्यान गरे ॥
पर्व हुन्छ त्यस ठाउँमा बालाचतुर्दशी ।
शिवरात्रि अनि तीज माघ महिना पनि ॥
शुक्लपक्ष नवमीमा पर्वपूजा हुन्छ ।
पाण्डुकेश्वर महादेवको आशीर्वाद मिल्छ ॥
ज्योतिर्लिङ्ग पाण्डुकेश्वर जय जय भनौं ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
जय बाबा सदाशिव पाण्डुकेश्वर भनौं ॥

CC-0.In Public Domain. Digitization by eGangotri

ऋषीश्वर कुङ्करेश्वर मङ्गलेश्वर पनि ।
पातालेश्वर सबै भजौं जय जय भनी ॥
स्कन्दजीले लेखिदिए पूरापूर गरी ।
साक्षी रह्‍यो स्कन्द पुराण यो माहात्म्यभरि ॥

आसीत्पुरा द्विजश्रेष्ठः पाण्डुको नाम विश्रुतः ।
मरीचेरात्मजो धीरः सर्वसत्त्वदयापरः ॥

(१११/७)

२४. कूटेश्वर महादेव, महादेवखर्क, मकवानपुर

विश्वामित्र ऋषि पुत्र गालव हो नाउँ ।
तप गर्न तिनी हिँडे कूटेश्वर जाऊँ ॥
कृष्णपक्ष नवमीको आधारात हुँदा ।
शिवज्योति प्रकट भयो पञ्चाक्षरी जप्दा ॥

(ॐ नमः शिवाय)

ब्रह्मज्ञानी आफैं थियौ तप गऱ्यौ मेरो ।
त्रिकालदर्शी तिमी नै हौ लगाएछौ फेरो ॥
कूटस्थ त्यो रूप भयो चैतन्य भो ठाउँ ।
कूटेश्वर नाम भयो कान्तितीर्थ गाउँ ॥
संन्यासी भै गालव हिँडे ब्रह्मज्ञान छर्दै ।
कूटेश्वर त्यही स्थानको प्रचार प्रसार गर्दै ॥
सुदर्शन राजा थिए सिकार गर्दै आए ।
मृग मार्न गए तिनी कूटेश्वर पुगे ॥
मरेन त्यो मृग बरु मान्छे जस्तै बोल्यो ।
म पनि त कौशलदेशी राजा हुँ पो भन्यो ॥
कूटेश्वर छुन पुग्यो मृग मुक्त भयो ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.
राजा पनि सिकार छोडी तपमा लाग्नुभयो ॥

CC-0 In Public Domain. Digitization by eGangotri

विरूपाक्ष पनि पुगे कूटेश्वरतिर ।
पूर्ण भयो व्रत उनको भए ज्ञानवीर ॥
माघशुक्लपञ्चमीमा हुन्छ पूजा पर्व ।
त्यस्तो ठाउँ पवित्र छ शिवभूमि जय ॥

ज्योतिर्लिङ्ग कूटेश्वर जय सदा शिव ।
कूटेश्वर महादेव जय जय जय ॥

यही गाथा स्कन्दजीले सुनाउनु भयो ।
मीठो वाक्य गरीकन यति लेख्नुभयो ॥

ततोऽगमद्द्विजोऽगस्त्यो यत्र कूटेश्वरो विभुः ।
सस्नौ गालवतीर्थेऽसौ विधिवद्भक्तितो मुदा ॥
(११२/२)

२५. असितेश्वर महादेव, अम्लेश्वर, धादिङ

भानुमती शक्रावती नदी किनारमा ।
शक्रतीर्थ त्यहीं नै छ असितेश्वर जहाँ ॥
ज्योतिर्लिङ्ग भई बसे आराध्य ती देव ।
असितको ध्यान पूजा जय महादेव ॥
उनकै नामबाट बन्यो तीर्थस्थल सच्चा ।
कुनै एक महिलाले पाइन अचम्मको बच्चा ।
पैदा गरिन् कुखुराझैं के अनौठो लौ न ।
मुख हेर्दा कुखुराको मानिसको ज्यान ॥
त्यही रूप नष्ट गर्न शिवभक्त बन्यो ।
कुखुराको मुख नाशी कैलाश त्यो पुग्यो ॥
त्यहीं पुगे विरूपाक्ष माघ शुक्ल तिथि ।
त्रयोदशी व्रत बसे ध्यान गरे अति ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ज्ञानी भए विरूपाक्ष पर्व दिने त्यो हो ।
असितेश्वर बाबाको त्यो शुद्ध दिन भयो ॥

जय जय असितेश्वर जय जय शिव ।
जय जय शक्रतीर्थ जय सदाशिव ॥

स्कन्दजीले लेखिदिए यही कुरा सब ।
जान्नलाई भनिदिए असितेश्वर भज ॥

यत्रासितेश्वरं लिङ्गं विराजते घटोद्भव ।
स्नात्वा चासिततीर्थेऽसौ असितेशमपूजयत् ॥
(११३/३)

२६. भैरवेश्वर महादेव, देवीघाट, नुवाकोट

सत्यवती त्रिशूलीको सङ्गममा हेर ।
भैरवेश्वर महादेव मन्दिर रहेको छ ॥
शृङ्ग पर्वत त्यही नै हो फेदी भैरवेश्वर ।
ब्रह्माजीको तपोभूमि जय जगदीश्वर ॥
शिवजीको भैरवमूर्ति ब्रह्माजीले पुजे ।
इच्छा गरे जति प्राणी सृष्टि गर्न सके ॥
उद्भिज्जको सृष्टि भयो स्वेदजको भयो ।
अण्डजको सृष्टि भयो जरायुज भयो ॥
अर्को कथा बालकको एक आँखा दोषी ।
दैवज्ञका घर गई गरे सोधी खोजी ॥
ज्ञान पाए भैरवेश्वर महादेव जाऊ ।
त्यहीं गई समस्याको समाधान पाऊ ॥
पूज्यो देव भयो खुसी कैलाशमा गयो ।
शिवगण बन्नी त्यो त आनन्दले रह्यो ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विरूपाक्ष त्यहीँ गए चतुर्दशी तिथि ।
माघशुक्ल पक्ष थियो बत्ती बाल्ने मिति ॥
एकादश सुते बत्ती बाली पूजा गरे ।
ज्ञानी बने विरूपाक्ष अन्त ज्ञान दिए ॥
चैत्रशुक्ल पूर्णिमामा विशेष पर्व हुन्छ ।
भैरवेश्वर महादेवको कृपावृष्टि हुन्छ ॥

जय जय भैरवेश्वर जय सदाशिव ।
जय कल्याणदायी देव देव महादेव ॥

स्कन्दजीको बोली भन्छ- भैरवेश्वर जाऊ ।
ज्योतिर्लिङ्ग त्यहीँ नै छ- ध्यानदृष्टि लाऊ ॥

नेपालाख्ये महाक्षेत्रे बहुतीर्थविराजिते ।
क्रमात्तदुत्तरे तीर्थे भैरवाख्ये ततो हि विट् ॥

(११४/२०)

२७. ब्रह्मेश्वर महादेव, कविलास, नुवाकोट

ब्रह्मगङ्गा ब्रह्मपदी नदी दोभानमा ।
ब्रह्मतीर्थ रहेको छ सदाशिव जहाँ ॥
बस्नुहुन्छ आफू बनी ज्योतिर्लिङ्गरूप ।
त्यहीँ बसी ब्रह्माजीले गर्नुहुन्छ जप ॥
शिवजीले खुसी भई वर दिनुभयो ।
सृष्टि गर जीव आदि भन्दै जानुभयो ॥
सृष्टि भए चारै जीव एक एक गरी ।
एक सिकारी मुक्त भयो ब्रह्मतीर्थ झरी ॥
ब्रह्मशर्मा पनि लागे शिव खुसाउन ।
मुक्त भए तिनी स्वयं ज्ञान सिकाउन ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

विरूपाक्ष त्यहीं पुगे अष्टमीको दिन ।
कार्तिक कृष्ण महिना थियो देव पूजा गर्न ॥
ज्ञानी बने विरूपाक्ष ब्रह्मेश्वर जाँदा ।
ब्रह्मेश्वर महादेव दायाँ बन्न सक्दा ॥
ज्योतिर्लिङ्ग ब्रह्मेश्वर बालाचतुर्दशी ।
शिवरात्रि अनि तीज माघशुक्ल तिथि ॥
पूर्णिमामा पर्व पूजा हुन्छ त्यहाँ जाऊँ ।
ब्रह्मेश्वर महादेव शरणमा जाऊँ ॥

जय जय ब्रह्मेश्वर सदाशिव बाबा ।
जय जय ब्रह्मतीर्थ जय भोले बाबा ॥

स्कन्द मुनि लेखिदिन्छन् नेपालको गाथा ।
ब्रह्मेश्वर महादेव सदाशिव गाथा ॥

तत्रैव ब्रह्मणा स्नातमेतयोः सङ्गमे मुदा ।
तस्माच्च ब्रह्मतीर्थोऽयं सर्व्वतीर्थोत्तमोत्तमः ॥
(११५/१३)

२८. कार्तिकेश्वर महादेव, कविलास, नुवाकोट

चन्द्रदीप्ति सिद्धरसा नदी सङ्गममा ।
स्कन्दतीर्थ त्यहीं नै छ कार्तिकेश्वर जहाँ ॥
स्कन्देश्वर पनि भन्छन् जहाँ दैत्य आए ।
ब्रह्मा खुसी पारेपछि अजम्बरी पाए ॥
बालकले मार्न सक्ने वर मागी गए ।
अरूलाई जितिदिए एकछत्र भए ॥
स्कन्द कुमार साना थिए शिवजीका पुत्र ।
तारकासुर दैत्य मारे तिनले फटाफट ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्कन्द भन्नु कार्त्तिकेय एकैलाई जान ।
शिवज्योति साथ हुने महान् हस्ती ठान ॥
कार्त्तिकेय नामबाट कार्तिकेश्वर भयो ।
स्कन्दकुमार नामबाट स्कन्देश्वर भयो ॥
उल्टापुल्टा अमिल्दा ती पुरेतको कथा ।
बँदेल भै जन्मे तिनी रिस डाह गर्दा ॥
त्यो जुनीमा पनि भिडे पुरेत जुनीजस्तै ।
लड्दै जाँदा स्कन्दतीर्थ डुब्न पुगे त्यसै ॥
अर्को जन्म अनौठा ती बँदेल मान्छे भए ।
शिवलिङ्ग छुन पुगे दुवै मुक्त भए ॥
चैत्रशुक्लचतुर्दशी दिन परेको थियो ।
कैलाशवासी बन्न पुगे शिव दर्शन मिल्यो ॥
विरूपाक्ष पनि गए कार्त्तिकेश्वर पुगे ।
पूजाआजा सबै गरे द्वितीयामा रमे ॥
फाल्गुणकृष्ण पक्ष थियो ज्ञानयुक्त भए ।
अरूलाई ज्ञान दिए आत्मज्ञानी भए ॥
जप गरौं पञ्चाक्षरी पूजापाठ गरौं ।
जय बाबा कार्त्तिकेश्वर स्कन्देश्वर भनौं ॥
जय बाबा कार्त्तिकेश्वर स्कन्देश्वर जय ।
जय सदा शिव जय जय बाबा जय ॥

स्कन्दजीको उक्ति भन्छ - कार्त्तिकेश्वर जाऊँ ।
स्कन्देश्वर जाऊँ यहाँ ज्योतिर्लिङ्ग जाऊँ ॥

कदा समुद्भवं लिङ्गं कार्त्तिकेयेश्वरः श्रुतः ।
को मुक्तोऽत्र च तीर्थे वा वद मे मुनिकेश्वर ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
(११६/५)

CC-0.In Public Domain. Digitization by eGangotri

२९. शतरुद्रेश्वर महादेव, शिवपुरी, काठमाडौं

विश्वगङ्गा ज्येष्ठिलाको सङ्गममा एक ।
नरसिंहतीर्थ नजिक सदाशिव लिङ्ग ॥
शतरुद्रेश्वर नाम पवित्र छ ठाउँ ।
हिरण्यकशिपु मारी सुस्ताएको गाउँ ॥
डढेलो त्यो बचाउँथे नरसिंह देव ।
ज्येष्ठ महिना गङ्गा बगी ज्येष्ठिला नै भई ॥
विश्वगङ्गा त्यसै गरी नाम बन्न गई ।
आराध्य ती नदी भए पञ्चक्षरी जप्न ॥
ज्योतिर्लिङ्ग शिवजीमा ध्यान तप गर्न ।
नृसिंहको पूजाबाट शतरुद्रेश्वर ॥
प्रकट भई वर दिए सबै मुक्त गर ।
त्यसकै निम्ति बागमती नदी बह्यो अनि ॥
परशुजी पनि आए प्रतिज्ञा त्यो बोकी ।
क्षेत्री नाश गर्ने लक्ष्य पूरा गरौं भनी ॥
सूर्यकेतु राजा भए परशुले गर्दा ।
बाह्र वर्ष राज्य गरे कृष्णजीलाई भेट्दा ॥
चन्द्रावती छोरी उनकी प्रद्युम्नलाई दिए ।
सूर्यकेतु राजाचाहिँ कैलाशमा गए ॥
पञ्चतीर्थ त्यहीं नै छ नरसिंह तीर्थ ।
शतरुद्र, विश्वगङ्गा, शिवपुरी तीर्थ ॥
स्वप्नतीर्थ जम्मा गर्दा पञ्चतीर्थ भए ।
वैशाखमा तीर्थ गर्ने स्थान तिनै भए ॥
विरूपाक्ष पुगे त्यहाँ द्वितीयाको तिथि ।
फाल्गुणकृष्ण पक्ष थियो पूजापाठ मिति ॥
ज्ञान पाए शान्ति पाए मुक्तिज्ञान पाए ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
विरूपाक्ष शान्त भए इच्छाफल पाए ॥

CC-0.In Public Domain. Digitization by eGangotri

वैशाखको सङ्क्रान्तिमा फाल्गुण कृष्ण महिना ।
तृतीयाको तिथिमहाँ पर्व मेला त्यहाँ ॥
जय शतरुद्रेश्वर नृसिंहेश्वर जय ।
विश्वगङ्गा बागमती जय जय जय ॥
स्कन्दजीले भने जस्तै शतरुद्रेश्वर ।
ज्योतिर्लिङ्ग त्यही भयो सदाशिवेश्वर ॥

यत्रास्ते शतरूद्रोऽसौ हर्षपूर्णमनोरथः ।
नृसिंहाख्यमहातीर्थे स्नात्वा गिरिं समारूहत् ॥
(११७/३)

३०. काकेश्वर महादेव, गागलफेदी, काठमाडौं

आकाशगङ्गा ब्रह्मतीर्थ नजिकमा आई ।
काकेश्वर महादेव अवस्थित भई ॥
रहेकै त्यो बेला पारी शिव पार्वतीको ।
संवाद भयो कैलाशमा विवाद भयो तिनको ॥
मानवजस्तो अहङ्कार शिवजीमा आयो ।
पार्वतीको शान्त रूप संवादबिन्दु भयो ॥
एक्लै छोडी पार्वतीलाई शिव जानुभयो ।
शतकण्टक पर्वतको पोखरी त्यो भेटी ॥
गुफाभित्र पस्नुभयो व्योमगङ्गा डाकी ।
छहरामै रमाउँदै शिव बस्नुभयो ॥
त्यो जानेर पार्वतीजी काग बन्नुभयो ।
त्यही बेला त्रिपुरासुर दैत्य जागा भयो ॥
देवदेवी लखेटेर राज गर्दो भयो ।
त्यो बुझेका देवदेवी शिवध्यानी भए ॥
काग बनी पार्वतीको कुरा सुन्न गए ।
पार्वतीका कुरा सुनी शिव पुज्न थाले ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0 In Public Domain. Digitization by eGangotri

देवताका साथ खुसी भए बाबा भोले ।
वर दिए त्रिपुरासुर दैत्य नाशिदिन्छु ॥
आफ्नो ठाउँ जाऊ अब आदेश यो दिन्छु ।
त्यसैले त्यो शिवलिङ्ग काकेश्वर भयो ॥
त्यही ठाउँ सुष्कोदर चण्डाल पो पुग्यो ।
ब्रह्मतीर्थ पानी पियो काकेश्वर छोयो ॥
ज्ञानी भई पञ्चाक्षरी जप गर्दै रह्यो ।
मुक्त भयो कैलाशमा स्थान त्यसले पायो ॥
त्यही मन्दिर खोज्दै खोज्दै विरूपाक्ष पुगे ।
फाल्गुण कृष्ण पञ्चमीमा पूजा गर्दा भए ॥
ज्योतिर्लिङ्ग भेटेपछि उनी ज्ञानी भए ।
त्यही ज्ञान बाँडी हिँडे विरूपाक्ष जिए ॥
भाद्रशुक्ल अष्टमीमा शिवजीको पूजा ।
गर्ने गर्छन् सबैजना काकेश्वर देव ॥
काकेश्वर भजौं हामी सदाशिव भजौं ।
जय बाबा काकेश्वर जय हामी भनौं ॥
त्यसैले त स्कन्द भन्छन् महातीर्थ जाऊ ।
पूजा गर ज्योतिर्लिङ्ग काकेश्वर जाऊ ॥

सुन्दर्याख्ये महातीर्थे ब्रह्मतीर्थे ततः पुनः ।
स्नात्वागमद् विरुपाक्षो यत्र काकेश्वरो विभुः ॥
(११८/२)

३१. मणिचूडेश्वर महादेव, मणिचूड पर्वत, काठमाडौं

जलक्रीडा गर्नलाई शिवजीले छाने ।
मणिचूड पर्वतको पोखरीमा पुगे ॥
ब्रह्मानन्द बनी त्यहीँ बस्ने बेला ।
देवदेवी खोज्दै आए पार्न शिव फेला ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

योगिनीको पूजा गरे खुसी पारे तिनले ।
वज्रजस्तो बोली गर्दै योगिनीलाई सोधे ॥
शिव हाम्रा कता गए जानकारी पाऊँ ।
योगिनीमा प्रार्थना छ जानकारी पाऊँ ॥
योगिनीले भनिदिइन् मणिचूड जाऊ ।
पोखरी छ त्यहीँ हेर शिवजीको ठाउँ ॥
त्यहाँ पुगे शिव शक्ति दुवैलाई भेटे ।
दर्शन पाए शिवजीको इतिवृत्त लाए ॥
त्यही लिङ्ग मणिचूड त्यही ज्योतिर्लिङ्ग ।
मणिचूडेश्वर त्यहीँ त्यही सदा शिव ॥
म्लेम्छ आयो पोखरीमा पौडी खेल्दो भयो ।
मुक्त भयो स्वयं उता कैलाश पो गयो ॥
विरूपाक्ष त्यहीँ पुगे ने मुनिलाई सुनी ।
पूजा पाठ त्यहाँ गरे ज्योतिर्लिङ्ग मानी ॥
फाल्गुणकृष्णसप्तमीमा पूजापाठ गरे ।
ज्ञानी भए विरूपाक्ष आनन्दित भए ॥
चैत्रशुक्लपूर्णिमामा विशेष मेला हुन्छ ।
मणिचूडेश्वर ज्योतिर्लिङ्ग दर्शन हुन्छ ॥

जय मणिचूडेश्वर जय बाबा जय ।
जय जय सदाशिव जय बाबा जय ॥

स्कन्द मुनि भन्छन् यस्तो मणिचूडगाथा ।
मणिचूडेश्वर भजे शान्त हुन्छन् व्यथा ॥

अतश्चोर्ध्वह्रदे रम्ये तत्र तिष्ठति शङ्करः ।
त्रैलोक्यं मायया मां च समूह्य खलु निर्ज्जनः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

३२. योगेश्वर महादेव, बज्रयोगिनी, काठमाडौं

शिवशक्ति दुवै आए मणिपर्वत पुगे ।
मणितीर्थ यहीँ नै छ आनन्दमा रमे ॥
योगेश्वर त्यहीँ नै छ सबले पूजा गर्ने ।
सप्त ऋषि आई त्यहीँ जप तप गर्ने ॥
योगिनीको पूजा गर्न विरूपाक्ष लागे ।
कोटि कोटि नमस्कार भन्दै ध्यान गरे ॥
देवीदास राजा आए योगिनीकै ठाउँ ।
कलिङ्गका राजा ती हुन् देवीदास नाउँ ॥
नारदको कुरा मानी नागदह पुगे ।
मणिचूड पर्वतमा ध्यान गर्न लागे ॥
श्रद्धाभक्ति युक्त भई दु:ख कष्ट खपे ।
मणितीर्थ नुहाएर नवार्णव जपे ॥

(ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे
ॐ ग्लौं हुँ क्लीं जूं सः ज्वालय
ज्वल ज्वल प्रज्वल प्रज्वल
ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे
ज्वल हं सं लं क्षं फट् स्वाहा)

योगिनीकै नामबाट योगेश्वर शिव ।
पार्वती नै योगिनी हुन् शिवशक्तिद्वय ॥
त्यै ठाउँमा विरूपाक्ष फाल्गुणमा पुगे ।
शुक्लपक्ष अष्टमीको तिथि तिनले भेटे ॥
शिवजीको भजन गरे योगेश्वर माने ।
योगिनीको शक्तिसँग शिवशान्ति जोडे ॥
ज्योतिर्लिङ्ग योगेश्वर माता योगिनीको ।
पाउ पर्छौ पूजा गर्छौ ध्यान शिवजीको ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ज्ञान दाता शान्ति दाता जय बाबा जय ।
जय माता योगेश्वर योगिनीको जय ॥
आश्विनकृष्ण नवमीमा विशेष पर्व हुन्छ ।
स्कन्दजीको बोली बुझ्दा ज्ञान सिन्धु खुल्छ ॥

सम्पूज्य विधिवल्लिङ्गं स्नात्वा मणिह्रदे द्विज ।
अगमन्नमुनिना सार्द्धं स स्थिता यत्र योगिनी ॥
(१२०/१)

३३. नारायणेश्वर महादेव, लप्सीफेदी, काठमाडौं

गन्धमादन पर्वतको पोखरीमा बस्ने ।
नारायणेश्वर ज्योतिर्लिङ्ग सबैले देख्ने ॥
बैद्धा महादेव अनि महादेवझुला ।
बोलीचाली त्यही भन्छ, नदी घट्टेखोला ॥
ठूलो दह त्यहीँ नै छ पार्वतीको कुण्ड ।
दहबीचकै शिला नै हो देव महादेव ॥
चतुर्बाहु शिवजीका दुई पाउ त्यहाँ ।
देख्न सक्छ जो कोहीले ध्यान दृष्टि दिँदा ॥
कोही भन्छन् नारायणपोखरी नै त्यही ।
कोही भन्छन् पार्वतीको कुण्ड पनि त्यही ॥
नारायणी नदी बग्छ बग्छ मणिमती ।
सङ्गममा योगतीर्थ पवित्र छ अति ॥
नारायणले शिवजीको ध्यान गरेको ठाउँ ।
नमो नारायणेश्वर यो जपेको ठाउँ ॥
त्यो ठाउँमा सनत्कुमार ध्यान गर्न आए ।
ब्रह्माजीका मानस पुत्र योगतीर्थ धाए ॥
नारायणेश्वर शिवले वर दिँदा त्यहाँ ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
मुक्त भए नरदेव दैत्य जहाँ तहाँ ॥

CC-0.In Public Domain. Digitization by eGangotri

कुनै बेला ब्रह्मपुरमा एक व्यक्ति थिए ।
सत्य कुरा बोल्न पनि तिनी डराइरहे ॥
त्यसले गर्दा बहिरा थिए पलाँस टिप्न गए ।
पोखरीमा परे अनि कान सुन्ने भए ॥
चाण्डालको कथा त्यस्तै पोखरीमा आयो ।
पाँचपल्ट पौडी खेल्यो मुक्त बन्न गयो ॥
त्यहाँ हुने मणिमती रत्नावती नदी ।
तल पुग्दा शालीनदी बन्न पुग्यो भनी ॥
सबैजना बुझ्न सक्छौं त्यसकै पोखरीमा ।
मङ्गलसिद्धि भन्ने आए भाँडा उठाउन ॥
राखे भाँडा पोखरीका डोका भरीभरी ।
पोखरीमा पर्न गए भाँडा सबै झरी ॥
खसेका ती भाँडाहरू सुन भए सब ।
अनौठो छ कहानी त्यो कति भन्ने अब ॥
त्यो ठाउँमा विरूपाक्ष वैशाखमा पुगे ।
शुक्ल पञ्चमीमा स्नान गरी पूजा गरे ॥
नारायणेश्वर शिव सधैं भजिरहे ।
ज्ञानवृद्ध बन्न पुगे ध्यानवृद्ध बने ॥
फाल्गुण कृष्ण दशमीमा विशेष पर्व हुने ।
त्यो ठाउँमा सदा शिव सधैं बसिरहने ॥

नारायणेश्वर जय सदाशिव जय ।
जय बाबा महादेव जय बाबा जय ॥

त्यसैले त स्कन्दजीले लेखिदिए टक्क ।
ज्योतिर्लिङ्गमहिमा यो बुझ्ने गरी स्पष्ट ॥

अत्र नारायणे रूद्रं समाराधितवान् पुरा ।
तस्मात्समुद्भवं लिङ्गमेतद्ध्रदजलोत्तमे ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
(१२१/६)

CC-0.In Public Domain. Digitization by eGangotri

३४. ज्योतिर्लिङ्गेश्वर, साँखु, काठमाडौं

कामधेनु पर्वतमा रत्नावती गङ्गा ।
पश्चिममा योगतीर्थ ईश ज्योतिर्लिङ्ग ॥
शिवलाई डाकीकन त्यहीँ शिला थापे ।
पद्मासन कसे अनि पञ्चाक्षरी जपे ॥

(ॐ नमः शिवाय)

कार्तिकशुक्लनवमीको हुँदा आधा रात ।
झलमल्ल ज्योति निस्क्यो ज्योतिर्लिङ्गबाट ॥
सनातनी खुसी भए इच्छा पूर्ण भयो ।
कुसङ्गी थ्यो कुनै एक यमलोक गयो ॥
सूचीमुखी बनी पुनः अर्को जन्म भयो ।
ज्योतिर्लिङ्ग पुगी उसले ध्यान पाठ गऱ्यो ॥
मुक्त भयो कैलाशपद त्यसैबाट पायो ।
खुशी भई रमाएर शिव भजन गायो ॥
नेमुनिको सुझावले विरूपाक्ष पुगे ।
वैशाखकृष्णपञ्चमीमा व्रत पूजा गरे ॥
ज्योतिर्लिङ्ग दर्शन गरे ज्ञान आर्जन गरे ।
अरूलाई ज्ञान दिँदै आफैं पार तरे ॥
वैशाख शुक्ल पूर्णिमामा पर्वपूजा हुन्छ ।
माघ महिनाभर मेला त्यही ठाउँ हुन्छ ॥
पूजा ध्यान पाठ गरौं ज्योतिर्लिङ्ग बाबा ।
जय जय रत्नावती जय सदाशिव ॥
त्यसैले त स्कन्दजीले लेखिदिए चट्ट ।
बुझ्ने गरी भनिदिए दर्शन गरौं झट्ट ॥

ज्योतिर्लिङ्गं समालोक्य सनकोऽपूजयन्मुदा ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
नानोपहारैर्भक्त्या स्तवैर्जप्यैः परिक्रमैः ॥

CC-0.In Public Domain. Digitization by eGangotri

३५. रत्नचूडेश्वर महादेव, नगरकोट, भक्तपुर

रत्नतीर्थ नजिकैमा शिवलिङ्ग थापी ।
ब्रह्माजीले पूजा गरें ज्योतिरूप मागी ॥
शिवजीको ज्योतिरूप त्यहीं प्रकट भयो ।
त्यही लिङ्ग रत्नचूडेश्वर बन्न गयो ॥
नवरत्न शिवलिङ्ग जङ्गलको माझ ।
पोखरी छन् छेउछाउ सुरम्य झन् आज ॥
विरूपाक्ष पनि पुगे नौ धाराको गाउँ ।
वनधारा नदी बन्ने पवित्र त्यो ठाउँ ॥
त्यही ठाउँमा गुणनिधि मुक्त भएको हो ।
ब्रह्मचारी भेटेर त्यो असल व्यक्ति भयो ॥
पापमुक्त भयो स्वयं ज्ञानी गुणी भयो ।
आफ्नो नाम साकार पारी कैलाश जान पायो ॥
नागदह नुहाएर शिवजीको ध्यान ।
गऱ्यो त्यसले पञ्चाक्षरी मन्त्र जपीकन ॥

(ॐ नमः शिवाय)

आषाढशुक्लपूर्णिमाको आधारात हुँदा ।
धन्य भयो गुणनिधि शिवदर्शन हुँदा ॥
फाल्गुणकृष्णचतुर्दशी विरूपाक्ष पुगे ।
ध्यान गरे, पूजा गरे, कीर्तनादि गरे ॥
शिव दर्शन पाए अनि ज्ञानी कहलाए ।
जलधारा चढाएर नित्य पूजा गरे ॥
सङ्क्रान्ति र एकादशी पूर्णिमाका दिन ।
पूजापाठ सधैं हुन्छ रत्नचूडेश्वरमा ॥
जनैपूर्णिमामा अनि मेषसङ्क्रान्तिमा ।
मेला पर्व लाग्ने गर्छ सधैं यो तीर्थमा ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विशेष पर्व हुने बेला सबै जना जाऔं ।
रत्नचूडेश्वरजीको महिमा यो गाऔं ॥

रत्नचूडेश्वर बाबा सदाशिव बाबा ।
ज्योतिर्लिङ्ग महादेव भोले महादेव ॥

स्कन्दपुराणले भन्छ रत्नचूडगाथा ।
रत्नचूड दर्शन गरे शान्त हुन्छन् व्यथा ॥

रत्नेन कल्पितं लिङ्गं रत्नचूडेश्वरः श्रुतः ।
एतद्ध्रदात्समुद्भूता नवधारा नदीवरा ॥

(१२३/९)

३६. वागीश्वर महादेव, वागीश्वर, भक्तपुर

वीरगङ्गा वीरतीर्थ नदी दोभानमा ।
दोलागिरी पर्वतको मीठो आश्रयमा ॥
वाकनामी व्यक्ति आए तपस्यारत बने ।
वर्षौंसम्म तप गरे हाडछाला बने ॥
श्रावणशुक्लपूर्णिमाको हुँदा आधारात ।
शिवदर्शन तिनले पाए झुकाएर माथ ॥
कालान्तरमा वागीश्वर बन्यो लिङ्ग त्यहाँ ।
शिवजीको भक्ति गर्न भक्त जान्छन् त्यहाँ ॥
ज्येष्ठकृष्णऔंसी पारी विरूपाक्ष पुगे ।
पूजापाठ गरे तिनले ज्ञानसिन्धु पाए ॥
श्रावणशुक्ल पूर्णिमामा विशेष पर्व हुन्छ ।
त्यो पर्वमा मन्दिर पुगे आनन्दले छुन्छ ॥

ज्योतिर्लिङ्ग महादेव वागीश्वर देव ।
जय जय हामी भन्छौं जय सदाशिव ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्कन्द बोली बुझ्दै जाऊँ दिन दिन हामी ।
वागीश्वर महादेव जय गाऔं हामी ॥

यत्र वागीश्वरो लिङ्गं रत्नह्रदाद्रिकिंशुके ।
वीरनद्यां सुखं स्नात्वा वागीश्वरमपूजयत् ॥
(१२४/२)

३७. कीलेश्वर महादेव, चाँगुनारायण, भक्तपुर

कश्यपकी पत्नी दिति मुर तिनको वंश ।
दैत्य हो त्यो ब्रह्माजीको ध्यान गर्न जान्छ ॥
खुसी हुँदा ब्रह्माजीले वरदान दिए ।
पुरुषले नमासिने आशीर्वाद दिए ॥
स्त्रीजातिलाई आफैं सक्छु म नै तह लाउँछु ।
त्यति भए मलाई पुग्छ वर स्विकार्दछु ॥
त्यै वरको बल बोकी मुर साँढा भयो ।
देव मानव जित गर्दै राज्य गरिरह्यो ॥
डराएका देवताले शिवजीको ध्यान ।
गर्न पुगे दोलागिरी खोजे शिव ज्ञान ॥
त्यो जानेर मुर दैत्य डाँडै उचालेर ।
नागदहमा डुबाउँछु भन्ने सोचसाथ ॥
शिव विष्णु दुवै लागे डाँडो बचाउन ।
तान्त्रिकको रूप लिई हवन गराउन ॥
नववर्ण मन्त्र जपी हवन हुन थाल्यो ।
छिन्नमस्ता भगवती प्रकट हुनुभयो ॥

(ॐ ऐं ह्रीं क्लीं जूं सः ज्वालय
ज्वल ज्वल प्रज्वल प्रज्वल
ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
ज्वल हं सं लं क्षं फट् स्वाहा)

CC-0.In Public Domain. Digitization by eGangotri

दैत्य नासी छिन्नमस्ता मुरमा खनिनुभो ।
छिन्नमस्ताकोपबाट मुर त्यहीँ मर्‍यो ॥
शिवजीले विष्णुलाई त्यहीँ भन्नुभयो ।
यहीँ बस सुरक्षा देऊ आज्ञा दिनुभयो ॥
तिम्रो साथ सधैँ हुन्छु भन्दै शिवजीले ।
त्यहीँ बस्नुभयो लिई कीलेश्वर रूप ॥
शिव विष्णु दुवै देव बस्ने गरे यहाँ ।
छिन्नमस्ता बस्ने गर्छिन् किलेश्वरमहाँ ॥
नागपञ्चमी, एकादशी, द्वादशीका दिन ।
विशेष पर्व हुने गर्छ कीलेश्वरजीमा ॥
विष्णुभद्र नारायणका परम भक्त थिए ।
तिनी आई नारायण मन्त्र जपिरहे ॥
नारायण नारायण भज नारायण ।
नारायण नारायण भज नारायण ॥
त्यही मन्त्रको बलले गर्दा चर्तुबाहु भेटे ।
किलेश्वर महादेव दर्शन गर्न पाए ॥
शङ्खपोखरी नुहाएर दोलागिरी गए ।
छिन्नमस्ता दर्शन पाए धन्य धन्य भए ॥
घोडमुखे सुग्रीवले चाँप फूल लिई ।
पूजा गरे कीलेश्वर हर्दम मन दिई ॥
त्यसैले त कोही यसलाई चम्पकेश्वर भन्छन् ।
किलेश्वर चम्पकेश्वर एउटै हो भन्छन् ॥
गोठालोले देख्यो गाई चाँपवृक्ष मुनि ।
सधैँ भरि गईकन दुध त्यहीँ दिने ॥
खोजी गर्‍यो शिव भेट्यो चम्पकेश्वर नाउँ ।
त्यै बेलामा बन्न गयो ध्यानदृष्टि लाऊँ ॥
गरुडकी माताजीको विनता हो नाउँ ।
नागमाता कद्रुजी हुन् सौतेनीको ठाउँ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गरुडसित नाग सबै हुन्थे भयावह ।
त्यै डरले नाग लुक्ने ठाउँ नागदह ॥
गरुड कुर्ने त्यो पर्वत चाँगुनारायण ।
सधैँभरि कुरी बस्थे जपी नारायण ॥
शङ्खपाल नाग देव विष्णुध्यानी उनी ।
कुनै दिन विष्णुजीले वर दिए गुनी ॥
त्यही वरले गर्दाखेरि नागदह बन्यो ।
मोक्षदाता तीर्थ भयो शङ्खपोखरी त्यो ॥
विरूपाक्ष त्यहाँ गए चैत्र शुक्ल महिना ।
द्वितीयाको तिथि रह्यो पूजा पाठ गर्न ॥
त्यहाँ भजे शिवजी त विष्णु त्यहीँ भजे ।
छिन्नमस्ता त्यहीँ भजे कीलेश्वर भजे ॥
हामी पनि भज्दै जाऔं कीलेश्वर बाबा ।
ज्योतिर्लिङ्ग बाबा भन्छौं चम्पकेश्वर बाबा ॥
जय जय कीलेश्वर सदाशिव जय ।
जय जय छिन्नमस्ता नारायण जय ॥
स्कन्द बाबा भन्नुहुन्छ कीलेश्वर पुज ।
अनि मात्र मोक्ष हुन्छ यति कुरा बुझ ॥

यत्र विराजते रूद्रः सह तार्क्ष्येण विष्णुना ।
कीलेश्वरो महालिङ्गो योजनार्द्धे घटोद्भवः ॥
(१२५/२)

३८. वाल्मीकेश्वर महादेव, भक्तपुर

वीरभद्रा सङ्गममा वीरतीर्थमहाँ ।
सुबोध र भद्राचल पर्वतको छायाँ ॥
त्यहीँ एक रत्नाकर व्याधा पनि थिए ।
सिकार गर्नाई दिक्क हुँदा जोगी साधै थिए ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

त्यो देखेर जोगी भन्छन् - तिम्रा आश्रितले ।
मलाई मारे पाप लाग्छ भने के गर्ने रे ?
सोधी आऊ यहीं बस्छु माने भने मार ।
हैन भने मन्त्र दिन्छु जप बारम्बार ॥
यो सुनेका रत्नाकर घरतिर गए ।
परिवारको कुरा सुन्दा जोगी पत्यार गरे ॥
घरबार छोडिदिए 'राम' जप्न थाले ।
तिनै व्यक्ति कालान्तरमा वाल्मीकि पो भए ॥
पञ्चाक्षरी मन्त्र जपी बस्ने गर्दा त्यहाँ ।
धमिराले गोलो लायो उनको शरीरमा ॥
त्यही मन्त्र जप्तै गर्दा शिवदर्शन पाए ।
शिवदर्शन पाई उनी धन्य धन्य भए ॥
तिनै शिव वाल्मीकिका नामधारी बने ।
वाल्मीकेश्वर महादेव बनी त्यहीँ जमे ॥
त्यहीँ आए हनुमान्जी तप ध्यान गर्न ।
सिद्धि पाए रामभक्त बनी सेवा गर्न ॥
त्यही भएर हनुमन्ते पूजा गर्ने गरे ।
वीरतीर्थ नुहाउन सबै अघि सरे ॥
दुर्मुखाको अर्को कथा त्यहाँ भन्ने गर्छन् ।
उनी आफ्नै बच्चालाई जङ्गलमा छोड्छन् ॥
सिकारीले लग्यो बच्चा खुसीसाथ पाल्यो ।
बाह्रवर्षे ठिटो हुँदा सिकार गर्न थाल्यो ॥
हनुमान्तीर्थ पुग्यो ठिटो जलधारा लायो ।
ज्वरो आयो बिरामी भई देहत्याग गर्‍यो ॥
अर्को जुनी त्यही बालक विश्वकेतु भयो ।
महादेश राजा भई राज गरिरह्यो ॥
शत्रु लागे राज छोडी वीरतीर्थ आयो ।
पौषशुक्लपूर्णिमामा तपमै ज्यान गयो ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

जन्म मृत्यु छुटेर त्यो शिवगण भयो ।
भवसागर पार गरी त्यहीं मुक्त भयो ॥
विरूपाक्ष त्यहीं आए पूजाआजा गरे ।
चैत्रशुक्ल तृतीयामा तिनले ज्ञान पाए ॥
पौषशुक्ल पूर्णिमामा पर्व हुने ठाउँ ।
मौका मिल्दा जैलेसुकै वाल्मीकेश्वर जाऊँ ॥

वाल्मीकेश्वर ज्योतिर्लिङ्ग जय बाबा जय ।
सदा शिव जय बाबा वाल्मीकेश्वर जय ॥

त्यसैले त स्कन्द भन्छन् लय हाली हाली ।
सुनौं गुनौं सबै हामी बुझौं अर्थ खाली ॥

वाल्मीकेन कथं पूर्वमेष वै स्थापितः शिवः ।
वीरभद्र महातीर्थ प्रोक्तं मे भवता कथम् ॥

(१२७/५)

३९. मङ्गलेश्वर महादेव, उलाछें, भक्तपुर

मङ्गल नामक ज्ञानी थिए भद्रतीर्थ जान्थे ।
सुबोध पर्वत गई त्यहाँ शिवभक्ति गर्थे ॥
त्यो भक्तिको प्रतापले मङ्गलेश्वर भयो ।
त्यै ठाउँमा ऊर्ध्वकेशी व्याधा पनि गयो ॥
सुन्यो बाजा सुन्यो गीत नाच पनि देख्यो ।
त्यो देखेर विपना कि सपना झैं भयो ॥
त्यत्तिकैमा ऊर्ध्वकेशी ज्ञानी बन्न पुग्यो ।
ध्यान लगाई पञ्चाक्षरी मन्त्र जप्न थाल्यो ॥

(ॐ नमः शिवाय)

भाद्रकृष्णचतुर्दशी शिवदर्शन गरे ।
विरूपाक्ष पनि पुगे त्यहीं जलधारा दिए ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

शिवमन्त्र पाठ गरे, ध्यान तिनले गरे ।
शिवभक्ति गर्दागर्दै ज्ञानी बन्न पुगे ॥
फाल्गुणशुक्ल पूर्णिमामा पर्वपूजा हुने ।
त्यो ठाउँको विशेषता जानी राखे हुने ॥
त्यही जाउँ भजौं हामी मङ्गलेश्वर भजौं ।
ज्योतिर्लिङ्ग मङ्गलेश्वर सदा शिव भजौं ॥

जय बाबा मङ्गलेश्वर जय बाबा जय ।
जय जय भद्रतीर्थ सदाशिव जय ॥

स्कन्दपुराण हिमवत्खण्ड नेपालमाहात्म्यले ।
लेखिदियो ढुक्कसँग भजौं सबै जनले ॥

ततः प्रभृति लिङ्गं तन्मङ्गलेश्वर आश्रुतः ।
एतल्लिङ्गस्य माहात्म्यं भूयः शृणु वदामि ते ॥
(१२८/६)

४०. विमलेश्वर महादेव, सिपाडोल, भक्तपुर

विमलोदक तीर्थ नजिक शिवलिङ्ग थापी ।
विमलनामक तत्त्वज्ञले थाले काम जाति ॥
शिव शिव भन्दै बसे ध्यानमग्न हुँदै ।
मार्गकृष्णचतुर्दशी पर्व छोपिदिँदै ॥
शिलाबाट ज्योति बने विमलेश्वर बाबा ।
जय बाबा विमलेश्वर ज्योतिर्लिङ्ग बाबा ॥
माघकृष्णअष्टमीमा उनी मुक्त भए ।
कैलाशमा रमाएर तिनी बस्ने भए ॥
त्यहीँ गए विरूपाक्ष तीर्थस्नान गरे ।
चैत्रशुक्लसप्तमीमा शिवदर्शन गरे ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मेला लाग्छ शिवरात्रि तीजआदि पर्व ।
बालाचतुर्दशी अनि फाल्गुण शुक्ल पक्ष ॥
सप्तमीको तिथि हो त्यो मेला पर्व लाग्ने ।
देवशक्ति जागा हुने ज्ञानशक्ति दिने ॥

त्यसैले त सबै मिली विमलेश्वर जाऔं ।
जय बाबा विमलेश्वर ज्योतिर्लिङ्ग गाऔं ॥

स्कन्दजीले त्यै बुझेर लेखिदिए तत्त्व ।
विमलेश्वरस्वरूपका शिवको महत्त्व ॥

आसीद्विरुपदृक् पूर्वं विमलो नाम विश्रुतः ।
वेदवेदाङ्गतत्त्वज्ञः सर्वशास्त्रविशारदः ॥

(१२९/४)

४१. अनन्तलिङ्गेश्वर महादेव, भक्तपुर

ऋष्याश्रम नाउँ त्यसको ऋषि आश्रम छ ।
पराशर, बृहस्पति, अगत्स्य र धौम्य ॥
द्वैपायन, मार्कण्डेय, विश्वामित्र, गर्ग ।
गालव, लोमश आदि मिली सभा गर्ने पर्व ॥
त्यही ठाउँमा सभा भयो अनेक विषयमा ।
देशधर्म, राजधर्म, मोक्षधर्मादिमा ॥
ब्रह्मचर्चा त्यहीँ हुन्थ्यो राजचर्चा त्यहीँ ।
दैनिकीका चर्चा हुन्थे स्वास्थ्य शिक्षा त्यहीँ ॥
माटो खन्ने दैनिकीमा बृहदग्नि ऋषि ।
खन्दै गए खन्दै गए भेटे शिवशक्ति ॥
तीसौं हात खन्दा पनि छेउ नभेटेर ।
अनन्तलिङ्गेश्वर नाम दिए विचार गरेर ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ब्रह्मपुर नगरमा अतिलुब्ध व्यक्ति ।
जता पनि खान पुग्थे नपुगेमा राति ॥
चोरी कर्म पनि गर्थे यो जन्म त बित्यो ।
अर्को जुनी उलूक भई जन्मिन पो गयो ॥
जङ्गलमा छोडियो त्यो डुली डुली खायो ।
लिङ्गेश्वर पूजा गर्ने भक्तहरू देख्यो ॥
तिनकै पछि लागीकन ॐ कार गाउन थाल्यो ।
मुक्त भयो, ज्ञानी भयो कैलाशमा गयो ॥
त्यही ठाउँमा विरूपाक्ष पुगे कुनै दिन ।
चैत्रशुक्लअष्टमीको साइत पऱ्यो क्षण ॥
पूजा गरे, ध्यान गरे, ज्ञानवृद्ध बने ।
अरूलाई ज्ञान दिए, आफू ज्ञानी भए ॥
श्रावणको सोमबार बालाचतुर्दशी ।
शिवरात्रि फाल्गुणकृष्णअष्टमीमा पनि ॥
पर्वपूजा गर्ने चलन त्यहाँ हुन्छ राम्रो ।
भक्तिसाथ पूजा गरे उद्धार हुन्छ हाम्रो ॥
ज्योतिर्लिङ्ग जय जय सदाशिव जय
अनन्तको शक्तिसाथ शिवतत्त्व जय
स्कन्द मुनि भन्छन् यही त्यो ठाउँमा जाऔं
अनन्तलिङ्गेश्वरजीको जय जय गाऔं ।

आसन् पूर्व विरुपाक्ष ऋषयोऽत्र सहस्रशः ।
तस्मादृष्याश्रमः प्रोक्तः शैलमेतद् विचक्षणैः

(१३०/५)

४२. विश्वरूपेश्वर महादेव, भक्तपुर

अगस्त्य र स्कन्दकुमार दुवैजना मिली ।
दर्शन गरे विश्वरूपेश्वर साथै गई ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
वृद्धगङ्गा सानो गङ्गा सङ्गममा पुगे ।
त्यही तीर्थमा विश्वरूपेश्वर शिव देखे ॥
श्रुतिश्रवा नामका एक व्यक्ति त्यहाँ बस्थे ।
पत्नी पुत्र मृत्यु हुँदा दुःखी भई बस्थे ॥
वैराग्यले घर छोडे शिव साथी भए ।
शिव शिव भनी भनी गान गर्दै गए ॥
तृतीयाको दिन थियो अक्षय त्यो मौका ।
गङ्गास्नान गरे तिनले शिवध्यानी बन्दा ॥
श्रावणशुक्लपूर्णिमामा ज्योतिरूप देखे ।
विश्वरूपेश्वर त्यहीँ ज्योति उनले चिने ॥
दीर्घतमा कथा त्यही हो वृद्धगङ्गा नुहाए ।
पद्मासन कसी बसे पञ्चाक्षरी गाए ॥
त्यो देखेर इन्द्रजीले अप्सरा पठाए ।
नाङ्गी तिनको हाउभाउले दीर्घतमा पग्ले ॥
जलमा पऱ्यो वीर्य उनको भेरुण्डाले खायो ।
अन्डाबाट बच्चा आउँदा तीन टाउके पो आयो ॥
त्रिशिरा हो त्यसको नाम नारद ऋषि भेट्यो ।
उनकै सन्देश मानेर नै पञ्चाक्षरी जप्यो ॥
पञ्चाक्षरी जपी जपी वृष्टि ताप खप्यो ।
मुक्त भयो त्रिशिरा त्यो कैलाशमा गयो ॥
विरूपाक्ष पनि पुगे त्यो ठाउँमा आफैं ।
चैत्रशुक्ल नवमीमा पूजा गरे आफैं ॥
विश्वरूपेश्वर खुसी भए ज्ञान पनि दिए ।
त्यही ज्ञानले विरूपाक्ष सधैं असल भए ॥
नित्य पूजा त्यहाँ हुन्छ फाल्गुणमा चाहिँ ।
शुक्ल पक्ष नवमीमा पर्व हुन्छ त्यहीँ ॥
जय विश्वरूपेश्वर जय बाबा जय ।
ज्योतिर्लिङ्ग महाप्रभो सदा शिव जय ॥
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्कन्दजीको भनाइले प्रमाण नै दिन्छ ।
नेपाल माहात्म्यमा पढ्दा सब छर्लङ्ग हुन्छ ॥

भूयोऽगच्छद् विरुपाक्षो मुनिना सह कुम्भज ।
विश्वरुपेश्वरो यत्र तं प्रणम्यानिशं मुनिम् ॥
(१३१/१)

४३. सोमेश्वर महादेव, गुण्डुखोला, भक्तपुर

सोम भन्ने चन्द्रमा हो उनका सत्ताईस कला ।
तिनै कला श्रीमती हुन् रोहिणी नै प्यारा ॥
उज्यालिने त्यही बेला त्यसैले ती प्यारी ।
अरू बेला अँध्यारिने चन्द्रमाको बानी ॥
दक्षजीका ज्वाइँ सोम ब्रह्माजीका नाति ।
असिक्नी चाहिँ उनकी सासू नाता भलिभाँती ॥
चन्द्रमाले अँध्यारिने श्राप पनि पाए ।
सोही मुक्त गर्न भनी सोमतीर्थ धाए ॥
सोमेश्वर पूजा गरे शिव दर्शन पाए ।
सोम नाम जोडेर नै सोमेश्वर आए ॥
तिनै सोम नक्षत्रमा कला देखाउने ।
गर्दा बन्छ ज्योतिषीको शास्त्र बनाउने ॥
तिनै सोम चन्द्रमाले यज्ञ सुरु गरे ।
गुरु पुरोहितलाई निमन्त्रणा गरे ॥
बृहस्पति गुरु थिए यज्ञ गर्न आए ।
पत्नि तारा पनि साथ साथै लिई आए ॥
तर चन्द्रमा र ताराजीले मायाप्रीति लाए ।
छोरो बुध जन्मेपछि बल्ल थाहा भयो ॥
के गर्ने कसो गर्ने हल्ला खल्ली भयो ।
बृहस्पति छोडी हिँडे तारा एक्लै रहिन् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

व्रती बनिन् उनी फेरि सोमेश्वर गइन् ।
ध्यान पूजा पाठ गरी बृहस्पति भजिन् ॥
कुरो मिल्यो दुवैले नै स्विकारेर बसे ।
चन्द्रमाको आफ्नो रूप पुनः प्राप्त गरे ॥
यही हाल इन्द्रपत्नी ती शचीको थियो ।
सुखश्रवा गन्धर्वको मोहजाल थियो ॥
निर्दोष थिए सुखश्रवा शची चञ्चल थिइन् ।
दोष पाए सुखश्रवा शची शुद्ध भइन् ॥
पञ्चाक्षरी मन्त्र जपे सुखश्रवा आई ।
सोमेश्वर भजिरहे सुखानन्द पाई ॥
चैत्रशुक्लचतुर्दशी ज्योतिर्लिङ्ग देखे ।
मुक्त भए त्यसपछि कैलाशमा गए ॥
विरूपाक्ष त्यहाँ पुगे शुक्ल एकादशी ।
चैत्र महिना त्यो त थियो पूर्णिमाव्रत बसी ॥
ध्यान गरे पूजा गरे सोमेश्वर बाबा ।
ज्योति दर्शन तिनले पाए जय जय बाबा ॥
फाल्गुण शुक्ल एकादशी विशेष पर्व हुन्छ ।
पर्व पारी पुगे हुन्छ पुण्य धेरै मिल्छ ॥
चटकेश्वर शिवलिङ्ग भगवती देवी ।
त्यतैतिर रहेका छन् जय देव देवी ॥
सोमेश्वर भजौं हामी ज्योतिर्लिङ्ग भजौं ।
ध्यान पूजा सबै गरौँ देवदेवी पूजौं ॥
स्कन्दजीको बोली बुझे सोमेश्वर जान्यौं ।
सोमतीर्थ पनि चिन्यौं सङ्केत जम्मै बुझ्यौँ ॥

भूयोऽगस्त्यागमद्विप्रो मुनिना तेन वै सह ।
यत्रास्ते सोमलिङ्गो हि दक्षशापविमोचकः ॥
(१३२/१)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

४४. गोभराटेश्वर महादेव लुभु, ललितपुर

चक्रावती गोशृङ्गीको दोभानमा पर्ने ।
शृङ्गतीर्थ पवित्र छ स्नान ध्यान गर्ने ॥
गोभराटेश्वर मन्दिर त्यहीं दर्शन गर्न मिल्छ ।
ज्योतिर्लिङ्ग हो त्यो देव जानु पनि पर्छ ॥
शृङ्गी ऋषि ध्यान गर्थे कामधेनु आयो ।
ऋषिमुख हेरिकन गोबर गरिदियो ॥
त्यही गोबरको लिङ्ग बनाई ध्यान गर्दै गर्दा ।
शिवजीको दर्शन भयो ऋषि दङ्ग पर्दा ॥
त्यसैले गोभराटेश्वर नाम बन्न गयो ।
आषाढकृष्णचतुर्दशी दिन परेको थ्यो ॥
शृङ्गी ऋषि मुक्त भए कैलाशवासी बने ।
वैश्य एक आयो उसले मुकुट लगाइदियो ॥
त्यही ठाउँमा विरूपाक्ष पुगे कुनै दिन ।
चैत्रशुक्लद्वादशीको रह्यो त्यही दिन ॥
पूजा गरे, ध्यान गरे ज्ञानी बने उनी ।
क्वाँटीपुन्ही अनि तीज बालाचतुर्दशी ॥
शिवरात्रि, पौष शुक्ल मेला हेर्न जाती ।
जाऔं हामी सबै मिली लुभुतिरै ताकी ॥
जय बाबा गोभराटेश्वर जय बाबा जय ।
सदाशिव जय बाबा ज्योतिर्लिङ्ग जय ॥
स्कन्दजीको वर्णनले अझ प्रामाणिक ।
गोभराटेश्वरको महिमा यो ठीक ॥

शृङ्गतीर्थे ततोऽगस्त्य गोभराटेशमेव च ।
सम्पूज्य विधिवल्लिङ्गं भक्त्या पञ्चोपचारकैः ॥
(१३३/१)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

४५. भृङ्गेश्वर महादेव, सुनाकोठी ललितपुर

ज्ञानवापी नागतीर्थ दुवै तपोभूमि ।
शिवदर्शन पाउने ठाउँ भृङ्गेश्वर भूमि ॥
त्यो भूमिमा बस्ने शिव पार्वतीका कुरा ।
सुन्यो एक भृङ्गीजीले हल्ला भयो पूरा ॥
कुरा थियो बीजमा हुने शिवशक्तिद्वय ।
ब्रह्मा पनि साथ हुँदा उब्जा हुने लय ॥
गोप्य ज्ञान बाहिरियो श्रापित भयो भृङ्गी ।
मर्त्यवासी बन्नुपऱ्यो भृङ्गेश्वर पुगी ॥
कुण्डलिनी तीर्थ नुहाई ध्यान जप गरे ।
वैशाखशुक्लपूर्णिमामा भृङ्गी पार तरे ॥
त्यही स्थल भृङ्गेश्वर ज्योतिर्लिङ्ग बने ।
विरूपाक्ष त्यहीँ गए शिवलिङ्ग पूजे ॥
नहुषको कथा भन्छ चन्द्रवंशी ती ता ।
इन्द्राणीको धर्म नास्ने सोचे अर्कै कुरा ॥
त्यो जानेकी इन्द्राणीले प्रस्ताव त्यो गरी ।
सप्तऋषि बोलाएर पाल्की चढ भनी ॥
प्रेमान्ध ती नहुषले तत्त्वज्ञान बिर्से ।
ऋषिलाई सर्प भने डोला बोक्न लाए ॥
उल्टै आफू सर्प भए इन्द्राणीको खेला ।
भृङ्गेश्वर दर्शनले भए मुक्त बल्ल ॥
विरूपाक्ष त्यहाँ आए पूजाआजा गरे ।
चैत्रशुक्लचतुर्दशी ध्यान पाठ गरे ॥
शिवरात्रि अनि तीज बालाचतुर्दशी ।
वैशाखशुक्ल पूर्णिमामा मेला लाग्छ कति ॥
त्यो ठाउँको महिमा छ भृङ्गेश्वर नाउँ ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
जय जय सदा शिव ज्ञान बुद्धि पाऊँ ॥

CC-0.In Public Domain. Digitization by eGangotri

त्यस्तो ठाउँ भृङ्गेश्वर सदा शिव गाऔं ।
ज्योतिर्लिङ्ग सदा शिव ध्यानी बन्न पाऔं ॥

स्कन्दजीले त्यही लेखे किताबमा पूरा ।
भृङ्गेश्वरमहिमाको मीठा मीठा कुरा ॥

भूयोऽगमद् विरुपाक्षो निशम्य तद्वचो मुदा ।
तेन सार्द्धं घटोद्भूत यत्र भृङ्गेश्वरो विभुः ॥
(१३४/१)

४६. त्रिलिङ्गेश्वर महादेव, पाटन, ललितपुर

महादेव, गौरी माता, स्कन्द कुमारको ।
तीन मूर्ति एकैसाथ प्रार्थना त्यो भयो ॥
तीन एक भई आए दर्शन दिनलाई ।
त्यसैले भो त्रिलिङ्गेश्वर नाम बुझ्नलाई ॥
दर्शन पाए ऋष्यादिले ललितारण्य ठाउँ ।
ज्योतिर्लिङ्ग त्यहाँ नै छ दर्शन गर्न जाऊँ ॥
तालजङ्घ थिए कुनै चोरी कर्म गर्थे ।
दुश्चरित्री थिए तिनी मान्छे मार्ने गर्थे ॥
गोपलाई मारे तिनले शिवमा दुध पर्‍यो ।
त्यही भएर मुक्त भयो कैलाशमा गयो ॥
त्यस्तै थियो व्याधा एक सिकारमा जाने ।
मट्का बोकी तिर्खा लागे त्यसमै पानी खाने ॥
कुनै दिन त्रिलिङ्गमा पानी खसाएछ ।
त्यही पुण्यले कैलाशको बाटो तताएछ ॥
विरूपाक्ष पनि पुगे त्यो ठाउँमा ध्यान ।
तप, पूजा सारा गरे ज्ञानी गुनी हुन ॥
मार्गशुक्लपूर्णिमामा तिनी त्यहाँ पुगे ।
त्यस्तै पर्व मार्गशुक्लपूर्णिमामा जुटे ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

जाऔं त्यहाँ 'ज्यापू द्यो' छ त्रिलिङ्गेश्वर जाऔं ।
ज्योतिर्लिङ्ग त्रिलिङ्गेश्वरको महिमा यो गाऔं ॥

स्कन्दवाणी त्यही नै हो त्रिलिङ्गेश्वर देवमा ।
समर्पित गऱ्यौं बोली सदाशिवादिमा ॥

मुनिकुण्डे पुनः स्नात्वा त्रिलिङ्गेशमपूजयत् ।
दिव्ये च ललितारण्ये भक्त्या नानाप्रसूनकैः ॥

(१३५/२)

४७. कुपितेश्वर महादेव, पाटन, ललितपुर

कुपितेश्वर कोपेश्वर दुवै एक नाउँ ।
दुवै शिव बहुनामप्रार्थीको त्यो ठाउँ ॥
उदककुण्ड त्यहीं पर्छ कुपितजी आए ।
त्यहीं न्वाए ध्यान गरे शिवदर्शन पाए ॥
रातो चन्दन, रातो वस्त्र रातै अक्षताले ।
पूजा गर्ने चलन चल्यो शुद्ध भावनाले ॥
ठगी गर्ने कुनै म्लेच्छ व्यभिचारी थियो ।
भरियाको धान लुटी शिवलिङ्गमा पाऱ्यो ॥
बिल्वपत्र झाऱ्यो सुत्यो शिवजीमा पाऱ्यो ।
धानधनीले लाठी हान्दा शिव शिव भन्यो ॥
भक्तरक्षा गर्न भनी शिवजी नै जागे ।
कुपित भै दर्शन दिए कुपितेश्वर भए ॥
विरूपाक्ष पुगे त्यहाँ चैत्रकृष्ण महिना ।
द्वितीयाको तिथि थियो पूजापाठ गर्न ॥
विशेष पूजा हुने दिन विरूपाक्ष पुगे ।
पजा ध्यान सबै गरे ज्ञानयुक्त भए ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

भनौं सबै मिलीकन कुपितेश्वर जय ।
जय बाबा कुपितेश्वर जय बाबा जय ॥

स्कन्दजीको उद्घोष यो सोचौं, बुझौं जानौं ।
ज्योतिर्लिङ्ग कुपितेश्वर जय बाबा भनौं ॥

भूयोऽगमत्ततोऽगस्त्य सिद्धोऽसौ मुनिना समम् ।
यत्र विराजते लिङ्गं रूद्राण्या कुपितेश्वरः ॥
(१३६/१)

४८. सर्वेश्वर महादेव, पाटन, ललितपुर

गौरीकुण्ड शिवगङ्गा तीर्थबीच एक ।
पाँचतले मन्दिर छ सर्वेश्वर देव ॥
ब्रह्माजीको तपःस्थली मन्त्र पञ्चाक्षरी ।
जीव, खाना सृष्टि गर्ने शिवादेश कुरी ॥
बसे उनी तथास्तुमै सृष्टि गर्न थाले ।
पार्वतीको तपःस्थली शिवजी पो आए ॥
भेट हुने त्यही थलो सर्वेश्वर देव ।
कुम्भेश्वर पनि तिनै शिवजी ती एक ॥
स्थानभेद, रूपभेद, स्थितिभेद मान ।
त्यै भेदले बहुरूप बहुशक्ति ज्ञान ॥
एकेश्वर पनि त्यही सर्वेश्वर त्यही ।
ज्योतिर्लिङ्ग पनि त्यही कुम्भेश्वर त्यही ॥
बाध्यकारी अवस्थामा किँरातीले घर ।
छोडिदिइन्, पोखरीमा पसी फालिन् देह ॥
पोखरीमा रूप हेर्दा अति राम्री तिनी ।
समाजमा हेपिएकी किन थिइन् तिनी ॥
घरबाट निकाल्दिने लोग्ने कस्तो होला ।
यो कुराले नारदलाई पऱ्यो खैलाबैला ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

त्यसैले त इन्द्रसँग उनले गुहार मागे ।
स्वर्ग लैजाऊ किराँतीलाई भन्ने टुङ्गो गरे ॥
शिवदास व्याधा एक स्त्रीघाती पो थियो ।
सिकारी र चोरी गर्नु उसको पेसा थियो ॥
गाउँलेले समातेर सजायँको भागी ।
बनाउनै आँटेका थिए शिवजीले जानी ॥
व्याधालाई बचाउँदा उनै मुक्त भयो ।
माघकृष्णचतुर्दशी त्यही दिन थियो ॥
गाउँलेको डर मानी शिवलिङ्ग छोयो ।
मुक्त भयो शिवदास कैलाशमा गयो ॥
विरूपाक्ष पनि पुगे द्वितीयाको दिन ।
चैत्रकृष्ण पक्ष थियो पूजा ध्यान गर्न ॥
ज्ञान पाए विरूपाक्ष धन्य-धन्य भए ।
अरूलाई ज्ञान दिन उनी लागिरहे ॥
शिवरात्रि तीज अनि कृष्ण चतुर्दशी ।
माघ महिना पर्व हुन्छ सर्वेश्वर भजी ॥
यो ठाउँको महिमा छ बुझौं हामी सब ।
सदा शिव सर्वेश्वर जय भनौं अब ॥

जय बाबा सर्वेश्वर ज्योतिर्लिङ्ग जय ।
जय जय बाबा जय जय जय जय ॥

त्यसैले त स्कन्दजीले लेखिदिए स्पष्ट ।
सर्वेश्वर भगवान्को देखाए महत्त्व ॥

सर्वेश्वरो हि यत्रास्ते सर्वलोकैः समन्ततः ।
यत्रैव स्थापितं लिङ्गं कुम्भेश्वरस्त्वयेति वै ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
(११७।२)

CC-0.In Public Domain. Digitization by eGangotri

४९. गोलोकेश्वर महादेव, नैकाप, काठमाडौं

रुद्रतीर्थ, नागतीर्थ, मातृतीर्थ अनि ।
मातृतीर्थ चन्द्रकूप तीर्थादिको पनि ॥
ठाउँ त्यही गोलोकेश्वर मत्स्यावतारको ।
गोलोक हुँदै आएका ती शान्त शिवजीको ॥
ब्रह्माजीको तपोभूमि शिवजीको स्थान ।
ज्योतिर्लिङ्ग गोलोकेश्वर उपयुक्त मान ॥
पराजित देवशक्ति मानतीर्थ आए ।
चैतकृष्णसप्तमीमा सोही तीर्थ नुहाए ॥
अष्टमीमा पूजा थाले द्वादशीमा सके ।
आषाढ कृष्ण पक्ष थियो ध्यान गर्न थाले ॥
मत्स्यावतार त्यहीं पाए पशुपति ज्योति ।
वैशाख, असार, माघ कार्तिक स्नान गरे कति ॥
एकादशी द्वादशी पूजा गर्ने कति ।
भक्तादिको मुक्ति भयो यो स्थानमा कति ॥
मेधा वैश्य साना थिए आमा तिनकी मर्दा ।
त्यो पीडामा मीननाथलाई तिंनले गुहार माग्दा ॥
मीननाथले भने बाबु मातातीर्थ जाऊ ।
पोखरीमा आमा हेर तिमी देख्छौ जाऊ ॥
आमा देखे पोखरीमा वैशाखकृष्णऔंसी ।
खुसी भए उनी धेरै आमा भन्छिन् बसी ॥
मुक्त भएँ बाबु म त तिमी घर जाऊ ।
धेरै वर्ष राज गर चक्रवर्ती होऊ ॥
अर्को जन्म मुचुकुन्द बन्न पुगे तिनी ।
राज्य गरे धेरै वर्ष कथा यस्तै छ नि ॥
मातृऋण तिर्ने भए मातातीर्थ जाऔं ।
दूधको भारा तिर्ने भए मातातीर्थ जाऔं ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राक्षस थियो कुनै एक मृग मारी खान्थ्यो ।
चन्द्रकूप पानी खान तिर्खाउँदा जान्थ्यो ॥
शिवज्योति दर्शन पायो पञ्चाक्षरी जप्यो ।
माघकृष्ण अष्टमीमा कैलाशमा गयो ॥
विरूपाक्ष पनि पुगे त्यही ठाउँ खोज्दै ।
ने मुनिका सल्लाहले उत्साहित हुँदै ॥
चैत्रकृष्ण अष्टमीमा पूजा तिनले गरे ।
गोलोकेश्वर बाबा भन्दै व्रत पूरा गरे ॥
शिवरात्रि अनि तीज बालाचतुर्दशी ।
पर्व हुन्छ यो ठाउँमा माघशुक्ल तिथि ॥
अष्टमीको पर्वलाई विशेष दिन मानौं ।
पूजा हुन्छ यो ठाउँमा सबले यति जानौं ॥

त्यस्तो स्थान जाऔं हामी पञ्चाक्षरी जपौं ।
जय बाबा गोलोकेश्वर जय जय भनौं ॥

स्कन्दजीको कुरा सुनौं मनैमन गुनौं ।
ज्योतिर्लिङ्ग गोलोकेश्वर जय जय भनौं ॥

ततोऽगमद्विरुपाक्षो मुनिना सह कुम्भज ।
गोलोकेशो हि यत्रास्ते तल्लिङ्गं च प्रणम्य वै ॥

(१३८/१)

५०. चन्दनभराटेश्वर महादेव, थानकोट, काठमाडौं

सिद्ध भीष्म गङ्गा तीन यो ठाउँका तीर्थ ।
शिव शिवा दुई घुम्दा चिनिएको तीर्थ ॥
पार्वतीको तपस्तीर्थ आराध्य छ ठाउँ ।
जय जय शिवशक्ति सबै मिली गाऊँ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
पञ्चाक्षरी जप्दै पुज्ने ठाउँ शिवालय ।
त्यो ठाउँमा जाऔं हामी भनौं शिव-शिव ॥
शिव भज्दा शिवस्वको जानकारी गर्दै ।
पार्वतीको ज्ञानसिन्धु अझ बढाउँदै ॥
चन्दनभराटेश्वर शिव चिनौं महादेव ।
जय जय सदाशिव जय जय शिव ॥
सुप्रभाको सन्ततिको अकालको लास ।
त्यो पीडाले पुत्र बोकी हिँडे उनी खास ॥
भन्दै गए पञ्चाक्षरी ॐ नमः शिवाय ।
कार्तिक शुक्ल नवमीको व्रत निराहार ॥
शिवजीको दर्शन पाए शिवधारा पुगे ।
भीष्मगङ्गा तीर्थ पुगे पुत्रलाई नुहाए ॥
दर्शन गरे चन्दनभराटेश्वर पुत्र बाँचे ।
व्रत पूरा भयो उनको पुत्र फिर्ता पाए ॥
विरूपाक्ष पुगे त्यहीँ चैत्र कृष्ण महिना ।
अष्टमीको तिथि पारी पूजा ध्यान गर्न ॥
ज्ञानी भए विरूपाक्ष ज्योतिर्लिङ्ग चिने ।
ध्यानी ज्ञानी तिनी भए अन्त ज्ञान दिए ॥
शिवरात्रि तीज अनि बालाचतुर्दशी ।
चैत्र कृष्ण अष्टमीमा पर्व पूजा गरी ॥
यस्तो ठाउँ सबै जाऔं भनौं सदाशिव ।
जय चन्दनभराटेश्वर जय सदाशिव ॥
यसैले त स्कन्द भन्छन् आफ्नो पुराणमा ।
पूजा गर ध्यान गर चन्दनभराटमा ॥

नवधारामहातीर्थे भीष्मगङ्गाह्वये पुनः ।
स चन्दनभराटेशं स्नात्वा च समपूजयत् ॥
(१४०/३)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

५१. यक्षेश्वर महादेव, सीतापाइला, काठमाडौँ

यक्षेश्वर आदीश्वर जे जे भनौँ एकै ।
शिवलिङ्ग त्यही नै हो नाममात्र बेग्लै ॥
पहिले हिरण्यकशिपु ब्रह्मभक्त बने ।
त्यही वरदानले चौधै भुवन राज गर्न पुगे ॥
त्यति बेला विष्णु आई महादेवको ध्यान ।
त्यही कारणले आदीश्वर नाम बन्यो जान ॥
यक्ष मोक्ष भएको यो स्थान बुझ्ने हुन्छ ।
त्यही हुनाले यक्षेश्वर यसको नाम बन्छ ॥
अर्को कथा पनि भन्छ- कुबेरको ढोके ।
हयग्रीव भन्ने थिए राजैलाई रोके ॥
राज्यबाट ती राजाले हयग्रीव खेदे ।
उनी गए आदीश्वर शिवमन्त्र जपे ॥
माघकृष्णचतुर्दशी शिवदर्शन पाए ।
त्यही भएर यक्षेश्वर शिव आफैँ भए ॥
विरूपाक्ष पनि पुगे शिवपूजन गरे ।
वैशाखकृष्णत्रयोदशी व्रत ध्यान गरे ॥
यक्षेश्वरको ध्यान गरे सुखशान्ति मिल्छ ।
विश्वासमा काम गरौँ यथार्थमा पुग्छ ॥
शिवरात्रि तीज अनि बालाचतुर्दशी ।
माघकृष्ण चतुर्दशी पर्व हुन्छन् कति ॥
पर्वमा नि जाऔं त्यहाँ अघिपछि पनि ।
यक्षेश्वर ज्योतिर्लिङ्ग दर्शन गर्न भनी ॥
जय जय यक्षेश्वर जय आदीश्वर ।
जय शङ्कर शम्भो जय महेश्वर ॥
स्कन्द मुनि स्पष्ट थिए यक्षेश्वर देखे ।
त्यसैले त सन्तासँग पुराणमा लेखे ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

नन्दिन्यां च सुखं स्नात्वा तीर्थेषु क्रमशो मुने ।
यक्षतीर्थे पुनः स्नात्वा यक्षेश्वरमपूजयत् ॥
(१४१.२)

५२. चण्डिकेश्वर महादेव, टोखा, काठमाडौं

देवशक्ति जित्छ कहिले दैत्यशक्ति जित्छ ।
त्यही खेलमा अहिलेसम्म विश्व चलेको छ ॥
हारेका ती देवहरू पार्वतीको ध्यान ।
गर्न गए पर्वतमा पञ्चाक्षरी ध्यान ॥
त्यहीँ देखे ज्योतिर्लिङ्ग चण्डिका ईश्वर ।
त्यसकै नाम राखिदिए लौ चण्डिकेश्वर ॥
चण्डिकाले मातृकागण साथ लिईकन ।
देवशक्ति अघि ल्याइन् दैत्य हटाईकन ॥
दिति अनि कश्यपका एक पुत्र जन्मे ।
अन्धो बाल भएकाले अन्धकासुर बने ॥
तप गर्न भनी बाल चण्डिकेश्वर गए ।
अवध्यको वरदान पाए शिव खुसी भए ॥
त्यही वरको तागतले दैत्यहरू जिते ।
यो बुझेका देवताले अन्धकलाई भेटे ॥
कैलाशमा लगिदिए राज्य फिर्ता लिए ।
अन्धकले कैलाश पाए स्वर्ग फिर्ता दिए ॥
अर्को कथा पनि त्यस्तै सुनीतको सुन ।
चण्डिकेश्वरमहिमा हो मनमनै गुन ॥
तीर्थ थियो पिण्डारक यमराज आए ।
सुनीतको दुवै हात तिनले काटिदिए ॥
कहाँ जाँदा ठीक हुन्छ गुरुजीलाई सोधे ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
बाग्मतीमा नुहाएर पशुपति गए ॥

CC-0.In Public Domain. Digitization by eGangotri

नदीहरू स्नान गरे ध्यान तप गरे ।
हात उस्तै फेरि पारे साङ्ग बन्न गए ॥
चण्डिकेश्वर त्यस्तो ठाउँ विरूपाक्ष पुगे ।
वैशाखकृष्णत्रयोदशी ध्यान जप गरे ॥
पर्व मान्न जाने भए शिवरात्रि जाऔं ।
बालाचतुर्दशी अनि तीजमा नि जाऔं ॥
वैशाखको सङ्क्रान्तिमा पनि जान सक्छौं ।
ज्योतिर्लिङ्ग चण्डिकेश्वर भजन गर्न सक्छौं ॥

जय जय चण्डिकेश्वर जय जय शम्भो ।
देवाधिदेव जय जय हर हर शम्भो ॥

स्कन्दजीले अगस्त्यलाई भनेको यो कुरा ।
सबैलाई बुझाउन लेखिदिए पूरा ॥

हत्वा च चण्डिका दैत्यान् सह मातृगणैः पुरा ।
तस्थौ चात्र चिरं कालं महारूद्रं सुचिन्तयन् ॥
(१४२/५)

५३. धर्मेश्वर महादेव, टोखा, काठमाडौं

धर्मतीर्थ पितृतीर्थ नजिकको ठाउँ ।
धर्मबिन्दु पर्वत त्यो पुख्र्योली हो नाउँ ॥
सूर्यपत्नी संज्ञाजीको धर्मराज सुत ।
तिनी शक्ति कमाउन शिवजीको भक्त ॥
बन्न गए, सधैंभरि पञ्चाक्षरी जपे ।
ध्यान गरे, भक्ति गरे, शिवजी नै भजे ॥
बकुल्ला भै बसेका ती धर्मराजलाई ।
शिवजील भन्नुभयो ओडार आनलाई ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पितृतीर्थ त्यहीँ नै छ पाप धर्म चिन ।
आफ्नो काम गर्न थाल नियमबद्ध बन ॥
वकास्य त्यो नाम थियो व्याधा कर्म गर्ने ।
ज्येष्ठकृष्णचतुर्दशी भोकै बस्नुपर्ने ॥
त्यो दिनमा तीर्थादिको पानी खाँदो भयो ।
त्यही भएर मुक्त भई कैलाशमा गयो ॥
शेषशायी नारायणको पोखरीको छेउ ।
सुरम्य त्यो ठाउँमा छ धर्मेश्वर नाउँ ॥
त्यहीँ जाऔं पूजा गरौं ज्योतिर्लिङ्गलाई ।
जहाँ पुगे विरूपाक्ष शान्ति पाउनलाई ॥
चैत्रकृष्णत्रयोदशी चतुर्दशी बसे ।
पितृतीर्थ, धर्मेश्वर, नारायण भजे ॥

धर्मेश्वर जय बाबा जय बाबा भनौं ।
धर्मेश्वर ज्योतिर्लिङ्ग जय बाबा भनौं ॥

धर्मेश्वरमहिमा यो सुनी भक्त बनौं ।
स्कन्दजीका शब्द सुनी मनैमन गुनौं ॥

धर्म्मेश्वरो हि यत्रास्ते धर्म्मतीर्थतटोत्तमे ।
बालाकारुपमाश्रित्य धर्म्मो यत्र व्यवस्थितः ॥

(१४३/२)॥

५४. गोकर्णेश्वर महादेव, गोकर्ण, काठमाडौं

चन्द्रभागा, बागमती र मणिमती नदी ।
त्रिवेणी हो उत्तरगया तीर्थ पितामही ॥
पितृतीर्थ त्यहीँ नै हो शिवजीको गाउँ ।
मृगरूपी शिव बन्दै लुकी बस्ने ठाउँ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
ब्रह्मा विष्णु इन्द्र मिली शिवलाई पक्रे ।
हातमा आयो सिङमात्र त्यही पूजा गरे ॥
त्यही सिङ पूजा हुने ठाउँ गोकर्णेश्वर ।
भाद्रकृष्ण अमावस्या पितृ बस्ने डहर ॥
मेला लाग्छ त्यो ठाउँमा पूजा पाठ हुन्छ ।
देवदेवी धेरैथरी पूजाआजा हुन्छ ॥
दन्तुर नामक केटा थियो आमासँग बस्ने ।
ती आमा नि उमेरमै मरिन् कसो गर्ने ?
त्यसै कारण पुलहको आश्रममा पुग्यो ।
पितृमोक्ष गर्ने विधि पाउँ भन्दो भयो ॥
ऋषिजीले गोकर्णेश्वरधाम देखाइदिए ।
पितृतीर्थ त्यतै छ नि भन्ने चिनाइदिए ॥
विश्रवाको साथ लागि गोकर्णेश्वर पुगी ।
जल तर्पण श्राद्ध गरी पितृ पार तारी ॥
मुक्त भयो आफू पनि पितृऋण तिऱ्यो ।
त्यही ठाउँ विरूपाक्ष पुग्ने संयोग जुऱ्यो ॥
त्यहाँ उनले पूजा गरे ध्यान गरे सारा ।
चैत्र शुक्ल चतुर्दशी दिन छाने प्यारा ॥

गोकर्णेश्वर ज्योतिर्लिङ्ग जय बाबा जय ।
सदा शिव जय भोले गोकर्णेश्वर जय ॥

स्कन्दजीको कुरा बुझौं गोकर्णेश्वर जाऔं ।
ध्यान पूजा सबै गरौं ज्ञानी ध्यानी बनौं ॥

चन्द्रभागातटे गच्छ गोकर्णेशो हि यत्र च ।
गयोत्तरमहातीर्थे गयाशतफलप्रदे ॥
(१४४/२३)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

५५. कोटीश्वर महादेव, कोटेश्वर, काठमाडौँ

शङ्खमूल एकातिर रुद्रधारा तीर्थ ।
अर्कोतिर बसेको छ कोटेश्वर शीर्ष ॥
मणिमती, पातालगङ्गा बागमती नदी ।
त्रिवेणीको टाकुरामा शिवजीको छवि ॥
त्यसमा आए देवदेवी यक्ष, गन्धर्व र ।
किन्नरको ताँती पनि कसले छोड्या छ र ?
कुनै बेला शङ्ख नामक शिवभक्त थिए ।
त्रिवेणीको स्नान गरी पञ्चाक्षरी जपे ॥
ज्योतिर्लिङ्ग दर्शन पाए चिरञ्जीवी भए ।
व्यास ऋषि त्यहीँ आए ध्यान तप गरे ॥
वेदशास्त्र प्रचार गर्ने शक्ति तिनले मागे ।
शिवजीको तथास्तुले ज्ञान छर्न लागे ॥
विभीषण पनि आए शिवभक्त भए ।
रामभक्त होऊ भनी वरदान पाए ॥
पिता माता हत्या गर्ने कुनै एक व्यक्ति ।
त्यहाँ आयो स्नान गर्‍यो बन्यो कर्मवादी ॥
अर्को जन्म हुँदा पनि बाल अनि स्त्रीको ।
हत्या गर्‍यो त्यो पापीले गाई पनि मार्‍यो ॥
सनकादि, कपिलादि ऋषिहरूले देखे ।
ऋषिमध्ये कुनैले दया गर्न लागे ॥
शङ्खतीर्थ नुहाएर आऊ बाबु ! भने ।
शिवजीको पञ्चाक्षरी गाऊ बाबु ! भने ॥
जप्यो उसले पञ्चाक्षरी शिवदर्शन पायो ।
दुःख उसका सबै हटे मुक्त भई गयो ॥
विरूपाक्ष पनि पुगे तीर्थ शङ्खमूल ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
वैशाखशुक्लचौथी तिथि पुण्यकारी दिन ॥

CC-0.In Public Domain. Digitization by eGangotri

ध्यान पूजा उनले गरे ज्ञान पुण्य पाए ।
आनन्दले रमे उनी मुक्त बन्न पाए ॥

पूजा गरौं सदा शिव कोटेश्वर भजौं ।
ज्योतिर्लिङ्ग शिवजीमा आराधना गरौं ॥

स्कन्दजीको यो कुराले एक झल्को दिन्छ ।
त्यै झल्कोले कोटेश्वर देव चिनाउँछ ॥

तिस्रः कोट्योऽर्द्धकोटीभिरध्यास्तेऽमरनिम्नगा ।
यावत्स्वर्गोद्भवैस्तीर्थैः पातालसम्भवैः सह ॥
(१४६/१६)

५६. वाणेश्वर महादेव, बानेश्वर काठमाडौं

वाणगङ्गा नजिकैका गिरि परियात्र ।
त्यै गिरिमा अवस्थित शिव वाणेश्वर ॥
वाण नामक व्यक्तिले नै शिवलिङ्ग राखे ।
उनकै नामले गङ्गा अनि शिवलिङ्ग बने ॥
ज्योतिरूप त्यहीं भेटियो शिवरूप त्यहीं ।
पिङ्गकेश व्याधाको नि थियो कथा त्यहीं ॥
स्त्रीमा रत थियो त्यो त राजयक्ष्मी बन्यो ।
सिको गरी पछि गई शिव शिव भन्यो ॥
शिव भन्दै मर्न पुग्यो कैलाशमा गयो ।
विरूपाक्ष पनि पुगे वैशाख महिना थियो ॥
शुक्ल पक्ष पञ्चमीमा ध्यान पूजा गरे ।
ज्ञानी भई तिनी स्वयं ज्ञानदाता बने ॥
चैत्रकृष्णचतुर्दशी पूजा हुने ठाउँ ।
गरौं भक्ति गरौं पूजा खुसी हुने नाउँ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

नाम भज्दा शिव हुन्छ कल्याण आफैंलाई ।
ऊर्जा शान्ति भए पछि मस्ती आफैंलाई ॥

बाणेश्वर भजौं हामी सदा शिव भजौं ।
ज्योतिर्लिङ्ग भजौं हामी जय जय भनौं ॥

स्कन्दजीको भनाइले इतिहास जोड्यो ।
ज्योतिर्लिङ्ग रहेछ यो भन्ने चिन्तन दियो ॥

वाणर्षिणा द्विजैस्तद्वै लिङ्गं संस्थापितं पुरा ।
अस्मिन्पाशुपते क्षेत्रे तस्माद्वाणेश्वरः श्रुतः ॥
(१४७/४)

५७. ज्ञानेश्वर महादेव, ज्ञानेश्वर, काठमाडौं

रुद्रमती नदीछेउ ज्ञानेश्वर देव ।
मयूरतीर्थ नाम त्यसको पौराणिक भेद ॥
देव दैत्य सङ्ग्राममा हारेका ती देव ।
शरणमा पुगे सबै सम्झिएर शिव ॥
रुद्रमती स्नान गरे स्कन्दकुमार नेता ।
इन्द्रजीको राजयोग अरू भए भेला ॥
विजयको आशा गर्ने मयूर पनि थियो ।
नाच्यो खुब त्यसैले त मयूरतीर्थ भयो ॥
युद्ध जिते देवादिले स्कन्दकुमार फिरे ।
इन्द्रजीले राज्य पाए दैत्य पर भागे ॥
विकटको कथा भन्छ बहिरा छोरा पाए ।
ज्ञानेश्वर आए तिनी ज्ञानतीर्थ नुहाए ॥
बोल्न थाल्यो बहिरो बच्चा सबै खुसी भए ।
ज्ञानेश्वर शिवजीको गाथा गाउन थाले ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ठूलो भयो त्यो बच्चाले शिवमन्त्र लेख्यो ।
त्यही मन्त्रको चरणक्रमले चरणेश्वर बन्यो ॥
ज्ञानेश्वर चरणेश्वर दुवै एकै नाम ।
ज्ञानेश्वरकै जप पूजा बुद्धिमान्को काम ॥
वैशाखशुक्लषष्ठी मिति विरूपाक्ष पुगे ।
ध्यान पाठ पूजा गरे आनन्दित भए ॥
चैत्र शुक्ल षष्ठी अनि बालाचतुर्दशी ।
शिवरात्रि अनि तीज पर्व हुन्छन् कति ॥

ज्ञानेश्वर ध्यान गरौँ ज्योतिर्लिङ्ग पुजौं ।
हर हर महादेव भन्दै शिव भजौँ ॥

स्कन्दजीले त्यहीँ लेखे ज्ञानेश्वरको कथा ।
छोटकरीमा भनिदिएँ पुराणका कथा ॥

ततोऽगमद्विरुपाक्षो यत्र ज्ञानेश्वरो विभुः ।
तत्र तीर्थे मुदा स्नात्वा ज्ञानेश्वरमपूजयत् ॥
(१४८/२)

५८. पर्वतेश्वर महादेव, पशुपति, काठमाडौं

ज्ञानकुण्ड गौरीकुण्ड नुहाएर आई ।
पर्वतले ध्यान गरे शिव ! शिव ! गाई ॥
त्यही शिवलिङ्गलाई पर्वतेश्वर भनी ।
दुनियाँले जान्दछ त्यो यथार्थ हो भनी ॥
कुनै बेला कुबेरको सेवी एक थियो ।
स्थूलपाद नाम त्यसको भित्रिया नै थियो ॥
कुबेरसँगै पशुपति जाने गर्थ्यो त्यसले ।
माघकृष्ण चतुर्दशी दर्शन पायो त्यसले ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

शिवज्योति दर्शन गर्दा आनन्दित भयो ।
मृत्युपछि कैलाशमा आनन्दले रह्यो ॥
वैशाख शुक्ल षष्ठीका दिन विरूपाक्ष पुगे ।
ध्यान जप पूजा पाठ सबै तिनले गरे ॥
सप्तमीमा तिनले गाई पारायण गरे ।
पञ्चाक्षरी मन्त्र जपे पितृमोक्ष गरे ॥
श्रावणशुक्ल पूर्णिमा र बाला चतुर्दशी ।
पर्व पूजा हुन्छ त्यहाँ पर्वतेश्वर भजी ॥
जरोकिलो थाहा हुन्छ आफ्ना पुर्खा भेटी ।
आनन्दित बनौं हामी ज्योतिर्लिङ्ग भजी ॥

जय जय पर्वतेश्वर जय जय शिव ।
ज्ञानकुण्ड गौरीकुण्ड जय महादेव ॥

स्कन्दजीको भनाइ यो सबले मनन गरे ।
पुर्ख्यौलीको कथालाई सधैं ताजा गरे ॥

ततोऽगमद्विरुपाक्षो यत्रास्ते पर्वतेश्वरः ।
ज्ञानकूपे मुदा स्नात्वा पर्वतेशमपूजयत् ॥
(१४९/२)

५९. जलेश्वर महादेव, पशुपति, काठमाडौं

पदार्थ र ऊर्जा मिली द्रवशक्ति बन्छ ।
बागमती त्यै द्रवशक्ति नामभित्र पर्छ ॥
ऊर्जालाई उज्यालिन पदार्थको साथ ।
पदार्थलाई देखिनमा ऊर्जाकै छ हात ॥
द्रवशक्ति फोहोरिँदा ऊर्जा घटी हुन्छ ।
ऊर्जाशक्ति कमजोरिँदा द्रव घटी हुन्छ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यही बुझी बागमतीले शिव ध्यान गर्दा ।
उनको ध्यान बुझी शिव जलमा नै बस्दा ॥
जलेश्वर महादेव बन्न गए त्यहाँ ।
खुला आकाश जल देव दुवै हुने त्यहाँ ॥
व्याधा बन्ने कुनै एक व्यक्ति त्यहाँ थियो ।
स्त्री औ बालहत्या गर्ने व्यक्ति त्यही थियो ॥
अर्को जुनी त्यो व्यक्ति ता त्रिशङ्कु भई आयो ।
बाणासुरपुत्र बन्यो बदमासी नै गऱ्यो ॥
देवलाई लखेटेर भाग्ने क्रम गर्दा ।
जलभित्र प्रवेश गऱ्यो ज्ञान पायो झर्दा ।
कैलाशमा बस्न पायो मृत्युवरण गर्दा ॥
वैशाखशुक्लत्रयोदशी विरूपाक्ष पुगे ।
चतुर्दशी पूजा ध्यान कर्म सारा गरे ॥
ज्ञानी भए ज्ञान दिए बने सन्त उनी ।
ज्योतिर्लिङ्ग दर्शन गर्दा ज्ञानी सन्त उनी ॥

जलेश्वर बाबा भजौं महालिङ्ग भजौं ।
पदार्थ र ऊर्जालाई सन्तुलित गरौं ॥
तत्त्व बुझौं गाऔं हामी सद शिव बाबा ।
जलेश्वर शिव बाबा महालिङ्ग बाबा ॥

स्कन्दजीको उद्घोषले पुर्खा चिनाइदियो ।
धन्य-धन्य बन्दै बढ्ने बाटो देखाइदियो ॥

जलेश्वरमहातीर्थे भक्त्या स्नात्वा विरुपदृक् ।
अर्चितवान्महालिङ्गं जलमध्योद्भवं मुदा ॥
(१५०/२)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

६०. गुह्येश्वर महादेव, गुह्येश्वरी, काठमाडौं

बागमतीको किनारमा मृगस्थली क्षेत्र ।
गुह्येश्वरी मन्दिरको आफ्नै हाताभित्र ॥
त्यही ठाउँमा गुह्येश्वर बाबाजीको लिङ्ग ।
दर्शनयोग्य स्थान छ त्यो हेरी बनौं दङ्ग ॥
वृषलाको कथा भन्छ- तिनी यौनप्रेमी ।
पति मर्दा सती गइन् अर्को जन्म फेरि ॥
राजासँग बिहे भयो उनी रानी भइन् ।
राजासँग मन मिलेन गुह्येश्वरी आइन् ॥
नवरात्रि पूजा गरिन् कृष्णपक्ष थियो ।
भगवती खुसी भइन् शृङ्गारसाधन मिल्यो ॥
सुन्दरी भई घुम्न थालिन् इन्द्र मोहित भए ।
स्वर्ग लान खोज्दा भनिन् 'नछोऊ ज्ञानी भएँ' ॥
दरबार गइन् राजा भेटिन्- पिङ्गला भै बसिन् ।
मणिद्वीप पुगी उनी आनन्दले रहिन् ॥
व्यङ्ग नामक व्याधाको त्यो अर्को कथा पनि ।
त्यसै भन्छ- बाग्मतीमा पसी मुक्त बनी ॥
अर्को जन्म कर्मेष्ठी भई गुह्येश्वर भज्यो ।
सन्तोषले बाँच्यो अनि कैलाशमा गयो ॥
शिवभक्त कुनै व्यक्ति गुह्येश्वर हुँदा ।
पञ्चाक्षरी जप गरी ज्ञानी शान्त बन्दा ॥
रुद्राक्षको माला लगाई पूजा पाठ गर्दा ।
ज्योतिरूप दर्शन पाए शिवजीले गर्दा ॥
त्यही ज्योति गुह्येश्वर हामी पूजा गर्छौं ।
जहाँ आए विरूपाक्ष हामी गर्व गर्छौं ॥
आश्विन कृष्ण रातमा नि ज्योति दर्शन भयो ।
धन्य शिव ! धन्य शिव ! जय जय भयो ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मार्गकृष्ण चतुर्दशी पर्वपूजा हुन्छ ।
शिव शिवा धन्य भन्छौं धन्य-धन्य हुन्छ ॥

जय गुह्येश्वरी माता गुह्येश्वर जय ।
शिव-शिवा ध्यान गरे केको मान्नु भय ॥

स्कन्दजीको आप्तवाक्य शिव-शिवा जोडी ।
ज्ञान दिन्छ एकसाथ सिद्धाञ्चल हेरी ॥

भूयोऽगमद्द्विरूपाक्षो यत्र गुह्येश्वरो विभुः ।
गुह्येश्वरीमहातीर्थे स्नात्वा भक्त्या घटोद्भव ॥
(१५१/१)

६१. किराँतेश्वर महादेव, मृगस्थली, काठमाडौं

सभा थियो कैलाशमा शिव शिवा पनि ।
एक अर्का हेरेर नै दंग पर्थे तिनी ॥
आफ्नै ढङ्ग मन परेन शिव शिवा छुटे ।
शिवा एक्लै परिन् शिव किराँत भई हिँडे ॥
ध्यानदृष्टि लगाउँदा शिवजीलाई चिनी ।
शिवाजीले बागमतीमा शिवमन्त्र भनी ॥

(ॐ त्र्यम्बकं यजामहे सुगन्धिं पुष्टिवर्द्धनम्
ऊर्व्वारूकमिव बन्धनान्मृत्त्योर्मुक्षीय मामृतात्)

देवदेवी शिव शिवा नदेखेर खोज्दै ।
मृगस्थली श्लेष्मान्तक पुग्नुभयो हेर्दै ॥
कार्तिककृष्णचतुर्दशी पूजा गर्नुभयो ।
शिव शिवा किराँतकै रूप पुज्नुभयो ॥
शुकमुख किराँतको कथा पनि त्यस्तै ।
रमाइलो छ उसको रीत फलफूल जोर्दै ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मीठो जति शिवलाई नमीठो आफैंलाई ।
त्यस्तै गऱ्यो मृगमांस अर्प्यो शिवजीलाई ॥
भक्तिदेखि शिवजीले कैलाशमा लगे ।
कार्त्तिककृष्णचतुर्दशी त्यही दिन छाने ॥
त्यहीँ बस्यो शुकमुख भक्त कैलाशमा ।
आनन्दित बनिरह्यो हरेक पलपलमा ॥
अर्जुनले शिवजीको ध्यान त्यहीँ गरे ।
जितौं कौरव भन्ने उनको इच्छा व्यक्त गरे ॥
किराँतरूपी शिव आई वरदान दिए ।
पाशुपत अस्त्र दिएँ लडाइँमा जिते ॥
कृष्णजीको सुझावले अर्जुन त्यहाँ आए ।
शिवजीको महिमाले सबै थोक पाए ॥
विरूपाक्ष पनि आए वैशाखको दिन ।
कृष्णाष्टमी तिथि पऱ्यो उपयुक्त दिन ॥
पूजा गरे पाठ गरे धन्य धन्य बने ।
त्यहीँ पाए ज्ञान उनले ज्ञानी व्यक्ति बने ॥
पूर्णिमाका दिन हुन्छ विशेष पूजापाठ ।
त्यो ठाउँमा रमाउन जाऔं भक्तिसाथ ॥

किरातेश्वर भगवान्को जय जय जय ।
जय जय मृगस्थली जय शिव जय ॥

स्कन्दजीको कुरा मानौं किराँतेश्वर गाथा ।
पूजा गरौं सिद्ध बनौं सबै साथ-साथ ॥

किरातेशस्य माहात्म्यं पप्रच्छ नेमुनिं पुनः ।
अभ्यर्च्य निशि लिङ्गं स भक्त्या प्रणतचेतसा ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

६२. भस्मेश्वर महादेव, पशुपति, काठमाडौं

बागमतीको किनारामा आर्यतीर्थसँगै ।
शिवलिङ्ग आराध्य छ भस्मेश्वर नामै ॥
मुक्ति चित्कार दुवै देख्ने यमराज आई ।
भस्मधारण गरी बसे पञ्चाक्षरी गाई ॥
चित्कारले बनाएको पाप नाशिएर ।
भस्म भई खसेको त्यो स्थान यहींनेर ॥
खुसी भए शिव अनि वर माग भने ।
यमराज शिवदर्शन पाई खुसी बने ॥
यमराज भन्न थाले- पापी घटाउन ।
नर्क सङ्ख्या कटाउन, मुक्त बनाउन ॥
सक्ने के हो त्यो उपाय सुन्न पाऊँ प्रभो !
त्यसै गर्छु यो सेवक बिन्ती गरें प्रभो !
शिवजीले भन्नुभयो- भस्म हुनेहरू ।
धुवाँ अस्तु यहीं पर्ने गरी छोड्नेहरू ॥
सबै मुक्त बनाउने जिम्मा मेरो भयो ।
आनन्दले जाऊ तिमी वरदान भयो ॥
व्यापारीको पुत्र थियो दुर्बुद्धिको भयो ।
चोरी आदि गरेरै त्यो बदनाम भयो ॥
केरलमा जन्मेको त्यो काशीतिर आयो ।
पण्डितले पठाइदिए नेपालमा आयो ॥
सन्त देख्यो मख्ख पर्‍यो त्यतैतिर बस्यो ।
अन्जानमै शिवजीमा भस्म त्यसले घस्यो ॥
चोर्ने बानी नहटेको जोगी झोला चोर्‍यो ।
झोलाबाट खरानीको डल्लामात्र फोर्‍यो ॥
डल्ला लगी शिवजीमा गरेछ अर्पण ।
अनि बल्ल खुल्यो उसको बुद्धिको दर्पण ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

त्यो देखेकाहरूले नै भस्मेश्वर माने ।
दाह संस्कार त्यहीँ गरे आर्य तीर्थ माने ॥
यो तीर्थमा भस्म हुने मुक्त हुन्छन् भन्ने ।
नजिर हो त्यो व्यक्तिको कैलाशमा जाने ॥
विरूपाक्ष त्यहाँ पुगे वैशाखको महिना ।
कृष्ण एकादशी तिथि ध्यानपूजा गर्न ॥
भस्माचल पर्वत यो प्रसिद्ध छ नाउँ ।
भस्मेश्वर महादेव जय जय गाऊँ ॥
माघकृष्ण पर्व चल्छ अमावश्या तिथि ।
पूजा हुन्छ, पाठ हुन्छ अनेक गतिविधि ॥
महादेव सदाशिव भस्मेश्वरजीमा ।
वन्दना छ कोटि कोटि उनै शिवजीमा ॥
स्कन्दजीको ज्ञान भन्छ पवित्र छ ठाउँ ।
भष्मेश्वर ज्योतिर्लिङ्ग भष्म नै चढाऊँ ॥

भस्मनाऽत्र कृतस्नानः अद्यप्रभृति शङ्करः ।
तस्माद् भस्मेश्वरः प्रोक्तो भुक्तिमुक्तिफलप्रदः ॥
(१५५/५)

६३. भुवनेश्वर महादेव, पशुपति, काठमाडौं

ज्ञानकुण्ड नजिकै छ, बागमतीमा पनि ।
देवदेवी अनेक छन् शिवशक्ति बनी ॥
शिव हुँदा बीज हुन्छ शक्ति हुँदा सृष्टि ।
दुवैको त्यो स्थान हो यो रहोस् कृपादृष्टि ॥
भुवनेश्वर शिवजीको नाम स्पष्ट भयो ।
शिवाजीका नाम चाहिँ भुवनेश्वरी रह्यो ।
मन्दिर छैन भुवनेश्वरको शिवा मन्दिरमा ॥
मुक्त शिव बद्ध शिवा दुवै एक हुँदा ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
शिवभक्त भुवनेश्वरी पञ्चाक्षरी जप ॥

CC-0.In Public Domain. Digitization by eGangotri

शिवजीले दर्शन दिए तिनी तृप्त भए ।
उनकै नाम जोडिँदामा भुवनेश्वर बने ॥
शिवासाथ हुँदा त्यहीं भुवनेश्वरी भए ॥
मधुश्रवा बाध्यतामा बाँचेकी नै थिइन् ।
वेश्यालय तिनी पुगिन् पीडामा नै रहिन् ॥
बाहिरिँदा सबै टुटे भिक्षाटन गरिन् ।
शिवशिवा भजिरहिन् मुक्त तिनी भइन् ॥
भाद्रकृष्ण एकादशी विरूपाक्ष आए ।
पूजापाठ सबै गरे ज्ञानदीप्त भए ॥
ध्यानयोग्य ठाउँ त्यही ज्ञानयोग्य त्यही ।
शिव शिवा सत्य त्यही ज्योतिर्लिङ्ग त्यही ॥

भुवनेश्वर भजौं हामी सदा शिव पिता ।
भुवनेश्वरी भजौं हामी सदा महामाता ॥

स्कन्दजीको आप्तवाक्य भन्छ सधैं भरी ।
सोचौं बुझौं इतिहास बन्यो कसो गरी ॥

प्रतीच्यां दिशि तस्माद्धि यत्रास्ते भुवनेश्वरः ।
ज्ञानकुण्डे ततः स्नात्वा भुवनेशमपूजयत् ॥
(१५६/१)

६४. रुद्रागारेश्वर महादेव, पशुपति, काठमाडौं

गोप्य स्थान खोजी शिव शयनमा लागे ।
आफैं लिङ्ग स्थापित गरे त्यहीं ज्योति जागे ॥
धर्माचल पर्वत त्यो स्नानोदक तीर्थ ।
शङ्कुनामक किराँतको मुक्ति हुने तीर्थ ॥
सिकारमा जाँदै थिए शङ्कु कुनै दिन ।
रमाइलो स्थल थियो बलाकेश्वर वन ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ऋषि आई उनलाई सोधे देख्यौ लिङ्गोत्सव ?
देखेर नि शङ्कुजीले बोल्न पुग्यो झुट ॥
उनका आँखा बन्द भए शिव शिव सुन्यो ।
ऋषि सन्त किन भन्छन् मनमनै गुन्यो ॥
शिवलिङ्ग अँगालेर भज्दै गर्दा एक ।
भक्त आई दिए पूजा गर्ने सामग्री त ॥
पञ्चाक्षरी पनि गाए पूजा पनि गरे ।
तीर्थजल लगाएर आँखा पनि धोए ॥
सफा भए तिन्का आँखा धर्मदास साथी ।
पानी दिने तिनै थिए ज्ञान दिने साथी ॥
आषाढ शुक्ल पूर्णिमामा शङ्कुजीले पाए ।
ज्योतिर्लिङ्ग रुद्रागारेश्वर दर्शन पाए ॥
शिवजीले भन्नुभयो- म जस्तै छौ बाबु !
बलबाट मुक्त भयौ पछि कैलाश आऊ ॥
विरूपाक्ष त्यहाँ गए पूजाआजा गरे ।
ज्ञान पाए सुख पाए शिव शिवा बुझे ॥
मन्दिर छैन रुद्रागारेश्वर पूजा हुन्छ ।
आषाढशुक्लपूर्णिमामा पर्वपूजा हुन्छ ॥
शिव ऊर्जा शिवा वस्तु दुई बन्दा एक ।
सन्तुलित हुँदा जीव असन्तुलित मृत ॥
यही कुरा बुझ्न सकौं जीवन ज्यूने क्रममा ।
धन्य शिव धन्य शिवा धन्य सबै जनमा ॥

रुद्रागारेश्वर जाऔं शिव शिव गाऔं ।
धन्य बनौं सबै हामी सत्य त्यही बुझौं ॥

स्कन्दजी अगस्त्यलाई भन्नु भएजति ।
नेमुनिले विरूपाक्षमा सुनाएको जति ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सार नै हो शिव शिवा शान्ति सुख दिने ।
शान्ति दिने शिव बाबा शिवा सुख दिने ॥

रूद्रेण स्थापितं पूर्वमेतल्लिङ्गं स्वयं द्विज ।
शयनाय स्वकीयाय रहः सुखेप्सया सदा ॥
(१५७/५)

यहाँ उल्लेखित संस्कृत श्लोकहरू वैदिक सनातन कर्मकाण्ड महासङ्घ, नेपालका तात्कालीन अध्यक्ष पं. चित्रप्रसाद सुवेदीको सचित्र शिवस्वस्थानी व्रतकथा चौंसठ्ठी ज्योतिर्लिङ्ग वर्णन २०६३ (कृपा प्रिन्टर्स चाबहिल) बाट साभार गरिएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

नेपालका धार्मिक स्थलहरूको परिक्रमण

वैज, ब्रह्म, विष्णु देव कञ्चनपुर जाँदा ।
वनदेवी, गोदावरी कैलालीमा पुग्दा ॥
त्यहीँ हुन्छ बर्दगोरिया बाबाजीको ठाउँ ।
नरेन्द्र पद्म प्रकाशेश्वर देवादिको ठाउँ ॥
बर्दियामा ठाकुरद्वारा कोटाही वेदव्यास ।
बगलामुखी मन्दिर पनि छन् आसपास ॥
वागीश्वरी, सरस्वती, हनुमान र शिव ।
बाँकेभित्रै तिनी परे जुँगे महादेव ॥
गणेश र भगवान् भगवतीनेर ।
घेरा अर्को बन्न सक्छ विचार गरी हेर ॥
बुद्ध क्षेत्र कपिलवस्तु बुद्धभूमि त्यही ।
शान्ति स्तूप त्यही नै छ गुम्बा भूमि त्यही ॥
ताम्रेश्वर महादेव कपिलवस्तु पुग्दा ।
बाल्यकालमा बुद्ध खेल्ने ठाउँ पुगी हेर्दा ॥
अम्बिकेश्वर, धारापानी, पाण्डवेश्वर अनि ।
चौघेरा र रत्ननाथ दाङ पुग्दा पनि ॥
भीमसेन मन्दिर सातजुरे अरु मन्दिर छ नि ।
त्यहीँ नै छ रुपन्देही धर्मसङ्गम पनि ॥
नारायण र दुर्गा मन्दिर रुपन्देहीमा नै ।
गए हुन्छ दर्शन मिल्छ त्यहाँ गएमा नै ॥
मौलाकाली शाश्वतधाम दाउन्नेकी देवी ।
रामग्राम, त्रिवेणीधाम, दुर्गा मन्दिर पनि ॥
परासीमा जाँदा पुग्छ मदारबाबा पनि ।
पर्सा पुगे राधाकृष्ण, माई मन्दिर अनि ॥
औलियाबाबा महुवामठ कुट्टि मठ पनि ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
विन्ध्यवासिनी, रामजानकी पर्सागढी अनि ॥

CC-0. In Public Domain. Digitization by eGangotri

गहवामाई, पारसनाथ वटा मन्दिर पनि ।
बारा पुग्दा कङ्काली र गढिमाई नामी ॥
रामजानकी मन्दिर छन् शिवजीका पनि ।
लक्ष्मीनारायण रौतहटमा ऐश्वर्यनाथ पनि ॥
भगवती, राम जानकी नुनथर शिव ।
पौराहीको ब्रह्मस्थान रौतहटमै पर्छ ॥
तारकेश्वर, सन्त मंगला, झुंग मुकुटेश्वर ।
सर्लाहीकी देवी भइन् प्रातः आराध्येश्वर ॥
महोत्तरी पुग्दा छन है जलेश्वर बाबा ।
लक्ष्मीनारायण, भैरव मन्दिर, ठाकुरबाबा ॥
रानी रत्नबारा मठ त्यहींनेर पर्छ ।
ऐतिहासिक यस्ता ठाउँ दर्शन गर्न पर्छ ॥
धनुषामा धनुषा र छ जनकपुरधाम ।
राम मन्दिर जानकी मन्दिर छन हनुमान ॥
धनु सागर गंगा सागर रत्न सागर पनि ।
गरौं दर्शन जनकपुरको परिक्रमा पनि ॥
सिराहामा सहलेश मन्दिर पवित्र छ ।
शिवजी र विष्णुजीका अरू मन्दिर हुन्छ ॥
कति ठाउँमा मठ भेटिन्छन् लेखा तिन्को गरे ।
सप्तरीमा दीनाभद्री भव्य सम्मान गरे ॥
छिन्नमस्ता देवी त्यतै डाकेश्वरी त्यतै ।
राजदेवी, कंकालिनी शम्भुनाथ त्यतै ॥
भगवती बागेश्वरी विष्णु मन्दिर त्यतै ।
सप्तरीको जानकारीले भन्छ कुरा त्यस्तै ॥
मोरङमा नि मन्दिर छन् सबैतिर हेर्दा ।
काली मन्दिर, विराट मन्दिर, महादेव मन्दिर ॥
अरू मन्दिरहरू पनि दर्शन गर्न जाऔं ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
जय भनौं देवदेवी आफ्नै जय ल्याऔं ॥

CC-0.In Public Domain. Digitization by eGangotri

अर्जुनधारा, सतातीधाम झापा जिल्ला महाँ ।
कृष्ण थुम्की कीचकबध भाको ठाउँ त्यहाँ ॥
सुनसरीमा बूढा सुब्बा, पिण्डेश्वर अनि ।
शिवजटा, पञ्चकन्या, दन्तकाली पनि ॥
वराहक्षेत्र, सन्सरीमाई विष्णुपादुका र ।
विन्ध्यवासिनी मन्दिर छन् जाउँ त्यता रमाई ॥
इलाममा सतीदेवी माइपोखरी अनि ।
पाथीभरा, माईबेनीको शिवमन्दिर छ नि ॥
गजुरमुखी नारायणस्थान, भीमसेन अनि ।
सिंहवाहिनीको मन्दिरको ध्यान हुन्छ भनी ॥
ताप्लेजुङमा पाथीभरा टासी छोलुङ्ग गुम्बा ।
किकी छोलुङ्ग यांगालिङ्ग छोलुङ्ग अन्य गुम्बा ॥
जयकाली, सिंहदेवी पाँचथर पुगे ।
स्याङ्गो गुम्बा भेटिनेछ त्यहाँ जान सके ॥
जोरपोखरी महादेव रुमटेक गुम्बा ।
त्यही नै छन् दर्शन गर्न योग्य ठाउँ बन्दा ॥
तेह्रथुम, जलकन्या, पञ्चकन्या अनि ।
सिंहदेवी, गुफापोखरी, सिंहबाहिनी नि ॥
भोजपुरमा सिद्धकाली टेम्के मन्दिर पनि ।
चारढुङ्गे महादेव कालीकादेवी पनि ॥
धनकुटामा जाल्पादेवी छिन्ताङदेवी तिनै ।
शिव पाञ्चायन, पाथीभरा, निसानदेवी उनै ॥
सङ्खुवा र सभा जोड्दा मन्दिरको ठाउँ ।
मनकामना, गुप्तेश्वर, शिवधारा नाउँ ॥
सभापोखरी, सतीढुङ्गा, शिव मन्दिरहरू ।
बालेश्वर, सिद्धकाली, पाथीभरा अरू ॥
महादेव गुफा जस्ता धेरै देवी देवले ।
जिल्लाभरि ढाकेको छ ध्यान प्रजादिले ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सोलु जिल्ला स्याङ्बोचे र पाङ्बोचेको ठाउँ ।
गुम्बा ती हुन्, छेप्लुङ्ग गुम्बा केरोक गुम्बा नाउँ ॥
टासी थोक्सान, रोग्बु मन्दिर यही पर्छन् सबै ।
सोलुखुम्बु जिल्लाका यी सम्पत्ति हुन् सबै ॥
रामेछापमा पर्ने ठाउँ गौरीघाट गुफा ।
दूधकुण्ड, जय पोखरी पाँच पोखरी हुँदा ॥
खाँडादेवी, गर्ज्याङ्ग गुम्बा महादेव मन्दिर ।
बेनी महादेव यतै पर्छन् रामेछापैतिर ॥
दोलखामा पर्ने देवदेवीहरू भनौं ।
कतिपय नाम छुट्ला समयमै गनौं ॥
कालिञ्चोक भगवती, दोलखाका अनि ।
टासी गुम्बा, शैलेश्वर महादेव पनि ॥
दोगलेश्वर महादेव भीमेश्वर यहीं ।
धन्य छ यो ठाउँ सब धन्य बन्ने हामी ॥
सिन्धुलीमा भद्रकाली, कमला माई अनि ।
कुशेश्वर, सिद्धेश्वरी, कालीमाई पनि ॥
मधुगङ्गा बाबाधाम, सिद्धबाबा धाम ।
इच्छेश्वर महादेव आदि यहीँ जान ॥
सबैतिर देवदेवी काभ्रे जिल्लाभर ।
पलाञ्चोक, नमोबुद्ध, वज्रयोगिनी र ॥
ढुँगेश्वरी, कोटदेवी, भीमसेन स्थान ।
उग्रचण्डी, लोकेश्वर, वनकालीको मान ॥
नारायण मन्दिर र केदारेश्वर अनि ।
फडकेश्वर लदकेश्वर मान्य देव पनि ॥
ललितपुरमा कृष्णमन्दिर रुद्रवर्ण विहार ।
महाबौद्ध मन्दिर अनि उकु वहाँदि र ॥
हिरण्यवर्ण महाविहार, गुरुद्वारा पनि ।
अरू कति मन्दिर छन्यताउता पनि ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

भीमसेन मन्दिर बगलामुखी रातोमच्छिन्द्र र ।
महाविहार, कुम्भेश्वर अनि रत्नाकर ॥
पुण्यस्थान, पूज्यस्थान युगौंदेखि भाको ।
लालित्यले ललित छ ललितपुरादिको ॥
भक्तपुरमा न्यातपोल चाँगुनारायण ।
तौमडीस्थान दत्तात्रय डोलेश्वरनाथ ॥
भैरवनाथ, तलेजु र कैलाशनाथ पनि ।
त्यहाँ दर्शन हुन्छ अरू मन्दिरको पनि ॥
काठमाडौँमा स्वयम्भूनाथ बौद्धनाथ अनि ।
पशुपति कुमारी र हनुमान पनि ॥
कपन गुम्बा दक्षिणकाली बूढानीलकण्ठ ।
अन्नपूर्ण, काठेसिम्भु अनि महाँकाल ॥
भद्रकाली जगन्नाथ, सेतो गुम्बा अनि ।
आकाश भैरव मच्छेन्द्रनाथ तलेजुको पनि ॥
दर्शन हुन्छ इन्द्रपुर अर्धनारीश्वर ।
महेन्द्रेश्वर भाटभटेनी चाबहिल स्तूप ॥
थुप्रै यस्ता देवदेवी दर्शन हुन्छ यहाँ ।
जय जय देवदेवी सुखै सुख यहाँ ॥
सिन्धुपाल्चोक जिल्लाभरी अनेक देवदेवी ।
क्षमावती पाल्चोककी भगवती माई ॥
नोर्लिङ शोरी तौथली र गौराती भीमेश्वर ।
भैरव कुण्ड तथा अन्य देवदेवी स्थान ॥
धादिङमा सिद्धस्थान भैरवीको मन्दिर ।
नृसिंहधाम कोटदेवी शेष देव मन्दिर ॥
सदा शिव गंगा जमुना त्रिपुरासुन्दरी माई ।
विमला देवी मन्दिर त्यैं छ त्यतै जानलाई ॥
गोरखाको गोरखनाथ मनकामनाले ।
मनकामना र मुरलीधर नारायण मन्दिरले ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

भीम भैरेश्वर गोरखा कालिका गणेशको ।
सिरानचोक श्रीनाथ र विरीम कालीजीको ॥
भीमसेन मन्दिर राज गणेश अनि श्रृगी गुम्बा ।
खान्नियत रिप्चेन गुम्बा खग्यु चोलिद्गुम्बा ॥
बल्लभेश्वर राधा मन्दिर जस्ता अरू कति ।
मन्दिर छन् गोरखामा वर्णन गरौं जति ॥
लम्जुङका भीमसेन लक्ष्मी नारायण ।
तालुङ्गकोट कालिका र अन्य कति स्थान ॥
चितवनमा देवघाट रानीपोखरी र ।
विक्रमबाबा ठाकुरभारी वाल्मीकिको आश्रम ॥
अरू पनि मन्दिर छन् ठाउँ-ठाउँ खोजौं ।
धर्म कर्म गर्छु भन्ने मनभित्रै रोजौँ ॥
तनहुँमा महालक्ष्मी विन्ध्यवासिनीले ।
खड्गदेवी लुतीवराही गढेश्वर महादेवले ॥
व्यास गुफा थानी थान तीन खोले देवी ।
निर्जलामाई, गढेश्वर अनि छाब्दीबाराही ॥
मणिमुकुन्देश्वर भगवतीमाई भीमसेनादिले ।
अकलामाई ढोरबाराही सिद्धगुफादिले ॥
छिम्केश्वरी कालिकास्थान अन्य देवादिले ।
तनहुँ नै ढाकेका छन् बहुदेवादिले ॥
कास्की महाँ ताल वाराही विन्ध्यवासिनीको ।
गुप्तेश्वर, माटेपानी गुम्बा स्थानादिको ॥
शान्ति स्तूप छोलिङ गुम्बा भीमसेन मन्दिरले ।
गदेन गुम्बा, बाराही र राधाकृष्णादिले ॥
अर्घाखाँची गयो भने सुपादेउराली ।
भीमसेन, छत्रमहाराज, अर्घा भगवती ॥
पाल्पा पुग्दा गणेश मन्दिर शिवमन्दिर पुगौं ।
हृषीकेश, अमरनारायण भैरव स्थान जाऔं ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
वंशगोपाल भगवती महामृत्युञ्जय ।
माण्डव्य र रम्भादेवी सबैतिर जय ॥
शिव शिवा सबै खाले मन्दिरहरू खोजे ।
स्याङ्जामा नि भेटिने हुन् दर्शन गर्न खोजे ॥
मुख्यदेवी मानिने हुन् चण्डी कालिका र ।
गहुँकालिका, अल्मादेवी अन्य शिव देव ॥
गुल्मी पुग्दा शिव मन्दिर नर्मदेश्वर पनि ।
राधाकृष्ण मन्दिर अनि हृषीकेश पनि ॥
मणिमुकुन्देश्वर महादेव लक्ष्मीनारायण ।
श्रृङ्ग ऋषि आश्रम औ सत्येश्वर शिव ॥
रेसुङ्गाको यज्ञशाला रुरुक्षेत्र अनि ।
अन्य देवी देवताको स्थान गुल्मी पनि ॥
मुस्ताङमा मुक्तिनाथ कागवेनी अनि ।
लोगोकेर, थुप्तेन औ यारा गुम्बा पनि ॥
मेक्लिलाकाङ्ग गुम्बा त्यहाँ घासा गुम्बा त्यहीँ ।
महाकाल गुम्बा त्यहीँ रानी नाम्को गुम्बा ॥
साम्बा गुम्बा टुकुचे माने घोलस्बीर गुम्बा ।
गुम्बै गुम्बा मुस्ताङभरी ठाउँ-ठाउँमा गुम्बा ॥
मनाङमा तारे गुम्बा टासिलाकाङ्ग गुम्बा ।
मोचोबोको गुम्बा अनि मान्मे, कुण्डी गुम्बा ॥
थोर्के चेगी लेम्बा गुम्बा उग्रेन छोलिङ गुम्बा ।
थली लामा गुम्बा अनि उग्रेन थोल्चोक गुम्बा ॥
मनाङ गुम्बा पनि त्यैं छ मन्दिर साना तिना ।
गुम्बा मात्रै ठूला हुने मनाङ पनि जान ॥
चतुर्भुज पाञ्चायन दुर्गा भवानीको ।
वराह क्षेत्र खड्ग मन्दिर शिवालयादिको ॥
कालिका र पटेश्वरी, रुद्रेश्वर अनि ।
फलेवाङ्ग महादेव रोल्पा जिल्ला भरी ॥
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

रुकुममा शिवालय, देउराली गुफा ।
चतुर्भुज पञ्चायन कालिकाको स्थल ॥
प्यूठान झर्दा भेटिनेछ गणेश, भीम मन्दिर ।
शिव मन्दिर, नारायण गोरखनाथ मन्दिर ॥
स्वर्गद्वारी त्यहीँ नै छ क्षेत्रपाल त्यहीँ ।
भगवती मन्दिर त्यहीँ जाल्पा देवी त्यहीँ ॥
कालीदेवी लक्ष्मीनारायण राधाकृष्ण अनि ।
सरस्वती देवदेवी सबैतिर भनी ॥
जाजरकोटमा शिवमन्दिर तेह्र छोर्तेनहरू ।
कालिका र शिवालय, कालीदेवीहरू ॥
पाण्डवेश्वर दाङमा बसे अम्बिकेश्वरी पनि ।
बराह, छिरिंगे देवी अनि गोरक्षनाथ पनि ॥
चौघेराको मन्दिर छ, रत्ननाथ अनि ।
पिपरीको शिवालय गोरखनाथ पनि ॥
माधुर्यदेवी कति अरू देवदेवीहरू ।
जिल्लाभर भेटिनेछन् वर्णन कति गरुँ ?
सल्यानको खैरावाङ छाया क्षेत्र अनि ।
गंगामाता, त्रिवेणीधाम शिवगुफा पनि ॥
सल्यानमा छत्रेश्वरी, अन्य देवदेवी ।
रहेका छन् दर्शन गर्न जानु हुने गरी ॥
शिव मन्दिर जुम्लामा छ कनक सुन्दरी नि ।
द्वित्री देवल त्यहीँ नै छ द्वादशा चैत्य पनि ॥
भैरवनाथ, कालिका र भगवान् देवल ।
अर्चयाली देवलको ठाउँ यै हो सबल ॥
कालीकोटमा भवानीको मन्दिर छ ठूलो ।
एक देवल दुई देवल पञ्च देवलको ॥
धर्म मष्टो गणेशमूर्ति शिवनाथ पनि ।
कालीमन्दिर गोला बौद्ध स्तुपादिको पनि ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

बार्है मस्टो विष्णुमूर्ति यै जिल्लामा पर्छ ।
अरू कति देवदेवी यतै खोजे हुन्छ ॥
तिहार गुम्बा छायाँनाथ मुगु जिल्लाभित्र ।
फलम गुम्बा थार्पा मष्ट हुने यसैभित्र ॥
सेडोक गुम्बा, दौरा गुम्बा छट्टै गुम्बा पनि ।
वचन लोचोक गुम्बा रारा शिव पनि ॥
यै जिल्लाका सम्पत्ति हुन् पूजा आजा गर्ने ।
आराध्यको ध्यान हुने ज्यान आफ्नो बन्ने ॥
म्याग्दीमा छ मालिका र बेनी शिवालय ।
गलेश्वर धाम अनि पुला जगन्नाथ ॥
गिद्धेश्वर कुण्ड त्यहीँ पुलस्त्यको बास ।
लक्ष्मीनारायण पनि त्यहीँ, त्यही अरू साथ ॥
बाल मुकुटेश्वर अनि कुरिला महारानी ।
म्याग्दीका ती सम्पदा हुन् सम्झनाका खानी ॥
बाग्लुङ काली पाँचकोट धाम नर्सिङ कोट ।
दुर्गामन्दिर, जंगेश्वर अनि खड्गकोट ॥
बाग्लुङका सम्पदा ती रक्षा गर्नुपर्ने ।
ध्यान, पूजा, पाठ गरी सम्मान गर्नुपर्ने ॥
सुर्खेतमा शिव मन्दिर, काँक्रेविहार र ।
देउती बज्यै पादुकास्थान अन्य वरपर ॥
देवदेवी अनेक छन् खोजी पस्नुपर्ने ।
जप, पाठ, पूजा गरी ध्यान गर्नुपर्ने ॥
दैलेखमा पञ्चदेवल नाभीस्थान पनि ।
नाराणस्थान, महवुधाम चामुण्डाजी अनि ॥
विन्द्रासैनी, शीर्षस्थान पत्थर नौलीहरू ।
बटुकभैरव, तियाडीस्थान, धुलेश्वरहरू ॥
कोटिलास्थान यहीँ पर्छ ध्यान योग्यभूमि ।
हुम्लामहाँ कपुरनार्थ छिमिक गुम्बा पनि ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

न्यौतद गुम्बा, मष्टमाडौं कुञ्जुमाको गुम्बा ।
हालिजी गुम्बा टुँगार छ्योजोङ रलिङको गुम्बा ॥
लिमी द्वार बोनभ्झाँक्री मन्दिर त्यहीँ नै छ ।
ऐतिहासिक यस्तो ठाउँ घुम्न जान पर्छ ॥
सेगुम्बा र मगद गुम्बा डोल्पामा नै पर्छ ।
थिका गुम्बा, चन्द्रल गुम्बा, धक्कर गुम्बा पर्छ ॥
रेबुम्बा र छ्यालायारी, मष्टो भवानीको ।
हरिकीर्तन स्थान यै छ त्रिपुरा सुन्दरीको ॥
मालिकार्जुन दार्चुलामा लाटिनाथ त्यहीँ ।
गल्ला केदार त्यहीँ पर्छ नारायण आश्रम त्यहीँ ॥
आदि कैलाश त्यहीँ नै छ त्यहीँ अरू स्थान ।
दार्चुलाका सम्पदा ती गरौं सबै मान ॥
मेलौली र जगन्नाथ बैतडीमा गए ।
गौरा मन्दिर अन्य देवल जतातते भए ॥
त्रिपुरा सुन्दरी दिलासैनी भगवती त्यहीँ ।
देहीमाण्डौं त्यहीँ नै छ गंगाधाम त्यहीँ ॥
निगालसैनी त्यहीँ नै छ भतानाका शिव ।
पातालका भुवनेश्वर बैतडीका शोभा ॥
मायावती, खप्तडधाम, डडेलधुरा पर्छ ।
ध्वज मन्दिर, उग्रतारामा बाराही पर्छ ॥
नारायण आश्रम, दिव्यपुर्का मणिलेक अनि ।
जगन्नाथ, हाटगाउँ कटौली देवल पनि ॥
निल्पनल, गोटेलदेवी, बुढी घटाल र ।
देगेश्वरी, दूधेश्वरी डडेलधुरामै छ ॥
शैलेश्वरी मालिका र बडी मालिकाको ।
स्थान डोटी बुझिलिनु कोत भैरवको ॥
शिव मन्दिर, सरस्वती, दिलिपेश्वर शिव ।
खप्तडधाम यतै पर्छ जय सदा शिव ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

बभ्काङमा जाल्पादेवी बन्नीमष्टो त्यहीँ ।
देवलवाज धन्तर मष्टो पनि हुने त्यहीँ ॥
शैलेश्वरी, कोटीभैरव, कालिकाको ठाउँ ।
मष्टो अनि इहासैनी माडुहरूको गाउँ ॥
मष्टदेवी सुर्मादेवी अन्य देवदेवी ।
बभ्काङमै रहेका छन् धन्यधान्य भई ॥
बाजुरामा खप्तड धाम नाटेश्वरी पर्छ ।
बडीमालिका चन्द्रनाथ पानेखित मष्ट ॥
मुंग्रादेवी त्यहीँ नै छ कैलाशमान्डू त्यहीँ ।
भवानीमान्डूं त्यहीँ नै छ अन्य मन्दिर त्यहीँ ॥
खोटाङमा टयाम्के देवी मारातिका गुम्बा ।
हलेसी र धोद्रेश्वर महादेवजस्ता ॥
देवदेवी मन्दिरको धनी हो यो ठाउँ ।
कालिका र वराह पोखरी यतै हुने नाउँ ॥
ओखलढुङ्गे टोलु गुम्बा चम्पादेवी पनि ।
कालीदेवी, जोगेश्वर चण्डीस्थान अनि ॥
रघुविश्वेश्वर देव किल खोर्दिङ गुम्बा ।
यै जिल्लाका सम्पदा हुन् अन्य नामी गुफा ॥
रौतामाई उदयपुर चुरियामाई पनि ।
इन्द्रेश्वर त्रिवेणीधाम जता गए पनि ॥
विन्ध्यवासिनी अनि अरू देवदेवीहरू ।
उदयपुर जिल्लामा छन् वर्णन कति गरौं ॥
रसुवामा गोसाइँकुण्ड शेर्पा गुम्बा त्यहीँ ।
अन्य गुम्बा त्यहीँ नै छन् कालिकास्थान त्यहीँ ॥
जाल्पादेवी नुवाकोट भैरवीको ठाउँ ।
दरबारभित्रै मन्दिर छ गन्यमान्य ठाउँ ॥
पर्वतमा सत्यनारायण धनेश्वर अनि ।
गिद्धेश्वर, पुवानेश्वर, दुर्गा भगवती ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दुर्लुङकोट, कालिकोट देवीहरू हुने ।
पैंयुँकोट, धुवाकोट कोट देवी हुने ॥
कामधेनु मन्दिरको ठाउँ पनि त्यै हो ।
अन्य देवदेवी स्थान गन्ती गरे भैगो ॥
चुरियामाई मकवानपुरमा पाथीभरा त्यहीँ ।
गुम्बा डाँडा त्यहीँ नै छ भुटनदेवी त्यहीँ ॥
मकवानपुरे गढीमाई तलेजुकी देवी ।
गणेश मन्दिर शिवालय चैत्य लिछ्छिवीकी ॥
चिलेछ्याको चैत्य त्यहीँ कृष्ण मन्दिर त्यहीँ ।
भीम मन्दिर त्यहीँ नै छ देवदेवी त्यहीँ ॥
जिल्लैपिच्छे कति अरू देवदेवी होलान् ।
त्यहीँ पुग्दा अरू कुरा जान्न पाइएलान् ॥
हर मन्दिरका इतिवृत्ति सजिलरी जान्न ।
खोज्न थालौं इतिहास गुम्बा मठ घुम्न ॥
थालौं हामी खोजी गरौँ प्रत्येकको सत्य ।
बुझ्ने अनि बुझाउने काम गरौँ भव्य ॥
चाहे हामी हिन्दू भनौं, भनौं बौद्धमार्गी ।
चाहे हामी किराँती हौ चाहे सनातनी ॥
चाहे आफ्ना पहिचानी धर्म यो हो भनौं ।
नेपाली हौं पैले हामी सबै यही बुझौं ॥
धर्म हेरी बाँडिनुले टुक्रिने हौं हामी ।
त्यस्तो गर्नु घात हुन्छ सत्य यही मानी ॥
फरक जानौँ एक अर्काको समानता जानौँ ।
फरकलाई मान गरौँ समानता भजौं ॥
त्यै भजाइको नेपाल हो नेपाली भै बाँचौ ।
नेपाली भै हाँसौं हामी नेपाली भै नाचौं ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

हिमवत् आर्ष प्रज्ञा
ललितपुर, नेपाल
www.himavat.org

ISBN 978-9937-1-1230-7
9 789937 112307

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal